# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बैजनाथ गाउँपालिका
## बाँके

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बैजनाथ गाउँपालिका
## बाँके

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

बैजनाथ गाउँपालिका

बाँके

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

लुम्बिनी प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. १००

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

बैजनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

बाँके ।

१. **कैफियत सहितको राय** — हामीलेपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. १० करोड १३ लाख ५२ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. २५ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ५२ लाख २३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ८० लाख २० हजार, नियमित गर्नुपर्ने रु. ६ करोड ९ लाख ९६ हजार, पेश्की बाँकी रु ७० लाख ८८ हजार समेत गरी यस वर्ष रु. १० करोड १३ लाख २७ हजार बेरुजू कायम रहेको छ ।गाउँपालिकाको गतवर्ष सम्मको रु. १६ करोड ४३ लाख २९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. २६ करोड ५६ लाख ५६ हजार रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने बैजनाथ गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी बैजनाथ गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(घनश्याम पराजुली )**
**नायब महालेखापरीक्षक**

## बैजनाथ गाउँपालिका, बाँके जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ६१ | १९७ | १०१३५२ | ० | १ | २५ | ६१ | १९६ | १०१३२७ | ५२२३ | ६०९९६ | २८०२० | ० | ० | ८९०१६ | ७०८८ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बैजनाथ गाउँपालिका, बाँके जिल्ला | १६४३२९ | ० | ० | १६४३२९ | ० | १०१३२७ | २६५६५६ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | ०७९।८० | ५२ | प्रमाण पेश | २४६६९ |
| | चालु वर्षको जम्मा | | | २४६६९ |
| | गत विगत वर्षतर्फको | | | |
| | २०७८।७९ | | | ० |
| | २०७७।७८ | | | ० |
| | गत विगतको जम्मा | | | ० |
| | कुल जम्मा | | | २४६६९ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

१ **परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाँउपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ८ वडा, ४३ सभा सदस्य वर्ग किलोमिटर क्षेत्रफल तथा ६९२०२ जनसंख्या रहेको छ ।

२ **लेखापरिक्षण उद्देश्य-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

३ **लेखापरीक्षणको क्षेत्र र अवधि-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।९।११ देखि २०८०।९।१६ सम्म रहेको छ ।

४ **लेखापरीक्षण सीमा-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

५ **लेखापरीक्षण विधि-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

६ **संचित कोष-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाँउपालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय/व्यय हिसाबको आर्थिक वर्ष २०७९/८० को कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।

| विवरण | टिप्पणी | यस वर्ष रु. |
|---|---|---|

| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
|---|---|---|---|---|---|
| प्राप्ती (क+ख) | | ९४३९४७१०६.६१ | ७०९९३३१०४.३५ | | ७०९९३३१०४.३५ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ९२३११२१२५.४५ | ६८१४९१८९५.७७ | ० | ६८१४९१८९५.७७ |
| ११००० कर | ११ | १६८४८६०००. | १२९५९०४९७.३३ | ० | १२९५९०४९७.३३ |
| १३००० अनुदान | | ५७१२८००००. | ५२५३९३२०८.७८ | ० | ५२५३९३२०८.७८ |
| संघीय सरकार | १२ | ५२७३९८०००. | ४८६६६०९०३.७८ | ० | ४८६६६०९०३.७८ |
| प्रदेश सरकार | १२ | ४३८८२०००. | ३८७३२३०५. | ० | ३८७३२३०५. |
| १४००० अन्य राजस्व | | ३३१३००००. | २५३४५१८९.६६ | ० | २५३४५१८९.६६ |
| १५००० विविध प्राप्ति | | ७०००००. | ११६३०००. | ० | ११६३०००. |
| ३२००० वित्तीय सम्पत्ति | | १४९५१६१२५.४५ | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | २०८३४९८१.१६ | २८४४१२०८.५८ | | २८४४१२०८.५८ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० |
| कोषहरु | | २०८३४९८१.१६ | २०१९२२६९.५८ | ० | २०१९२२६९.५८ |
| धरौटी | | ० | ८२४८९३९. | ० | ८२४८९३९. |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ९३९४३०९८१.१६ | ७६८९९३९७१.११ | | ७६८९९३९७१.११ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ९१८५९६०००. | ७५८३७०२७०.६१ | | ७५८३७०२७०.६१ |

| | | | | | |
|---|---|---|---|---|---|
| २१००० पारिश्रमिक / सुविधा | १८ | २०८८८२०००. | १९४४०८२०२.१९ | ० | १९४४०८२०२.१९ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | २४७१५२०८०. | १८५१५८०३४.४२ | ० | १८५१५८०३४.४२ |
| २५००० सहायता (Subsidy) | १८ | २००००० | २००००० | ० | २००००० |
| २६००० अनुदान | १८ | ८२३१७०००. | ७२४४८८०८. | ० | ७२४४८८०८. |
| २७००० सामाजिक सुरक्षा | १८ | ६९८१०००. | ६९७९९०२. | ० | ६९७९९०२. |
| २८००० अन्य खर्च | १८ | १५०००००. | ११७४८००. | ० | ११७४८००. |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३७१५६३९२०. | २९८०००५२४. | ० | २९८०००५२४. |
| घ. अन्य भूक्तानी | | २०८३४९८१.१६ | १०६२३७००.५ | | १०६२३७००.५ |
| कोषहरु | | २०८३४९८१.१६ | ६२८४८१४.५ | ० | ६२८४८१४.५ |
| धरौटी | | ० | ४३३८८८६. | ० | ४३३८८८६. |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | ४५१६१२५.४५ | -५९०६०८६६.७६ | | -५९०६०८६६.७६ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १७८८८९२०९.१३ | | १७८८८९२०९.१३ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ४५१६१२५.४५ | ११९८२८३४२.३७ | | ११९८२८३४२.३७ |

| | | | | | |
|---|---|---|---|---|---|
| बैंक तथा नगद बाकी | २४ | | १०,१६,२२,५२५.२७ | | १०,१६,२२,५२५.२७ |

७ **आर्थिक कारोबारको स्थीति-** कार्यालयको , आय — व्ययतर्फ रु. ११९८२८३४२.३७, को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

८ **अन्तर वित्तीय अनुदान-** पालिकाले पेश गरेको वित्तिय प्रतिवेदनमा समावेश नभएका अन्य खर्च शिर्षकहरु निम्नानुसार छन् ।

| कार्यक्रमको नाम | प्राप्ती | खर्च |
|---|---|---|
| भाषा तथा सँस्कृति | ९९७६०० | ९९७६०० |
| एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १७५७२००० | १७५७२००० |
| गरिवसँग विश्वेश्वर कार्यक्रम | ४६५००० | ४६५००० |
| सामाजिक सुरक्षा | २२९७९०१०९.६९ | २२९७९०१०९.६९ |
| जम्मा | २४८८२४७१० | २४८८२४७१० |

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

९ **गाडी भाडा** (१०९-२०७९-८-८):- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यवस्था छ। ।पालिकाले गाडिभाडा बापत रु ७०२०० खर्च लेखेकोमा गाडी कुन प्रयोजनका लागि भाडामा लिएको हो सो संग सम्बन्धित कागजात पेश नभएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७०,२०० |

१० **सरुवा भम्रण भत्ता** (५७-२०७९-६-१३):- भम्रण खर्च नियमावली २०६४ को नियम ९ अनुसार कुनै पदाधिकारी वा कर्मचारी सरुवा, बढुवा वा कायम मुकायम मुकरर भई एक जिल्लाबाट अर्को जिल्लामा जादा यस नियमावली बमोजिम दैनिक भम्रण भत्ता र भ्रमण खर्च पाउने व्यवस्था रहेको छ । पालिकाले काजमा कामकारवाही गर्न खटाइएका प्रमुख प्रशासिकय अधिकृत श्री गंगाराम साप्कोटालाइ काजमा आउदा पारिवारिक भ्रमण वापतको एकमुस्ट रु २४००० र सवारी साधन भाडा भनी रु १६००० गरी ४०००० भुक्तानी गरेको देखियो। काजमा आएको कर्मचारीलाइ पारिबारिक भ्रमण भत्ता दिने ब्यवस्था नभएको हुदा असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,००० |

११ **कार्यविधि विपरित खरिद** (६४-२०७९-९-२४):- प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएको कृषि विकास कार्यक्रम संचालन सम्वन्धि कार्यविधि, २०७८ को कार्यक्रम नं २० अनुसार खायन आलु विकास

कार्यक्रमको लागि विनियोजित बजेट बाट उन्नत विउ, मल बाली संरक्षण, आलु भण्डार, कृषि औजार एंव उपकरण खरिद गर्न सकिने व्यवस्था रहेकोमा कार्यविधिमा व्यवस्था नभएको डिजिटल तराजु खरिद गरेको भनी खायन आलुको विउ वितरण गरेको वडा नं ७ भन्दा बाहिरका वडामा वडा सचिवहरुलाई वितरण गरेको भनी ऋषिराम ट्रेडर्सको रु १२०००० को विजकको आधारमा गो भौ नं ६४।०७९।९।२४ बाट रु. १२०००० कार्यविधि विपरित खर्च लेखेको हुदा उक्त खर्च नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,२०,००० |

१२ **आलु उत्पादन कार्यक्रम** (४८-२०७९-९-८):

- पालिकाले खायन आलु उत्पादन कार्यक्रम संचालन गरे बापत साथी सिड कम्पनी प्रा ली लाई रु. ६६२६२० भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) पालिकाले कार्यक्रम संचालन गर्नुपुर्व उक्त समूहको परीक्षण गरी वास्तविक रुपमा कति क्षेत्रफल हो सो को माटो परीक्षण गरी कुन बालीको लागि उक्त जमिन उपयुक्त छ । सो कुराको यकिन गरी संचालन गरिने क्रियाकलापको लागत अनुमान तयार गरी कुन कुन क्षेत्रमा सम्वन्धित समूह र कुन कुन क्षेत्रमा पालिकाको लगानी हुने हो सो कुरा प्रष्ट उल्लेख गरी कार्यदेश दिनुपर्नेमा सो नगरी सम्वन्धित समुहले अध्ययन वेगर तयार गरेको लागत अनुमानमा पालिकाले सहमति दिएको कारण संचालित पकेट कार्यक्रम लक्ष्य केन्द्रित भयो भन्ने यकिन गर्ने आधार भएन ।

ख) विउ उत्पादक समूह साथी सिड कम्पनी प्रा लि ले ४ पटक नेपाल सरकारबाट मान्यता प्राप्त विउ निरीक्षकबाट खडा बाली परिक्षण गरेको प्रमाण पेश गरी भुक्तानी दिनुपर्नेमा सो नगरी भुक्तानी दिएकोले प्रा.लि बाट प्राप्त बिउबाट कट्टषकको उत्पालनमा भएको बृद्धि र सकारात्मक प्रभाव देखिए नदेखिएको सम्बन्धमा पालिकाबाट स्थलगत अनुगमन गरी प्रतिबेदन लिनुपर्ने देखियो।

ग) प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएको कृषि विकास कार्यक्रम संचालन सम्वन्धि कार्यविधि, २०७८ को कार्यक्रम नं २० अनुसार खायन आलु उत्पादनको लागि न्यूनतम १० हेक्टर जनिममा कार्यक्रम संचालन गर्ने आलु समुह तथा फर्मालाई यो कार्यक्रम अनुसार कुल लागत अनुमानको लागि बढीमा ५० प्रतिशत सम्म अनुदान उपलव्ध गराउनुपर्नेमा सो सम्वन्धि कुनै सुचना प्रकासन नै नगरी सिधै कम्पनी छनौट गरी कार्यदेश दिने कार्य नियमित देखिएन ।

घ) आलुको विउ ३० देखि ४० सि एम को विउ प्रति रोपनी ७५ देखि १०० के जि सम्म विउ लाग्ने आवस्यक पर्नेमा पालिकाले न्यूनतम १० हेक्टर जमिन भएको समूह वा फर्मलाई छनौट नगरी वडा नं ७ का ३९ जनालाई विउ वितरण गरेको भनी भुक्तानी दिएको कार्य नियमसम्मत नभएको हुदा आगामी दिनमा वितरणमूखि भन्दा पनि कार्यविधि अनुसार व्यवसायिक खेति गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१३ **सेनटरी प्याड वितरण** - सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि२०७६ मा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्वन्धीत स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा बढीमा प्रति विद्यार्थी १६ वटा सेनेटरी प्याड वितरण गर्ने गरी सम्वन्धीत विद्यालयको महिला शिक्षक वा कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रकृया सुचारु गरी तेस्को भरपाई तयार गरी अर्को महिनाको ७ गते सुचना पार्टिमा विवरण टास्नु पर्ने व्यवस्था उल्लेख गरेको छ । गाँउपालिकाले उक्त प्रकृया पुरा नगरी यस वर्ष उक्त शिर्षकमा गो भौ २६।०७९।८।१६ बाट महालक्ष्मी ट्रेड अर्डर एण्ड सप्लायर्स र रारा हाइजिनिक प्रोडक्सन प्रा ली बाट रु. १९५२३७७ र गो भौ नं ३४।०७९।८।१६ बाट रारा हाइजिन प्रोडक्ट्स प्रा ली बाटरु. ९७६९०४ गरी कुल रु २९२९२८१ को खरिद गरेको देखियो। । प्रतिष्पर्धालाई सीमित गर्ने गरी टुक्रा टुक्रा पारी जम्मा छात्राको संख्या भन्दा बढी परिमाणमा खरिद गरेकोले कार्यक्रमको उद्देश्य अनुरुप शिक्षाको गुणस्तरमा टेवा पुगेको/नपुगरेको भन्न सकिने आधार देखिएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोरा निम्न छन् ।

क) पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु संख्या यकिन गरी पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा छात्राको कक्षागत बिबरण नलिइ खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ । खरिद गरी मौज्दातमा रहेका प्याड बिद्यालयमा छात्रा संख्याको आधारमा हस्तान्तरण गरेको प्रमाण पेश गर्नुपर्ने रु

ख) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ अनुसार २५ लाख सम्मको औषधिजन्य मालसामान वा नेपालमा उत्पादित मालसामान त्यस्तो मालसामानको उ्पादकले राष्ट्रीय स्तरको समाचारपत्रमा सुचना प्रकाशन गरी तोकेको बिक्री मुल्यमा सोझै खरिद गर्न सकिने र त्यो भन्दा माथीको खरिद कार्य गर्दा वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा १० लाख भन्दा सानो टुक्रा गरी सोझै खरिद गरेको नियमित देखिएन।

ग) ल्याव टेष्ट गरेरमात्र गुणस्तरीय प्याड वितरण गर्नुपर्नेमा सो नगरी खरिद कार्य गरेकोले आगामी दिनमा आपूर्तिकर्ताले निर्यात गर्ने सामाग्रीको नेपाल सरकारको मान्यताप्राप्त ल्यावबाट क्यालिटि परीक्षणको प्रतिवेदन प्राप्त भइसकेपछिमात्र सप्लायर्सलाइ भुक्तानी गर्नुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २९,२९,२८१ |

१४ **भम्रण आदेश** - भम्रण खर्च नियमावली २०६४ को नियम ६ अनुसार सरकारी कामको सिलसिलामा मुलुकभित्र भम्रण गर्नु कार्यको लागि नियमावली अनुसार दैनिक भम्रण भत्ता भुक्तानी हुने र नियम ४ अनुसार भम्रण किफायती हुनुपर्ने व्यवस्था रहेको छ । पालिकाले कर्मचारीलाई भम्रण आदेश बापत भुक्तानी दिदा कार्य प्रयोजन नखुलेको अवस्थामा समेत दैनिक भम्रण भत्ता भुक्तानी भएको देखिएको हुदा भ्रमण आदेशमा भ्रमणको उद्येश्य खुलाइ उद्येश्य अनुसारको कार्य भएको खुल्नेगरी भ्रमण प्रतिबेदन लिएर मात्र भ्रमण भत्ता भुक्तानी गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१५ **कार्यमुल्याङ्कन भन्दा बढी भुक्तानी** (३९१-२०८०-३-१५):- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यवस्था छ। पालिकाको समपुरक कोषबाट कम्तिमा ५० प्रतिशत साझेदारी हुने गरि सुनगाभा सामुदायिक वन उपभोक्ता समुह लाइ रु २१६३७२ कार्य मुल्यांकन गरी रु १९३००० भुक्तानी गरेको छ। पेश भएको कार्य मुल्यांकन अनुसार रु २१६३७२ मुल्यांकन रकमको कम्तिमा ५० प्रतिशत रु १०८१८६ भुक्तानी गर्नुपर्नेमा बढि भुक्तानी भएको रु ८४८१४ असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८४,८१४ |

१६ **बढी भुक्तानी** (२९३-२०८०-२-३):- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यवस्था छ। बनकटवा खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाइ ज्योति स्कुलभित्र रहेको खानेपानी पाइप निकालेर सोही ठाउमा बिच्छाउने कार्यको रु ५३५१४ मुल्यांकन गरी रु ४९५०० भुक्तानी गरेकोमा पुरानो पाइप खनेर निकाली सकेपछि सोही पाइप उक्त स्थानमा बिच्छाउदा पुन थप खन्ने कार्य १७.२२ घ. मि. को प्रति घ .मि. रु ५१५.८२ को दरले बढि भुक्तानी भएको देखिएकोले असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,८८२ |

१७ **अध्यक्षलाइ अख्तियारी दिइ टुक्रा खरिद-** स्थानियसरकार सन्चालन ऐन २०७४ बमोजिम स्थानिय तहको प्रमुख गाउपालिका अध्यक्षले गाउसभाबाट स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयनका लागी प्रमुख प्रशासकिय अधिकृतलाइ आर्थिक बर्षको शुरुमा नै अख्तियारी दिएकोमा २०७९ साल फाल्गुण १८ गतेको गाउ कार्यपालिकाको बैठकको निर्णयले गाउपालिकाका अध्यक्षलाइ मर्मत संभारको बजेटबाट प्रति योजना रु ५ लाख सम्मका योजनाहरु सिधै सम्झौता गर्ने अख्तियारी प्रदान गरी बिभिन्न वडाका १६ बटा योजनाहरुमा पालिका भित्रका बिभिन्न स्थानका अत्याबश्यक ठाउँमा मर्मत संभार तथा निर्माण सम्बन्धि कार्यक्रम संचालन गर्ने गरी अबन्डा राखेको बजेटबाट निम्नानुसार रु ६२५१६४२ बिभिन्न निर्माण ब्याबसायिबाट सोझै कार्य गराइ भुक्तानी गरेको देखियो। प्रमुख प्रशासकिय अधिकृतलाइ अख्तियारी दिएकोमा पुनः कार्यपालिकाको बैठकले अध्यक्षलाइ योजना छनौट गर्ने अधिकार दिइ प्रतिश्प्रधा बेगर सोझै खरिद कार्य गरेको नियमित नदेखिएको रु

| गो भौ मिति | योजनाको नाम | निर्माण ब्याबसायी | भुक्तानी रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ३५५- २०८०।३।५ | रत्न राजमार्ग देखि थल बहादुर घर हुदै बैदारपुर जाने बाटो ग्राभेल | उज्जवल निमार्ण सेवा | ५२५२०० |
| ३६५- २०८०।३।९ | सिचाइ बोरिङदेखि समसानघाट जाने शान्तिटोलमा पक्की नाली निर्माण | सुरेन्द्र निर्माण सेवा | ४९४५०० |
| ३६६- २०८०।३।९ | भट्टीटोल हरि रानाको घरदेखि गिता नेपालीको घर सम्म पक्की नाली निर्माण | महादेव झयारी निर्माण सेवा | ४९४३०० |
| ३५७- २०८०।३।५ | नौलापुर गाउको भित्र मन्दिरदेखि नागपोखरिसम्मको काटो पटान | एल. एम . पि . कन्ष्ट्रक्सन | ६४६५८९ |
| ३४४- २०८०।२।३२ | आधारभुत स्वास्थ्य केन्द्रदेखि जेठीनाला हुदै गाउसम्मको सडक मर्मत | के. एण्ड के . कन्स्ट्रक्सन | ५०६००० |
| ४१०- २०८०।३।१९ | बैरहवा बर्थिङ सेन्टरदेखि नौबस्ता गाउ सम्मनो थप कार्य | खुशी विल्डर्स | २९७१०० |
| ३९५- २०८०।३।१६ | गुनापुर खानेपानीको पाइपलाइन बिस्तार | जय कालिका निर्माण सेवा | २९७७९३ |
| ४०१- २०८०।३।१७ | हात्तिमुढा हुदै टाइल भट्टा र पुल्चोक हुदै मदनिया जाने सडक ग्राभेल | लखनामरी माता कन्स्ट्रक्सन प्रा . ली . | ४९९३०० |
| ३७६- २०८०।३।१३ | बेलडाडि भोजेन्द्रको घरदेखि नैनसिङ खत्रिको घरसम्म ग्राभेल | बि . एल . एन . कन्स्ट्रक्सन प्रा . लि . | ४९६६१९ |
| ३८२- २०८०।३।१३ | वडानं २ को गुम्बादेखि राम बहादुरको घरसम्म ग्राभेल | जय कालिका निर्माण सेवा | ४९८००० |

| | | | |
|---|---|---|---|
| ३८४- २०८०।३।१३ | चौफेरी झोपु र रियारपुरदेखि नेपालग्यास जानेबाटो ग्राभेल | समिप निर्माण सेवा प्रा . लि . | ३३५११० |
| ३७५- २०८०।३।१९ | कार्यपालिकाको निर्णय अनुसार कोटेशनको कार्य | अनेक कन्स्ट्रक्सन प्रा . लि . | ३२०३०० |
| ३८८- २०८०।३।१५ | गुरुवा गाउको अधुरो नाली निर्माण | उपभोक्ता समिति | २५०००० |
| | मुन्नाथारुको घरदेखि कल्भर्ट हुदै लल्लुठ्ठारुको घर सम्म सडक ग्राभेल | | ४९९१६३ |
| | छगडिपुरमा पक्की नाली निर्माण | | ५००००० |
| | पकुवा नालामा कुलो खन्ने तथा मर्मत | | १३०००० |
| | पेडारी भित्रि गाउमा ठेक्का भएको बाटोमा थप ग्राभेल | | २००००० |
| | जम्मा | | ६९८९९७४ |

| | |
|---|---|
| अनियमित भएको | ६९,८९,९७४ |

१८ **दोहोरो भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाले sms top-up शिर्षकमा समय टेक्नोलोजी प्रा.लि.लाई रू १६९५० भुक्तानी गरेको छ । कर्मचारीले मासिक रुपमा संचार सुविधा लिएको अवस्थामा समेत एस.एम.एस. टपअपमा भुक्तानी गरेको रकम असुल गरी दाखिला गर्ने प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,९५० |

१९ **सवारी भाडा** - अर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायीत्व नियमावली २०७७ बमोजिम भुक्तानी दिंदा रित पुगे नपुगेको चेक जाँच गरि भुक्तानी दिने व्यवस्था छ। पालिकाले जिल्ला दररेट र स्वीकृत दर बेगर गाडि प्रयोगको पुष्टी हुने प्रमाण बेगर सवारी भाडामा खर्च लेखेको देखियो। दररेट स्वीकृत गरी मितव्ययी तवरले खरिद विधि अनुसार भुक्तानी गर्नुपर्दछ।

| भौ नं. मिति | शिर्षक | भुक्तानी लिने | रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १०९।२०७९।०७।२८ | १३ दिन कार्यालय प्रयोजनका लागि दैनिक रु ६००० का दरले गाडिभाडामा | विरेन्द्र बुढा | ७८००० |
| ४७६।२०८०।२।५ | योजना अनुगमनका लागि | दुर्गा बहादुर खड्का | १५०००० |
| ५७७।२०८०।३।४ | कार्यालय प्रयोजनका लागि | खिलल बहादुर डाँगी | १५०००० |
| ७५२।२०८०।३।२४ | मासिक १३५०००का दरले २ महिनाको लागि भाडामा लिईएको | सुरेश चौधरी | २७०००० |
| | जम्मा | | ६४८००० |

सैद्धान्तिक बेरुजु

२० **प्रयोजिन विहिन बैठक भत्ता** - लुम्बिनी प्रदेश, सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को दफा ४ (ख) बमोजिम स्पष्ट विषयबस्तु र कार्ययोजना बिनाको बैठकमा भत्ता प्रदान गर्नु हुदैन, साथै दफा ४ (ग) बमोजिम एउटै निकाय र अन्तर्गतका पदाधिकारी तथा कर्मचारी मात्र सहभागी भई बैठकमा भत्ता प्रदान गर्न पाईने छैन उल्लेख छ। नमुना छनौट गरी परीक्षण गर्दा वडा कार्यालयहरूको मासिक बैठकमा स्पष्ट प्रयोजन र विषयवस्तु नखुलेको अवस्थमा समेत बैठक भत्ता भुक्तानी गरेको देखियो। यस्तो भत्ता भुक्तानीमा रोक लगाउनुपर्दछ।

| | |
|---|---|
| वडा नं. ५ को बैठक निर्णयः श्रावण १- सामाजिक सुरक्षा कार्यक्रमको लाभग्राहीको नविकरण सम्बन्धमा, श्रावण २- जग्गा वर्गिकरण सम्बन्धमा, श्रावण ८-विपद् व्यवस्थापन समिति। वालअधिकार समितिको गठन सम्बन्धमा भाद्र १०- वडास्तरीय भुमिहिन तथा अव्यवस्थित वसोबास व्यवस्थापन सहजिकरण समितिको गठन सम्बन्धमा, भाद्र १६- उपभोक्ता समिति गठन सम्बन्धमा, भाद्र १९- मर्मत सम्हार तर्फका योजना छनौट तथा बजेट विनियोजन सम्बन्धमा | ३०००० |
| (५ जना पदाधिकारी।कर्मचारीको ६ बैठकमा प्रतिव्यक्ति प्रतिवैठक रु १००० ले भुक्तानी भएको) | |

| | |
|---|---|
| वडा नं. २ को बैठकः श्रावण १ सामाजिक सुरक्षा भत्ता नविकरण सम्बन्धमा, श्रावण ९ जग्गा बर्गिकरण गरी पठाउने सम्बन्धमा, श्रावण २० सामाजिक सुरक्षा भत्ता वितरण सम्वन्धमा, भाद्र १७ सहजिकरण समितिको गठन सम्बन्धमा, भाद्र १९ उपभोक्ता समिति गठन सम्बन्धमा, भाद्र २२ मर्मत संहार गर्ने सम्बन्धमा, असोज १२ गहुँको मल विउ माग गर्ने सम्बन्धमा, असोज १४ विजयादशमीको शुभकामना दिने निर्णय गर्न बसेको बैठक, असोज ३० उन्नत जातको विउ माग गर्ने सम्बन्धमा । | ५४००० |
| (६ जना पदाधिकारी।कर्मचारीको ९ बैठकमा प्रतिव्यक्ति प्रतिवैठक रु १००० ले भुक्तानी भएको) | |
| वडा नं. ३को बैठकः श्रावण १ सामाजिक सुरक्षा भत्ता नविकरण सम्वन्धमा, श्रावण २२- लेनदेन प्रमाणित रेकर्ड राख्ने सम्बन्धमा, श्रावण २६- सामाजिक सुरक्षा भत्ता लाभग्राही डाटा इन्ट्री सम्बन्धमा, भाद्र २- सामाजिक सुरक्षा भत्ता नविकरण सम्वन्धमा, भाद्र ५- कृषि उपज बजारको डिपिआरको कार्यक्रम पेश गर्ने सम्बन्धमा, भाद्र २०- उपभोक्ता समितिको गठन सम्बन्धमा, असोज ४- सामाजिक सुरक्षा भत्ता लाभग्राही डाटा इन्ट्री सम्बन्धमा, असोज ६-कोटेशन खोल्ने सम्बन्धमा, असोज २६- सामाजिक सुरक्षा भत्ता लाभग्राही डाटा इन्ट्री सम्बन्धमा तथा गहुँको विउ माग गर्ने सम्बन्धमा । | ५४००० |
| (६ जना पदाधिकारी।कर्मचारीको ९ बैठकमा प्रतिव्यक्ति प्रतिवैठक रु १००० ले भुक्तानी भएको) | |
| वडा नं. ७ को बैठकः बैशाख ३- सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा, बैशाख ९- दररेट स्वीकृत गर्ने सम्बन्धमा (कोटेशनमध्ये सबैभन्दा कम दररेट स्वीकृत), बैशाख ११- धानको विउ माग गर्ने सम्बन्धमा, जेष्ठ ९-द्वन्द्व पीडित परिवारको नाम सिफारिस सम्बन्धमा, जेष्ठ २५- सुरक्षित नागरिक आवास निर्माणका लागि लाभग्राही सिफारिस गर्ने सम्बन्धमा, जेष्ठ २६- वडाअध्यक्षको जिम्मेवारी वडासदस्यलाई दिने निर्णयका लागि बसेको बैठक, असार १- छात्रवृत्तिको लागि छात्रा छनौट गर्ने सम्बन्धमा, असार २- आयोजना छनौट सम्बन्धमा, असार ३- रकम भुक्तानी माग गर्ने सम्बन्धमा, | ५४००० |
| (६ जना पदाधिकारी।कर्मचारीको ९ बैठकमा प्रतिव्यक्ति प्रतिवैठक रु १००० ले भुक्तानी भएको) | |
| वडा नं. ४ को बैठकः चैत्र ८- भुमिसम्बन्धि वडास्तरीय सहजिकरण समितिको बैठक सम्बन्धमा, चैत्र १३- निर्णय संसोधन एंवम् पुनः सिफारिस गर्ने सम्बन्धमा बसेको बैठक, चैत्र २८- योजना माग गर्ने सम्बन्धमा तथा आर्थिक सहयोग गर्ने सम्बन्धमा, बैशाख १४- प्रधानमन्त्री रोजगार कार्यक्रममा योजना माग गर्ने सम्बन्धमा, बैशाख १९- सुरक्षित नागरिक आवास कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा, बैशाख २७- योजना माग गर्ने सम्बन्धमा, जेष्ठ ४- सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धी सुचना प्रकाशन गर्ने निर्णय, जेष्ठ ९- फरक शिर्षकमा कट्टी भएको रसिद रद्द गर्ने निर्णयका लागि बसेको बैठक, | ४८००० |

| | |
|---|---|
| जेष्ठ १६- बाटो मर्मत संहार कोटेशन विधिबाट गर्ने निर्णयगर्ने बसेको बैठक ( ६ जना सदस्यहरु ९ बैठकमा भएको भुक्तानी) | |
| वडा नं. ८ को बैठकः बैशाख १६- योजना अनुगमन सम्बन्धमा, बैशाख २०- योजना अनुगमन सम्बन्धमा, बैशाख २७- योजना अनुगमन सम्बन्धमा, जेष्ठ- योजना अनुगमन गरी रकम माग गर्ने सम्बन्धमा, जेष्ठ २- छात्रवृत्तिका लागि छात्रा छनौट गर्ने सम्बन्धमा, जेष्ठ ११- कार्यालय सहायकको अनिवार्य अवकाशको पालिका कार्यालयमा जानकारी दिने निर्णय गर्न बसेको बैठक, असार १- प्र.म.रोजगार कार्यक्रमका लागि योजना छनौट गरी पठाउने निर्णय, असार ३- योजना अनुगमन सम्बन्धमा, असार ४-का.स. कर्मचारी माग गर्ने निर्णयका लागि बसेको बैठक | ५४००० |
| (अन्य वडा कार्यालयको हकमा पालिकाले यकिन गरि असुली गर्नुपर्ने) | २९४००० |
| | ५८८००० |

सैद्धान्तिक बेरुजु

२१ **बैठक भत्ता -** लुम्बिनी प्रदेश, सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को दफा ४ (ख) बमोजिम स्पष्ट विषयबस्तु र कार्ययोजना बिनाको बैठकमा भत्ता प्रदान गर्नु हुदैन, साथै दफा ४ (ग) बमोजिम एउटै निकाय र अन्तर्गतका पदाधिकारी तथा कर्मचारी मात्र सहभागी भई बैठकमा भत्ता प्रदान गर्न पाईने छैन उल्लेख छ। नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयको नियमित क्रियाकलापसंग सम्वन्धित विषयवस्तुमा समेत बैठक वसी बैठक भत्ता भुक्तानी गरेको छ । अत यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ।

| गो.भौ.नं/मिति | विवरण | रकम | करबाहेक भुक्तानी रकम |
|---|---|---|---|
| २५।२०७९।६।५ | जग्गा वर्गिकरण सम्बन्धमा सुझाव संकलनका लागि प्रत्येक वडामा छलफल बैठक (प्रति वडा १५००० का दरले भुक्तानी भएको) | १२०००० | ११८२०० |
| ९६।२०७९।७।२२ | सामुदायिक विद्यालयको लेखापरीक्षण छनौट गर्न लेखापरीक्षण छनौट समितिको बैठक (जम्मा | ५४००० | ४५९०० |

| | | | |
|---|---|---|---|
| | ६ बैठकमा ६ जना कर्मचारी प्रति बैठक १५०० को दरले) | | |
| ६३।२०७९।६।३० | हलुका सवारी चालक पदपुर्तिको लागि कर्मचारीहरुको बैठक भत्ता | ५४००० | ४५९०० |
| १२८।२०७९।८।१६ | अपाङ्गता परिचयपत्र शिविर व्यवस्थापनमा सहभागी भएबापतको भत्ता | ६६००० | ५६०२५ |
| १७५।२०७९।०९।२० | घ वर्गका निर्माण व्यवसायी इजाजत समितिको बैठक भत्ता | ६०००० | ५१००० |
| १८९।२०७९।०९।२५ | मनोसामाजिक मरामर्शदाता, वित्तीय साक्षरता सहजकर्ता र रिटर्नी स्वयंसेवकको मुल्याङ्कन तथा छनौट समितिको बैठक भत्ता | ८२५०० | ७०१२५ |
| २८०।२०७९।११।११ | विभिन्न ठेक्का मुल्याङ्कन समितिको बैठक | ११५५०० | ९८१७५ |
| ४३५।२०८०।१।२० | विभिन्न ठेक्का मुल्याङ्कन समितिको बैठक | ३६००० | ३०६०० |
| ४२२।२०८०।१।१९ | खेलकुद विकास समितिका पदाधकारीको बैठक | १३१००० | १११३५० |
| ४५३।२०८०।१।२६ | चमेनागृहका प्रस्तावदाताहरूको मुल्याङ्कन समितिको बैठक | १२३००० | १०४५५० |
| ६३७।२०८०।३।१३ | विभिन्न ठेक्का मुल्याङ्कन समितिको बैठक | ४५००० | ३८२५० |

| | | | |
|---|---|---|---|
| ६५१।२०८०।३।१५ | घ वर्गका निर्माण व्यवसायी इजाजत समितिको बैठक भत्ता | ३६००० | ३०६०० |
| ६८८।२०८०।३।१९ | खेलकुद विकास समितिका पदाधकारीको बैठक | ७२००० | ६१२०० |
| | जम्मा | ९९५००० | ८६१८७५ |

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

२२ **कर कट्टी** - आयकर ऐन २०५८ को दफा ८८ अनुसार सार्वजनिक निकायले दर्तावाल पार्टिले जारी गरेको विजकको आधारमा सार्वजनिक निकायले कार्य गरे अनुसारको भुक्तानी कर कट्टी गरी दाखिला गर्ने प्रमाण पेश गर्नुपर्ने रु

| क.सं. | वितरकको नाम | विल रकम | असुली हुनुपर्ने थप कर रकम |
|---|---|---|---|
| ८२।२०७९।०७।०३ | सत्यपाटी पब्लिकेशन प्रा.लि. | २०००० | २७०० |
| १३४।२०७९।०८।१८ | रारा कर्णाली अपसेट प्रिन्टर्स | ४०००० | ६००० |
| २४०।२०७९।१०।२५ | सत्यपाटी पव्लिकेशन प्रा.लि. | २०००० | २७०० |
| २४४।२०७९।१०।२६ | कृतिका संचार मिडिया | २९५०० | ३९५० |
| ६२०।२०८०।०३।०९ | कृतिका संचार मिडिया | २०००० | २७०० |
| | | | १८०५० |

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | १८,०५० |

२३ **अनुगमन खर्च -** कार्य सञ्चालन निर्देशिका, २०७७ मा कार्यक्रम अनुगमन टोली आवश्यक परी खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारी मात्र खटाउन सकिने र यसरी कर्मचारी खटाउँदा बढीमा ३ जना सम्म खटाउन सकिने व्यवस्था रहेको छ । पालिकाले वडागत तथा शाखागत रुपमा सञ्चालन गरेको विभिन्न कार्यक्रमहरुको खर्च परीक्षण गर्दा अधिकांश कार्यक्रमहरुमा जनप्रतिनिधि तथा कर्मचारीहरुलाई निर्देशिकामा व्यवस्था भएको भन्दा बढी संख्यामा अनुगमनकर्ता नियुक्त गरी अनुगमन भत्ता वितरण गरेको देखियो । उक्त अनुगमनकर्ताहरुले कार्यक्रम अनुगमन पश्चात कुनै प्रकारको प्रतिवेदन अथवा सुझाव उपलब्ध गराएको देखिएन । अतः पालिकाले निर्देशिकामा भएको व्यवस्था अनुरुप कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारीहरुलाई आवश्यक्ताको आधारमा मात्र अनुगमनकर्ता नियुक्त गरी खर्च लेख्नुपर्दछ ।

| भौ नं. | कार्यक्रम | भुक्तानी रकम | अनुगमन खर्च |
|---|---|---|---|
| ५४९ | वंगुरका पाठापाठी वितरण कार्यक्रम | २००००० | ५००० |
| ५७० | विपन्न महिला सञ्जाल समितिको बाख्रा वितरण कार्यक्रम | २००००० | ५००० |
| ५५१ | वडघरहरुको ऐन निर्माण सम्बन्धी १ दिने अभिमुखिकरण तालिम | - | ७००० |
| ६०६ | विपन्न महिला दलितलाई बाख्रा वितरण | २००००० | ५००० |
| ६३२ | वादी समुदायमा बाख्रा वितरण | २००००० | ५००० |
| ६४५ | द्वन्द्वपिडितलाई बाख्रा वितरण | २००००० | ५००० |
| | जम्मा | | ३२००० |

| सैद्धान्तिक बेरुजु |
|---|

२४ **कित्ली वितरण गरी वितरण भरपाई** (१९३-२०७९-९-२८):- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यवस्था छ। पालिकाले ल. ट्रेड एण्ड सप्लायर्सबाट ७५० थान कित्ली रु १२०० प्रतिथान दरमा खरिद गरी रु १३५६०० भुक्तानी दिएकोमा ६३७ वटा कित्ली वितरण गरी वितरण भरपाई पेश गरी बाँकी ११३ वटाको वितरण गरेको भरपाई पेश नगरेकोले भरपाई पेश गर्नुपर्ने रू

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३५,६०० |

२५ **सफ्टवयर खरिद** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले सफ्टवेयर अनलाईन पञ्जिकरण डिजिटलाईजेशनका लागि व्यक्तिगत घटना दर्ता सम्बन्धी सफ्टवेयर खरिद गरी रु ५५६२३२ खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२६ **अन्य निकायलाई सहयोग** - सरकारी कार्यालयले सम्पादन गर्नुपर्नेकार्यका लागि आफै एल एम बि आइ एस मार्फत बजेट माग एवम विनियोजन गरी बजेटको सिमा भित्र रहेर खर्च गर्नु पर्दछ | एउटा कार्यालयलाई प्राप्त बजेट अर्को निकायलाई स्वीकृत कार्यक्रम बेगर अनुदानको रुपमा दिन मिल्दैन। कार्यक्रम बेगर अनुदान दिदा एउटै निकायलाई एउटै कामकालागि बिभिन्न निकाय बाट दोहोरो/तेहरो/भुक्तानी हुन् सक्ने सम्भावना देखिन्छ। पालिकाले निम्नानुसार मातहतमा नरहेका अन्य कार्यालयको खर्च भुक्तानी गरेको देखियो। यस्ता खर्चमा नियन्त्रण गर्नुपर्ने तथा खर्च नियमित नदेखिएको रु

| गो.भौ.नं. मिति | शिर्षक | भुक्तानी लिने | रकम |
|---|---|---|---|
| ४७९।२०८०।२।७ | जिल्ला कृषि सहकारी संघ लि.लाई सहयोग | जिल्ला कृषि सहकारी संघ | १००००० |
| ६०९।२०८०।३।८ | गैरसरकारी संस्था महासंघ नेपाललाई सहायता | गैरसरकारी संस्था महासंघ नेपाल | ५०००० |
| ६४३।२०८०।३।१३ | नेरामावि नौलापुर र सुर्योदय मावि चिसापानीलाई smart book र talking smart books खरिद | नेरामावि नौलापुर र सुर्योदय मावि चिसापानी | २४९९८५ |
| ५९८।२०८०।२।३१ | सहकारी संस्थाको ढुवानीमा अनुदान | लालपुर दुग्ध उत्पादक कृषि सहकारी संस्था | २००००० |
| ६७१।२०८०।३।१७ | कार्यालय सामग्री खरिद | सानाकिसान कृषि सहकारी संस्था लि. | २००००० |

| | | | |
|---|---|---|---|
| ६७८।२०८०।३।१९ | भवनको ट्रष्ट निर्माण | ब्रह्मकुमारी विश्वविद्यालय | २००००० |
| ७११।२०८०।३।२१ | कार्यालय गाडि मर्मत | जिल्ला प्रशासन कार्यालय बाँके | १२४००० |
| | जम्मा | | ११२३९८५ |

| | |
|---|---|
| अनियमित भएको | ११,२३,९८५ |

२७ **फरक खर्च शिर्षक** - आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्त्व नियमावली, २०७७ को नियम ३९ अनुसार सरकारी रकम खर्च गर्दा सम्बन्धित खर्च शिर्षकबाट खर्च गर्नुपर्ने उल्लेख छ ।पालिकाले निम्न बमोजिमको शिर्षक फरक पारी खर्च गरेको रकम नियम सम्मत देखिएन रु

| गो.भौ .नं ./मिति | खर्च शिर्षक | खर्च गरिएको शिर्षक | रकम |
|---|---|---|---|
| ७२८।२०८०।३।२३ | सभा संचालन खर्च | सुचना प्रशारण शुल्क | ३३९०० |
| ५३८।२०८०।२।२९ | सेवा परामर्श खर्च | पालिकामा डिजिटल बोर्ड जडान | ७४५३१ |
| | जम्मा | | १०८४३१ |

| | |
|---|---|
| अनियमित भएको | १,०८,४३१ |

२८ **बितरणमुखी खर्च** - स्थानीय तहले पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवं उपयोगिता सृजना हुने गरी योजना तथा कार्यक्रम छनौट गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने देहायवमोजिक वितरणमुखी कार्यक्रमहरु खर्च लेखेको छ । पालिकाको आन्तरिक आयले प्रशासनिक खर्च समेत व्यहोर्न नसकिएको अवस्थामा पालिकाले यस्तो प्रकारको खर्चलाई नियन्त्रण तथा निरुत्साहित गर्नुपर्दछ ।

| क.सं. | विवरण | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| २ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | १०००००० |
| ३ | विजेता खेलाडि सम्मान कार्यक्रम | १००००० |
| ४ | धर्म संस्कृति कला संरक्षण तिज माघि पंजेबाजा जात्रा | ३५१००० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२९ **महङ्गी भत्ता** - सामान्य प्रशासन मन्त्रालयको चलानी नं २१७ मिति २०७४/०१/२५ मा जारी गरेको परिपत्रमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/०१/२१ को निर्णयानुसार सबै निकायहरुमा एकरुपता कायम हुने गरी स्वीकृत दरबन्दी भित्र करारमा रहेका व्यक्तिहरुलाई मात्र आर्थिक वर्ष २०७४/०७५ बाट लागु हुने गरी कम्तिमा ६ महिना करार सेवा गरेमा सालबसाली रुपमा एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व खर्च र सालबसाली रुपमा एक पटक चैत्र महिनामा पोशाक भत्ता मात्र पाउने व्यवस्था गरी करार सम्झौता गर्नहुन निर्देशन गरेको छ । पालिकाले कार्यपालिकाको निर्णय गरी करार तर्फका रोसन पौडेल लाई गत आ व को महङ्गी भत्ता बापत रु. १८०००/- खर्च लेखेको छ । यसरी परिपत्र विपरित कार्यपालिकाद्वारा निर्णय गरी खर्च गर्दा पालिकालाई थप व्ययभार पर्न गएको रकम असुली हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,००० |

३० **व्यक्तिगत नाममा भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा औचित्यको आधारमा रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। लेखापरीक्षणको क्रममा नमुना छनौट गरि परिक्षण गर्दा पालिकाले कामसंग प्रत्यक्ष सम्बन्ध राख्ने व्यक्तिको नाममा सिधै बैंक खातामा भुक्तानी हुनु पर्नेमा सो नगरि निम्न व्यक्ति तथा कर्मचारीहरुको नाममा एकमुष्ट भुक्तानी खर्च लेखी विल भरपाई पेश भएको छ। यसरी भुक्तानी भएको रकम सम्बनधितले पाए नपाएको तथा जुन कार्यको लागि भुक्तानी लिएको हो सो कार्य भएको हो भनि यकिन गर्न सकिएन। यस तर्फ पालिकाले सुधार गर्नु पर्दछ। यसका केहि उदाहरणहरुः

| भौ नं. मिति | कार्यक्रम | भुक्तानी लिने | रकम |
|---|---|---|---|
| १३४।२०७९।८।१८ | वडा नं. १ को प्रशासनिक खर्च भुक्तानी | कमला विष्ट वडा सचिव | २३७००० |

| | | | |
|---|---|---|---|
| १३६।२०७९।८।१८ | वडा नं. २ को प्रशासनिक खर्च भुक्तानी | मदन प्रसाद थारु वडा सचिव | २०३६८५ |
| १८२।२०७९।९।२२ | वडा नं. ७ को प्रशासनिक खर्च भुक्तानी | जितेन्द्र लामिछाने वडा सचिव | १८५३१० |
| | | | ६२५९९५ |

सैद्धान्तिक बेरुजु

३१ **भ्रमण भत्ता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाले देहायका पदाधिकारीहरुलाई निम्नानुसार भ्रमण खर्च भुक्तानी गर्दा मन्त्रालयमा डेलिगेशनमा गएको र प्रयोजन नखुलेको समेत भुक्तानी गरेको देखियो । यस्तो कार्यालयको काम नखुलेको भ्रमणको भत्ता भुक्तानीमा रोक लगाउनु पर्दछ

| गो.भौ.नं.।मिति | नाम | मिति | प्रयोजन | रकम |
|---|---|---|---|---|
| ४९।२०७९।६।७ | प्रकाश बहादुर शाही<br>गापा अध्यक्ष | २०७९।४।११ देखि ४।२० | मन्त्रालयमा डेलिगेशनमा गएको | २५९५० |
| ४९।२०७९।६।७ | निखिल बैगार<br>वडाअध्यक्ष | २०७९।४।११ देखि ४।२० | मन्त्रालयमा डेलिगेशनमा गएको | २४५७५ |
| ४९।२०७९।६।७ | प्रेम बहादुर शाही<br>वडाअध्यक्ष | २०७९।४।११ देखि ४।२० | मन्त्रालयमा डेलिगेशनमा गएको | १९४७५ |
| ४९।२०७९।६।७ | निर्मला रोकाया<br>पालिका उपाध्यक्ष | २०७९।४।११ देखि ४।२० | मन्त्रालयमा डेलिगेशनमा गएको | २४९०० |

| | | | | |
|---|---|---|---|---|
| ५३।२०७९।६।१३ | प्रकाश खड्का | २०७९।५।२८ देखि ६।१ सम्म ५ दिनको दै.भ्र.भत्ता वापत रु ७७०० भुक्तानी भएको | प्रदेश सुशासन केन्द्रको २दिने अधिमुखिकरण तालिम | ५१०० |
| ५३।२०७९।६।१३ | दान बहादुर एडि | २०७९।४।४ देखि ४।१० सम्म | प्रयोजन नखुलेको | २५७०० |
| | जम्मा | | | १२७५०० |

सैद्धान्तिक बेरुजु

३२ **सोझै खरिद -** सार्वजनिक खरिद ऐन २०६३ को नियम ८(२) मा प्रतिष्पर्धालाई सीमित गर्ने गरी टुक्रा टुक्रा पारी खरिद गर्ननहुने व्यवस्था रहेको छ । साथै खरिद नियमावली २०६४ को नियम ३१ अनुसार २० लाख भन्दा माथीको खरिद कार्य गर्दा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले निम्नानुसारको विभिन्न बजेट शिर्षकमा कानूनभन्दा माथीको सीमा समेत पटक पटक गरी मूल्य सुचि माग गरी सोझै खरिद गरेको हुदा आगामी दिनमा वार्षिक खरिद योजना तयार गरी खरिद कानून अनुसार कार्य गर्नुपर्दछ । मसलन्द तथा कार्यालय सामग्री शिर्षकमा पालिकाले यसवर्ष ३२ लाख ५० हजार विनियोजन गरी ३२ लाख ३० हजारको सामग्री सोझै खरिद गरेको छ ।

| गो भौ नं | विवरण | सप्लायर्स | रकम |
|---|---|---|---|
| ११।२०७९।६।५ | मसलन्द सामग्री छपाई | मिसन अफसेट प्रेस | ४९२२०० |
| १२।२०७९।६।५ | मसलन्द तथा कार्यालय सामग्री | क्षितिज ट्रेड एण्ड सप्लायर्स | ३६००१८ |
| १३।२०७९।६।५ | मसलन्द सामग्री छपाई | मिसन अफसेट प्रेस | ४९९४६० |
| १४।२०७९।६।५ | मसलन्द तथा कार्यालय सामग्री | महालक्ष्मी ट्रेडर्स एण्ड सप्लायर्स | २४९९५६ |

| | | | |
|---|---|---|---|
| ७०।२०७९।७।२ | मसलन्द सामग्री छपाई | मिसन प्रिन्टिङ प्रेस | ४९९७४२ |
| ७१।२०७९।७।२ | मसलन्द सामग्री छपाई | मिसन प्रिन्टिङ प्रेस | ६९८३३० |
| १६६।२०७९।०९।१९ | मसलन्द तथा कार्यालय सामग्री | एम.जि. प्रिन्टर्स एण्ड सप्लायर्स | ४९१६०६ |
| ३७६।२०८०।१।५ | मसलन्द तथा कार्यालय सामग्री | क्षतिज ट्रेड एण्ड सप्लायर्स | २७९११० |
| ४३९।२०८०।१।२४ | मसलन्द सामग्री छपाई | एम.जि. प्रिन्टर्स एण्ड सप्लायर्स | ४८९४७० |
| ५३९।२०८०।०२।२९ | मसलन्द तथा कार्यालय सामग्री | क्षितिज ट्रेड एण्ड सप्लायर्स | ४९९१२१ |
| ७०५।२०८०।३।२० | मसलन्द सामग्री छपाई | मिसन अफसेट प्रेस | ३८०२६७ |

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

३३ **शिक्षक तलव भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानिय तहले वित्तीय समानिकरण अनुदानबाट शिक्षक तलव भत्ता भुक्तानी गर्न नमिल्ने व्यवस्था रहेकोमा पालिकाले विद्यालयको दरवन्दी मिलान तथा ओ एण्ड एम सर्भे नगरि यस बर्ष २२ वटा विद्यालयलाई शिक्षक तलव भत्तामा रु. ३७४२३९३२ निकासा दिएको देखियो। शिक्षक तथा अन्य कर्मचारीको तलव भत्ताको हकमा शशर्त तर्फ बजेट बिनियोजन भएकोमा बिद्यार्थि संख्याको आधारमा शिक्षकको दरबन्दी एकिन नगरी बिद्यालयहरुलाइ समानिकरण अनुदानबाट थप अनुदान दिएको नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,७४,२३,९३२ |

३४ **प्रोत्साहन भत्ता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ अनुसार अधिकार प्राप्त अधिकारीले सरकारी रकम भुक्तानी दिदा कानून अनुसार भए नभएको यकिन गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले मिति २०७९।४।२९ को कार्यपालिका निर्णयबाट श्री हिमालय महरसा गरिव नवाज प्रा वि मा अध्यापन गराउने २ जना बालबिकास शिक्षक .राधिका मल्ल र बृन्दा वली लाई मासिक रु. ३००० का दरले प्रोत्साहन भत्ता भुक्तानी गरेको देखियो। प्रोत्साहन भत्ता प्राप्त गर्नको लागि अतिरिक्त रुपमा कार्य भएको प्रमाण तथा पालिकाभरी ति २ जनालाइ मात्र प्रोत्साहन भत्ता दिने आधार पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७८,००० |

३५ **सहायक लेखापाल नियुक्ती** - स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहले आफ्नो आन्तरिक आयको विचार गरी कानूनी व्यवस्था गरेर मात्र कुनै पनि सेवा सुविधा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले दिर्धकालिन रुपमा असर पार्ने विषयमा समेत अध्ययन नगरिकनै ७ वटा विद्यालयलाई सहायक लेखापाल को नियुक्तिको लागि मासिक रु. १८५०० का दरले १३ महिनाको रु. १६८३५०० भुक्तानी गरी बढि व्ययभार पारेको देखियो। यस्तो दिर्धकालिन रुपमा पालिकालाई आर्थिक व्ययभार पर्ने कुराको भुक्तानी गर्दा आन्तरिक आयको समेत विचार गरी कार्यक्रम स्वीकृत गर्नुपर्दछ। आन्तरिक आयले नधान्ने यस्ता खर्च नियन्त्रण गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३६ **सोझै खरिद** - सार्वजनिक खरिद ऐन २०६३ को नियम ८(२) मा प्रतिष्पर्धालाई सीमित गर्ने गरी टुक्रा टुक्रा पारी खरिद गर्ननहुने व्यवस्था रहेको छ । साथै खरिद नियमावली २०६४ को नियम ३१ अनुसार २० लाख भन्दा माथीको खरिद कार्य गर्दा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले पालिका भवन र वडा कार्यालयमा डिजिटल वोर्ड जडान कार्यकालागि देहायबमोजिम आपुर्तिकर्तासंग डिजिटल बोर्ड खरिद गरी खर्च गरेको रकम नियमसंगत देखिदैन।

| गो.भौ.नं.।मिति | वितरक | रकम |
|---|---|---|
| ५०७।२०८०।२।२५ | ग्लोवल मल्टिट्रेडिङ्ग प्रा.लि. | ९३०३८५ |
| ५१९।२०८०।२।२५ | के.वि.ओ.सोलुसन एण्ड एड्भटाईजिङ प्रा.लि. | ८६३५४६ |
| ५३८।२०८०।२।२९ | आई टोक्नोलोजी सप्लायर्स | ७८०६०० |
| | जम्मा | २५७४५३१ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३७ **बढि दररेटमा भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा भुक्तानी दिंदा कार्यालय प्रमुखले रित पुगे नपुगेको जाँच गरि भुक्तानी दिनु पर्ने उल्लेख छ । पालिकाले न्यु के सि ट्रेडर्सबाट गो भौ ४६१ मिति २०८०।३।२४ बाट वडा नं २ ३ र ६ मा समरसेवल मोटर जडान बापत रु ९८२९०० भुक्तानी गर्दा लिएको खुला दररेट भन्दा निम्नानुसार सामाग्रीको गो भौ नं २५३ मिति २०८० ।१।२४ बाट भुक्तानी गर्दा बढि दर पेश गरी बढि भुक्तानी भएको रू

| सामाननको नाम | गो भौ २४१ को इकाइ दर | गो भौ २५३ को इकाइ दर | बढि दर | खरिद परिमाण बढि | भुक्तानी मु अ कर समेत |
|---|---|---|---|---|---|
| मेटल वायर १ . ५ एम एम | ९८० प्रति रोल | ४००० | ३०२० | २ रोल | ६८२६ |
| ४ इन्च पि भि सि पाइप | ६६८ प्रति मिटर | ८८३ | २१५ | ३९ मिटर | ३१५९ |
| ४ इन्च जाली | ४००० प्रति पिस | ४५०० | ५०० | २पिस | ११३० |
| १ हर्ष पावर मोटरपम्प इन्डियन | १६५०० | २१००० | ४५०० | १ | ५०८५ |
| ड्रीलीङ | प्रति फिट ५०० | ५५० | ५० | १५०फिट | ८४७५ |
| जि आइ रेडुसार ४ इन्च * २ इन्च | प्रति गोटा ३५० | १४०० | १०५० | १ | ११८७ |
| ०. ८५ जि आइ निप्पल | प्रति गोटा ८०० | ९४० | १४० | १ | १५९ |
| ३/ ४ ६ इन्चि जि आइ युनियन | प्रति गोटा ७७० | १३० | ६४० | २ | १४४७ |
| जम्मा | | | | | २७४६८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,४६८ |

३८ **टुक्रे खरिद** - सार्वजनिक खरिद ऐन २०६३ को नियम ८(२) मा प्रतिष्पर्धालाई सीमित गर्ने गरी टुक्रा टुक्रा पारी खरिद गर्ननहुने व्यवस्था रहेको छ । साथै खरिद नियमावली २०६४ को नियम ३१ अनुसार बिस लाख भन्दा माथीको खरिद कार्य गर्दा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको गो भौ बाट औषधी खरिद खरिद गर्दा सोझौ खरिद गरेको हुदा उक्त कार्यमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

| गो भौ मिति | योजनाको नाम | निर्माण ब्याबसायी / सप्लायर्स | भुक्तानी रकम |
|---|---|---|---|
| ७८- २०८०।३।२४ प्रदेश पुजिगत | बाँके गुरुवागाउँ बनकट्टि वडा न ६ गडरही रामपुर हुँदै छमुनिया जोड्ने सडक स्तरोन्नति | पवन कन्स्ट्रक्शन | ४६३०६७ |
| ४७४ - ०८०।३।२४ गा . पा . पुजिगत | वडा कार्पयालयमा पर्खाल / ट्रस निर्माण , रंगरोगन | के. आर . कन्स्ट्रक्सन | ४९३००० |
| ४६८ - ०८०।३।२४ गा . पा . पुजिगत | पालिका भित्रका बिभिन्न स्थानका अत्याबश्यक ठाउँमा मर्मत संभार | जय कालिका निर्माण सेवा | ४९९००० |
| ४६२ - ०८०।३।२४ गा . पा . पुजिगत | सूर्योदय स्कुल देखि नयाँ कल्भर्ट करेली जनजागरण हुदै सैनिक चोक सम्म सडक कालोपत्रे | जे आर कन्ष्ट्रक्सन | ४४७८९८ |
| ४६१ - ०८०।३।२४ गा . पा . पुजिगत | बिभिन्न स्थान र वडा नं २ को चर्चमा समर्सियल जडान | न्यू के . सी . ट्रेर्डस | ९८२९०० |
| ४६३- ०८०।३।२४ गा . पा . पुजिगत | बिभिन्न स्थान र वडा नं २ को चर्चमा समर्सियल जडान | पुर्ण गिरी ट्रेडर्स | १८०८८० |
| ३७२- ०८०।३।११ गा . पा . पुजिगत | बर्थिङ सेन्टर देखि नौबस्ता गाउँसम्म सडक कालोपत्रे | डिग्रे साई कुमारी कन्स्ट्रक्सन | २४९८०० |

| | | | |
|---|---|---|---|
| ३५४- ०८०।३।४ गा . पा . पुजिगत | सिसि टिभि जडान | सम्भव युनिभर्स नेपाल | ७३३३०० |
| ४०८- ०८०।३।१२ गा . पा . पुजिगत | टेलिफोन इन्टरकम सिष्टम जडान सामाग्री खरिद | सम्भव युनिभर्स नेपाल | १९२७७० |
| ३५८- ०८०।३।६ गा . पा . पुजिगत | वडाका विभिन्न स्थानमा मर्मत सम्भार कार्य | चन्द्र निर्माण सेवा | १९२००० |
| ३४२- ०८०।२।३१ गा . पा . पुजिगत | पालिकाको प्रशासनिक भवनमा एसी लगाएतका बिधुतीय समान जडान | एस. इलेक्ट्रोनिक्स | ८८८००० |
| ३२०- ०८०।२।२५ गा . पा . पुजिगत | फाकुवा फुल्ला तुलसिपुर कुलो मर्मत वडा नं ८ | डि के इन्जिनियरिङ्ग एण्ड कन्ष्ट्रकसन | १२७४४१ |
| ३३१- ०८०।२।२८ गा . पा . पुजिगत | फर्निचर तथा फिक्चर्स - पालिका र वडा कार्यालयका लागि | एस . एच . फर्निचर उद्योग | ६७९४९९ |
| ३३२- ०८०।२।२८ गा . पा . पुजिगत | मेशिनरी तथा औजार - पालिका तथा वडा कार्यालय | टेक्नोलिंक इन्टरप्राइजेज सेन्टर | ६९०५०० |
| ४१४- ०८०।३।२० गा . पा . पुजिगत | मेशिनरी तथा औजार - पालिका तथा वडा | टेक्नोलिंक इन्टरप्राइजेज सेन्टर | १३७५०० |
| २८६- ०८०।२।२ गा . पा . पुजिगत | सवारी साधन ( पालिकालाई आवश्यक मोटरसाइकल | पानस अटो मोटिभ्स प्रा . लि . | ८६१२०० |
| ३१२- ०८०।२।१४ गा . पा . पुजिगत | पालिकालाई आवश्यक मोटरसाइकल | पानस अटो मोटिभ्स प्रा . लि | २३६४०० |
| २९४- ०८०।२।४ गा . पा . पुजिगत | पशुसेवा कार्यालयको भवन निर्माण - निरन्तर | कालीगण्डकी निर्माण सेवा | ६३०२६१ |
| २५७- ०८०।१।२५ गा . पा . पुजिगत | फर्निचर तथा फिक्चर्स - पालिका र वडा | एस. एच . फर्निचर उद्योग | १८७९९८ |

| | | | |
|---|---|---|---|
| २८७- ०८०।२।२२ गा . पा . पुजिगत | फर्निचर तथा फिक्चर्स - पालिका र वडा | एस. एच . फर्निचर उद्योग | २२६९१९ |
| २३१- ०८०।१।१३ गा . पा . पुजिगत | फर्निचर तथा फिक्चर्स - पालिका र वडा | ए. एच . बि . ट्रेड प्रा . लि . | ५६८००० |
| ३९८- ०८०।३।१६ गा . पा . पुजिगत | वडा न २ काे विभिन्न ठाउँहरुमा विकास निर्माणका मर्मत | डिग्रे साई कुमारी कन्स्ट्रक्सन | ४९८६६५ |

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

३९ **बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाले नक्सापास छपाईका लागि न्युनतम दररेट कबुल गर्ने मिसन अपसेट प्रेसले रु ३५० (करबाहेक) कोटेशन पेश गरेकोमा भ्याटविलमा रु ४४२ (करबाहेक) विल पेश गरेकोले प्रतिकितावमा रु ९२ बढि हुने गरी १००० थान छपाईमा बढी भुक्तानी भएको रु. ९२००० असुली हुनुपर्ने रु

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ९२,००० |

४० **बढी भुक्तानी** (४६१-२०८०-३-२४):- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यवस्था छ। गाउपालिकाको वडा नं २, ३ र ६ वडामा ४ सेट समरसेवल धारा जडानकालागी सुचिकृत सप्लायर्सबाट निर्माण सामाग्रीको इकाइ दर माग गरी घटी दर कबोल गर्ने सप्लायर्स न्यु के.सि.ट्रेडर्सको २४ आइटमको प्रति इकाइ दरको औषत मुल्य रु ३७१९१ स्वीकृत गरी सोही इकाइ मुल्यकोआधारमा ४ सेट धारा निर्माणको रु ९८२९२७ कार्य मुल्यांकन गरी रु ९८२००० भुक्तानी गरेकोमा पेश भएको इकाइ दरमा सप्लायर्सले इकाइ दर उल्लेख गर्दा मु अ कर बाहेक उल्लेख नगरी दर मात्र उल्लेख गरेको आधारमा घटी दर स्वीकृत भएकोमा कार्य सम्पन्न पश्चात सो इकाइ दरमा १३ प्रतिशत मु अ कर समेत जोडि भुक्तानी गरेको देखिएकोले बढि भुक्तानी असुल गर्नुपर्ने रु

| स्थान | मुल्यांकन रकम | मु .अ .कर रकम |
|---|---|---|
| जगदम्बा मन्दिर नजिक वडा नं २ | ३३३८१३ | ३८४०३ |
| दिपक के.सि.को घर नजिक वडानं २ | २३००८५ | २६४७० |
| पल्लागाउँ वडानं ६ | १२६५३९ | १४५५८ |

| | | |
|---|---|---|
| थिर बहादुर साहिको घर नजिक वडाद् ३ | २९२४९० | ३३६४९ |
| जम्मा | ९८२९२७ | ११३०८० |

| असुल गर्नुपर्ने | १,१३,०८० |
|---|---|

४१ **बढी भक्तानी** (४६५-२०८०-३-२४):- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यवस्था छ। गाउपालिकाको वडा नं २, ३ ,४, ५ र ८ वडामा ५ सेट समरसेवल धारा जडानकालागी सुचिकृत सप्लायर्सबाट निर्माण सामाग्रीको इकाइ दर माग गरी घटी दर कबोल गर्ने सिता सप्लायर्सको २४ आइटमको प्रति इकाइ दरको औषत मुल्य रु ३७१९१ स्वीकृत गरी सोही इकाइ मुल्यकोआधारमा कार्य मुल्यांकन गरी ५ सेट धारा निर्माणको रु ८८५२४२ कार्य मुल्यांकन गरी भुक्तानी गरेकोमा पेश भएको इकाइ दरमा सप्लायर्सले इकाइ दर उल्लेख गर्दा मु अ कर बाहेक उल्लेख नगरी दर मात्र उल्लेख गरेको आधारमा घटी दर स्वीकृत भएकोमा कार्य सम्पन्न पश्चात सो इकाइ दरमा १३ प्रतिशत मु अ कर रु १०१८४२ समेत जोडि भुक्तानी गरेको देखिएकोले बढि भुक्तानी असुल गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | १,०१,८४२ |
|---|---|

४२ **मुल्यांकनको दर भन्दा घटि दरमा खरिद** - सार्बजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राबिधिक मुल्यांकन बिल, भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराइ सम्बन्धित सार्बजनिक निकायमा पेश गर्नुपर्ने व्यबस्था छ। कार्यालयले उपभोक्ताले खरिद गर्ने निर्माण सामाग्रीको स्थानिय बजारको मुल्यलाइ बिचार गरी ढुवानिको उपयुक्त लिड तोकी दर बिश्लेषण गर्नुपर्नेमा सो गरेको देखिएन। पालिकाले दर बिश्लेषणमा समाबेश गरेको निर्माण सामाग्रीको मुल्य भन्दा घटि दरमा खरिद गरेको हुदा बास्तबिक लागत भन्दा बढि दरले मुल्यांकन भएको देखियो। उपभोक्ता समितिले लागत अनुमान र दर बिश्लेषणमा समाबेश भएको दररेट भन्दा घटि दरमा निम्नानुसारका निर्माण सामाग्री खरिद गर्दा उपभोक्ताको लागत भन्दा बढि मुल्यांकन भइ बढि भुक्तानी भएको रकम उपभोक्ताको अंश कट्टी गरी असुल गर्नुपर्ने रु

| गो. भौ . मिति | योजनाको नाम | निर्माण सामाग्री | दर बिश्लेषण र मुल्यांकन दररेट | खरिद दरमु . अ कर समेत | बढि भुक्तानी |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ३४०- २०८०।२।३१ | बनखेत त्रिवेणी चोकदेखि पुर्व खेल मैदान जाने बाटो स्तरउन्नत | ग्राभेल- २१३ . ७५ घ . मि . | १८०० | १४११ | ६७९५० |
| ३६८- २०८०।३।१० | लालिकाँडे टोलको क्रमागत बाटो स्तरउन्नत देखि भौरीकुना सडक हुँदै पश्चिम हात्तिमुण्डा जोड्ने बाटो स्तरउन्नत | ग्राभेल- २६० घ . मि | २०२२ बिच्छाउने समेत | १७२३ बिच्छाउने समेत | ६५६२० |
| ३३८- २०८०।२।३० | बनखेत चौरासी चोक हुदै मिलन चोकदेखि गोविन्द टोल जोड्ने बाटो स्तरउन्नत | ग्राभेल- ४३० . ४७ घ . मि . | १८०० | १४१० | १३८९७३ |
| ३१४- २०८०।२।१४ | तल्लो पितमारी डाडा तल बाटो ग्राभेल ( | ग्राभेल- ९३ . २९ घ . मि | १४६९ | १२५४ | १७४२७ |
| २९९- २०८०।२।४ | भग्गारी पुल देखि दक्षिण दायाँबायाको बाटोमा माटो पटान र ग्राभेल | ग्राभेल- १४९ . ७८ घ . मि | १८०० | १६९५ | १३६४१ |
| ३०५-२०८०।२।९ पुँजिगत | नौलापुर बाँधु थारुको घरदेखि सितारामको घर हुदै नौवस्ता जोड्ने बाटोमा स्तरउन्नत | ग्राभेल- ५५ घ . मि | १८०० | १४९७ | १३६६० |

| | | | | | |
|---|---|---|---|---|---|
| २८२-२०८०।२।२ पुँजिगत | टिटिहिरिया सुभान उलुम मदरसा देखि दक्षिण पिच बाटो जोड्ने बाटो रोलिङ सहित स्तरउन्नति | ग्राभेल- २१०घ . मि | २०४० बिच्छाउने समेत | १७२९ <br> बिच्छाउने समेत | ५५४३० |
| २८३-२०८०।२।२ पुँजिगत | गाभर क्रमागत बाटो स्तरउन्नत | ग्राभेल- २७९घ . मि | २०२२ बिच्छाउने समेत | १७१२ बिच्छाउने समेत | ७३१९६ |
| २७५- २०८०।२।१पुँजिगत | राम ब . बुढाको घरदेखि चारतारे टोल हुदै गिदरपुर जाने बाटोमा ग्राभेल तथा स्तरउन्नत | ग्राभेल- २२५घ . मि | १८२९ बिच्छाउने समेत | १४८६ बिच्छाउने समेत | ६४८८४ |
| २८०- २०८०।२।१पुँजिगत | पश्चिमपुर्वा देखि धाैटिया सम्म जोड्ने बाटो निर्माण उपभोक्ता समिति | ग्राभेल- ३७८ . ९०घ . मि | १८८० बिच्छाउने समेत | १६९५ बिच्छाउने समेत | ५९१७६ |
| २५२- २०८०।१।२१ | शिव मन्दिर देखि दैलेखि टोल बाटो मर्मत उपभोक्ता समिति | ग्राभेल- १२३ घ . मि | १७६९ बिच्छाउने समेत | १५९८ बिच्छाउने समेत | १७६५२ |
| २४०- २०८०।१।१७ | माधव लामिछानेको घरदेखि पुर्व गोपाल थापाको | ग्राभेल- १४९ . ८० घ . मि | १८०० | १६९५ | १३४४५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | घरसम्म माटो पटान सहित ग्रावेल | | | | |
| २१२- २०८०।१।१० | गडरहिमा ढल निकास र दाङपुर कुरिलाबारीमा ग्राबेल | ग्राभेल- १७७ . ६५ घ . मि | १८०० | १६९२ | १६७२२ |
| २१३- २०८०।१।१० | धन भक्त बुढाकाो घर देखि बैसाखे राोकायाकाो घर बाटाो स्तर उन्नति | ग्राभेल- १४२ . ६५९घ . मि | १८०० | ११३० | ८१२११ |
| जम्मा | | | | | ६९८९८७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,९८,९८७ |

४३ **फरक शिर्षकमा खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ मा स्थानीय तहले विनियोजन ऐनमा तोके अनुसार सम्बन्धित खर्च शीर्षकमा खर्च लेखांकन गर्नुपर्ने व्यवस्था छ। एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुरुप खर्च संकेत प्रयोग गरी खर्च लेख्नु पर्दछ ।नमूना छनौटका आधारमा श्रेष्ताको जाँच गर्दा पालीकाले निम्नानुसारका कारोवारमा खर्च संकेत फरक पारेर खर्चलेखांकन गरेको देखिएकोले उक्त खर्च नियमित नदेखिएको रु

| भौ. न .\ मिति | खर्च लेखांकन शिर्षक | सम्पन्न कार्य | भुक्तानी पाउने | रकम |
|---|---|---|---|---|
| ३२९- २०८०।२।२६ | पाोल्ट्री फर्म जाने बाटाो धारा नजिक बुका नालामा पक्कि पुल निर्माण | चिसापानी पोल्ट्रि फर्म जानेबाटो कल्भर्ट निर्माण अपुग रकम वडा न १ | उपभोक्ता समिति | ५७४००० |

| | | | | |
|---|---|---|---|---|
| २२९- २०८०।१।१३ | वडाका विभिन्न ठाउँमा विकास निर्माणका कार्यहरु | बैजनाथ १ मा सामुदायिक भवन निर्माण | उपभोक्ता समिति | १००००० |
| २३१- २०८०।१।१३ | फर्निचर तथा फिक्चर्स - पालिका र वडा कार्यालयका लागि | डेष्कटप र प्रीन्टर खरिद | ए. एच. बि . ट्रेड प्रा . लि . | ५६८००० |
| २३४- २०८०।१।१४ | फर्निचर तथा फिक्चर्स - पालिका र वडा कार्यालयका लागि | डेष्कटप खरिद र ल्यापटप मर्मत | टेक्नोलिंक इन्टरप्राइजेज सेन्टर | ९८६०० |
| जम्मा | | | | १३४०६०० |
| | | | अनियमित भएको | १३,४०,६०० |

४४ **नदिजन्य पदार्थको रोयल्टी** - नदिजन्य पदार्थको रोयल्टीः लुम्बिनी प्रदेश आर्थिक ऐन २०७९ को दफा ८ मा प्रदेश भित्र अनुसुचि ÷६ बमोजिम तराइका जिल्लाहरुमा ढुङगा, गिटि, बालुवा,ग्राभेल प्रति क्युव फिट रु ८ र माटो संकलनमा प्रति क्युव फिट रु ३ का दरले शुल्क लगाइ असुल गरीने ब्यवस्था छ। स्थानिय तहले आफ्नो क्षेत्र भित्रको नदिजन्य पदार्थ उतखनन् र संकलनमा प्रदेश आर्थिक ऐन अनुसार प्रति क्युफिट रोयल्टी असुलउपर गर्नुपर्ने ब्यबस्था छ।पालिकाभित्रका निम्नानुसारका निर्माण कार्यमा प्रयोग हुने माटो ,ग्राभेल, ढुङगा र गिटी, रितपुर्वकको कर बिजक जारी गरी खरिद गर्नुपर्नेमा ठाडो भर्पाइमा खरिद गरेको आधारमा उपभोक्ता समितिलाइ भुक्तानी गरेको देखियो। ठाडो भर्पाइमा खरिद बिक्री गर्दा नदिजन्य पदार्थको चोरी निकासी हुने र पालिकालाइ प्राप्त हुने रोयल्टी रकम प्राप्त नहुने हुदा यस्तो खरिद कार्यलाइ नियन्त्रण गरी मुल्यांकन भएको निर्माण सामाग्रीको मु. अ. कर समेतको रोयल्टी रकम उपभोक्ता समितिबाट असुल नगर्दा यस बर्ष स्थानिय सरकारको रु ३७७५१० घटी राजश्व असुल भएको रु

| गो. भौ . मिति | योजनाको नाम | निर्माण सामाग्री | परिमाण घनमिटर | रोयल्टी रकम |
|---|---|---|---|---|
| ३३९ - २०८०।२।३० | छगडीपुर एच गाउं मा कल्भर्ट निर्माण | ढुङगा | ४१ | १२७५७ |
| | | बालुवा, गिटि | ३० | ९५६८ |

| | | | | |
|---|---|---|---|---|
| | | माटो | २२६ | २७०२९ |
| ३३८-२०८०।२।३० | बनखेत चौरासी चोक हुदै मिलन चोकदेखि गोविन्द टोल जोड्ने बाटो स्तरउन्नत | माटो | ३७० | ४४२५१ |
| ३२५-२०८०।२।२६ | बनकटवा प्राथमिक स्वा के को घेरा पर्खाल निर्माण | बालुवा, गिटि | २८ | ८९३० |
| ३३३-२०८०।२।२८ | अमरज्योती आ . वि सुतैयाको घेरावार | ढुङगा, गिटि , बालुवा | २४ | ७६५४ |
| ३१७-२०८०।२।२५ | पार्वतिपुर पश्चिम र गडरही चर्चरोड बाटो ग्राबेल | माटो | १६९ | २०२१२ |
| २९९-२०८०।२।४ | भग्गारी पुल देखि दक्षिण दायाँबायाको बाटोमा माटो पटान र ग्राभेल | माटो | ४५९ | ५४८९६ |
| ३०१-२०८०।२।५ पुँजिगत | पाल्ला गाँउ बाटाे ग्राभेल उपभाेक्ता समिति | माटो | ७०.५ | ८४३१ |

| | | | | |
|---|---|---|---|---|
| ३०५-२०८०।२।९ पुँजिगत | नौलापुर बाँधु थारुको घरदेखि सितारामको घर हुदै नौवस्ता जोड्ने बाटोमा स्तरउन्नत | माटो | ३३० | ३९४६८ |
| २८२-२०८०।२।२ पुँजिगत | टिटिहिरिया सुभान उलुम मदरसा देखि दक्षिण पिच बाटो जोड्ने बाटो रोलिङ सहित स्तरउन्नति | माटो | ९२ | ११००३ |
| २८३-२०८०।२।२ पुँजिगत | गाभर क्रमागत बाटो स्तरउन्नत | माटो | ६६ | ७८९३ |
| २९०-२०८०।२।३ पुँजिगत | गौथली सामुदायिक क्षेत्रमा बन्यजन्तु छेकबार निर्माण | ढुङगा, गिटि , बालुवा | ४६ | १४६७० |
| २५६-२०८०।१।२४ | चन्द्र हमालको घर देखि राम खवासको घर जोड्ने जेठीनालामा | माटो | १२६ | १५०६९ |

| | | | | |
|---|---|---|---|---|
| | कल्भर्ट निर्माण | | | |
| २४०-२०८०।१।१७ | माधव लामिछानेको घरदेखि पुर्व गोपाल थापाको घरसम्म माटो पटान सहित ग्राभेल | माटो | ४५६ | ५४५३७ |
| २१०-२०८०।१।१० | पाेल्ट्री फर्म जाने बाटाे धारा नजिक बुका नालामा पक्कि पुल निर्माण | ढुङगा, गिटि , बालुवा | २८ | ८९३० |
| २१३-२०८०।१।१० | धन भक्त बुढाकाे घर देखि बैसाखे राेकायाकाे घर बाटाे स्तर उन्नति | ढुङगा, गिटि , बालुवा | ३६ | ११४८२ |
| २१४-२०८०।१।१० | गेतसमनी ए जि चर्च बैजनाथ ४ भवन मर्मत संभार ( | ढुङगा, , बालुवा | ६५ | २०७३० |
| जम्मा | | | | ३७७५१० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,७७,५१० |

४५ **मुल्यांकन परिमाण भन्दा घटि परिमाण खरिद -** सार्बजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राबिधिक मुल्यांकन बिल, भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराइ सम्बन्धित सार्बजनिक निकायमा पेश गर्नुपर्ने

ब्यबस्था छ। कार्यालयले उपभोक्ताले खरिद गर्ने निर्माण सामाग्रीको स्थानिय बजारको मुल्यलाइ बिचार गरी ढुवानिको उपयुक्त लिड तोकी दर बिश्लेषण गर्नुपर्नेमा सो गरेको देखिएन। पालिकाले मुल्यांकन गरेको परिमाण भन्दा घटिपरिमाण खरिद गरेको हुदा बास्तबिक खरिद भन्दा बढि परिमाण मुल्यांकन भएको देखियो। उपभोक्ता समितिले मुल्यांकन भन्दा निम्नानुसारका निर्माण सामाग्री घटि परिमाणमा खरिद गर्दा उपभोक्ताको लागत भन्दा बढि मुल्यांकन भइ बढि भुक्तानी भएको रकम उपभोक्ताको अंश कट्टी गरी असुल गर्नुपर्ने रु

| गो.भौ.मिति | योजनाको नाम | निर्माण सामाग्री | मुल्यांकन परिमाण | खरिद परिमाण | बढि भुक्तानी उ स अंश कट्टी गरी |
|---|---|---|---|---|---|
| ३४०-२०८०।२।३१ | बनखेत त्रिवेणी चोकदेखि पुर्व खेल मैदान जाने बाटो स्तरउन्नत | माटो. | ८१.६ घ.मि. | खरिद नगरेको | २५४७४ |
| ३६८-२०८०।३।१० | लालिकाँडे टोलको क्रमागत बाटो स्तरउन्नत देखि भौरीकुना सडक हुँदै पश्चिम हात्तिमुण्डा जोड्ने बाटो स्तरउन्नत | माटो. | १७९ घ.मि. | खरिद नगरेको | ६८३७८ |
| ३३४-२०८०।२।२८ | वडा न २ को राजिपुरमा सिंचाइ कार्यक्रम संचालन | ढुङगा | १४.७ घ.मि. | खरिद नगरेको | ६१८८५ |
| २७७-२०८०।२।१ | हरिदत्त आचार्यको घरदेखि गिदरपुर जाने बाटो पक्कि नाली निर्माण | सिमेन्ट(प्रति बोरा रु ७८० ले मुल्यांकन) | १६८ बोरा (पि. सि. सि. १ :२: ४ :-२६. २३ घ. मि. ) | १२३ बोरा (प्रति बोरा रु ४६९) | ६४२७३ |

| | | | | | |
|---|---|---|---|---|---|
| २७२-२०८०।१।२९ | वडा न ५ स्थित बनखेतमा पक्की लाप्सोमा पंखा निर्माइ बैजनाथ ५ | ग्राभेल | १९ घ.मि. | खरिद नगरेको | ३४५३६ |
| जम्मा | | | | | २५४५४६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५४,५४६ |

४६ **धारा जडानको भर्पाइ तथा अभिलेख -** धारा जडानको भर्पाइ तथा अभिलेखः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्रका सार्वजनिक स्थान तथा परिवारमा ब्याक्तिगत तथा सामुहिकरुपमा खानेपानी धारा तथा हेन्डपम्प जडानगर्दा कुन व्यक्ति वा समूहमा जडान गरेको हो सोको अभिलेख राखी धारा बुझेको भर्पाइ गराउनुपर्नेमा यस बर्ष निम्नानुसार उपभोक्ता समितिबाट निम्नानुसारको हेन्डपम्प जडान गरेको भुक्तानी गरेकोमा लाभग्राहिको अभिलेख र धारा हस्तान्तरण गरेको प्रमाण संलग्न देखिएन। अभिलेख राखी उपभोक्तालाइ हस्तान्तरण गर्नुपर्दछ।

| गो.भौ.मिति | उपभोतासमितिकोनाम | धाराजडानसंख्या | भुक्तानीरकम |
|---|---|---|---|
| ३४६-२०८०।३।१ | वडान२काबिभिन्नस्थानमाखानेपानीकाधाराजडान | १५हेन्डपम्प | ५००००० |
| २२८-२०८०।१।१३ | वडासमुदायमाखानेपानीधारानिर्माणवडान३ | ८हेन्डपम्प | १९६००० |
| जम्मा | | | ६९६००० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४७ **दोहोरो भुक्तानी** (२७९-२०८०-२-१):- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले वडा नं ८ मा १२८६ मिटर खानेपानि पाइप लाइन विस्तार गरे वापतकाे टिटिहिरिया खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई रु १००००० भुक्तानी गरेकोमा खानेपानी कार्यालयबाट बितरण लाइनको लागी दिएको पाइपको ढुवानी र jointing and laying डिभिजन कार्यालयले बेहोर्ने र खन्नेपुर्ने कार्य उपभोक्ता समितिले बेहोर्नुपर्ने हुदा यस्तो खर्च पालिकाले भुक्तानी दिन मिल्दैन। खानेपानी कार्यालयबाट दोहोरो नपरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

४८ **बढी भुक्तानी** (२९०-२०८०-२-३):- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। गौथली सामुदायिक क्षेत्रमा बन्यजन्तु छेकबार निर्माण कार्यको सम्झौता रकम रु ६७९५१३ को कार्य सम्पन्न पश्चात रु ६ लाख पालिकाले भुक्तानी गर्नेगरी सम्झौता भइ कार्य सम्पन्नपश्चात रु ९५६६०४ को कार्य मुल्यांकनमा सम्झौता सम्सोधन नगरी रु ६ लाख स्वीकृत योजनाको बजेटबाट र २ लाख पालिकाको ५० प्रतिशत म्याचिङ फन्डबाट भुक्तानी गरेकोमा थप ४ लाख समेत रु १०७९५१३ को कार्य मुल्यांकन हुनुपर्नेमा रु १२२९०९ घटि कार्य भएको रु रु ६१४५५ बढि भुक्तानी रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६१,४५५ |

४९ **कृषि यान्त्रिकरण कार्यक्रम -** पालिकाले कृषि यान्त्रिकरण कार्यक्रम अन्तर्गत मिनिटिलर ९ HP को ३५ थान, २२ HP को १२ थान र रोटामोटर ३५ HP २ थान खरिद गरेको कुल खर्चको ५० % अनुदान बापत रु ३६५६३०० भुक्तानी भएको श्रेष्ता परिक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ अनुसार लागत अनुमान तयार गरी लाभग्राहीको छनौट गरी उनिहरुको योगदान बापतको रकम पालिकामा जम्मा गर्न लगाई प्रतिष्प्रधाको दरमा खरिद गरि आपूर्तिकर्तालाइ कार्यालयबाट भुक्तानी गर्नुपर्नेमा सोझै खरिद गरेको बिलको आधारमा ५० प्रतिशत अनुदानभुक्तानी गरेको हुदा यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ ।

ख) लुम्बिनी प्रदेश स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुबिधा सम्बन्धि ऐन २०७६ को दफा ३ मा अनुसुचि बमोजिमको सुबिधा पाउने र दफा १४ मा ऐनले निर्धारण गरेको सुबिधा बाहेक अन्य सुबिधा नपाउने उल्लेख छ। अनुसुचिमा पदाधिकारीहरुले आफ्नो कार्यक्षेत्रभित्र अनुगमन बापत सुबिधा तोकेको देखिदैन। सामान वितरणको अनुगमन बापत अध्यक्ष सहित १५ जनालाई ८ दिनको १००० का दरले भुक्तानी दिएको रु ६५००० भुक्तानी पाउने आधार पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६५,००० |

५० **विद्यार्थी मूल्याङ्कन पुस्तिका छपाई** (३३-२०८०-३-१५):- पालिकाको शिक्षा शाखाले बर्षान्तमा कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरुको निरन्तर विद्यार्थी मूल्याङ्कन पुस्तिका छपाई गरे बापत दर्पण डिजिटल प्रिन्टर्सलाई रु. ५९९९७३ भुक्तानी गरेकोमा विद्यार्थी तथा विद्यालयको माग विवरण संलग्न गरी आवस्यकताको आधारमा लागत अनुमान तयार गरी पुस्तक छपाई गर्नुपर्नेमा बर्षान्तमा बजेटको उपयोग गर्ने उद्देश्यले पुस्तक छपाई गरेको तथा लेखापरीक्षणको अवधिमा शिक्षा शाखामा उक्त पुस्तिका मौज्दात नै रहेको देखिएकोले आबश्यकता पहिचान नगरी खर्च गर्दा बढि व्ययभार पारेकोले सम्बन्धित पदाधिकारीलाइ जिम्मेवार बनाउनुपर्ने रु

| | |
|---|---|
| अनियमित भएको | ५,९९,९७३ |

५१ **कम्प्यूटर तथा लेखा समितिको कार्यक्रम** - ✂.......... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१ ।२५ को निर्णयबाट रु. २४६६९ ।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५२ **पोशाक खर्च** (६८-२०८०-२-२६):- स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहले आफ्नो आन्तरिक आयको विचार गरी कानूनी व्यवस्था गरेर मात्र कुनै पनि सेवा सुविधा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले स्वयंसेवकको रुपमा कार्य गर्ने महिला स्यंवसेविकाहरुलाई दिर्घकालिन रुपमा पालिकालाई आर्थिक व्ययभार पर्ने कुराको अध्ययन तथा विश्लेषण नगरीकनै तथा कार्यविधि तयार नगरिकनै ९२ जना महिला स्वंयसेविकालाई जनही ५००० का दरले चाडपर्व खर्च र १२ महिनाको (सुरुको ७ महिना प्रति महिना रु २००० र पछिल्लो ५ महिना प्रति महिना रु ३०००) प्रोत्साहन भत्ता बापत रु. ३१२८००० भुक्तानी गरी बढि य्ययभार पारेको देखियो। यस्तो दिर्धकालिन रुपमा पालिकालाई आर्थिक व्ययभार पर्ने कुराको भुक्तानी गर्दा आन्तरिक आयको समेत विचार गरी कार्यक्रम स्वीकृत गर्नुपर्दछ। आन्तरिक आयले नधान्ने यस्ता खर्च नियन्त्रण गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५३ **दलित तथा जेहेन्दार छात्रवृत्ती** (४५-२०८०-३-२४):- पालिकाले दलित तथा जेहेन्दार छात्रवृत्ती सम्वन्धि कार्यविधि अनुसार सवैभन्दा बढी अंक ल्याएको विद्यार्थीलाई जेहेन्दार छात्रबृत्ती प्रदान गर्न सकिने व्यवस्था रहेकोमा पालिकाले ८ जनाको नामबाट विभिन्न क्याम्पस तथा विद्यालयको खातामा ८००००० भुक्तानी गरेकोमा उक्त छात्रबृत्ती रकम सामाजिक डिभिजन कार्यालयबाट समेत प्रदान गर्ने हुदा उक्त कार्यालयसँग समन्वय तथा जेहेन्दार विद्यार्थीको सम्वन्धित विद्यालयको सिफारिस पत्र र सर्वोकृष्ट अंक ल्याएको प्रमाण समेत पेशगरेको देखिएन। शैक्षिक संस्थाबाट जेहेन्दार विद्यार्थी र नियमित रुपमा अध्ययन गरिरहेको तथा निज बिद्यार्थिहरुलाइ सामाजिक डिभिजन कार्यालय नेपालगंजबाट दोहोरो भुक्तानी नभएको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,००,००० |

५४ **स्थानीय पाठ्यक्रम निर्माण** (४३-२०८०-३-२२):- पालिकाले स्थानीय पाठ्यक्रम निर्माण गरे बापत लाल ब वोहरालाई रु २०६०८ र दर्पण डीजिटल मिडियालाई रु. ६३१५०२ भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

(क) सुझाव संकालन बापत ३ जना शिक्षा शाखाकै कर्मचारीलाई २ दिनको २००० र १००० को दरले रु ५००० भत्ता वितरण गरेको देखिएकोले शाखा कर्मचारीलाइ मौखिक सुझावको भत्ता भुक्तानी गर्ने आधार नम्स पेश गर्नुपर्ने अन्यथा असुल गरी दाखिला प्रमाण गर्नुपर्ने रु

ख) अनुगमन बापत विषय सम्वन्धि व्यक्ति बढीमा ३ जना सम्म जान सकिने मा ७ जना १४ दिन सम्म अनुगमनमा गरेको भनी ९८००० भुक्तानी भएकोमा ७ जनाकै १४ दिन सम्म कुन कुन क्षेत्रमा के के अनुगमन गरेको हो सो को चेकलिष्ट पेश गर्ने वा उक्त अनुगमन बापत भुक्तानी भएको भत्ता असुल गरी दाखिला गर्नुपर्ने रु.

ग) स्थानीय पाठ्यक्रमको मस्यौदा रिडिङ्ग गरेबापत २ जना आन्तरिक शिक्षाका कर्मचारीलाइ १० हजारका दरले रु २०००० भुक्तानी गरेकोमा भत्ता भुक्तानी गर्ने आधार नम्स पेश गर्नुपर्ने अन्यथा असुल दाखिला प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२३,००० |

५५ **एउटै सप्लायर्सबाट सिमा भन्दा बढि सोझै खरिद** - सार्वनजिक खरिद नियमावली २०६४ को नियम ८५ अनुसार सार्वाजनिक निकायले कुनै पनि सप्लायर्ससँग एकै पटक वा पटकपटक गरी १० लाख रुपैया भन्दा बढीको मालसामान सोझै खरिद गर्न नहुने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको खरिद कार्य गर्दा बर्षान्तमा खरिद गरि एकै पार्टिलाई सीमा भन्दा बढीको दरभाउपत्र समेत नलिइ सोझै खरिद गरी भुक्तानी गरेको देखिएकोले अनियमित देखिएको रु

| गो भौ नं र मिति | सामाग्री खरिद | भुक्तानी पाउने पार्टि | भुक्तानी रकम |
|---|---|---|---|
| २।०८०।२।११ | चापकटर | कृषि मेशिनरी सोलुसन प्रा लि | १३९२१२४ |
| ५।०८०।३।१५ | हार्मिटिङ्ग व्याग | कृषि मेशिनरी सोलुसन प्रा ली | १७२३४०० |
| ९।०८०।३।२२ | पशु दाना बनाउने मेसिन | कृषि मेशिनरी सोलुसन प्रा ली | १२८०००० |
| जम्मा | | | ४३९५५२४ |

| अनियमित भएको | ४३,९५,५२४ |
|---|---|

५६ **अग्रीम कर** (९-२०७९-१०-२५):- पालिकाले खेलकुद प्रतियोगिता संचालन गरेको भलाई पेश्की बापत रु ६००००० फर्छ्यौट गरी १८२५१२ भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) आयकर ऐन २०५८ को दफा ८९(१ ) अनुसार ५० हजार रुपैया भदा बढिको भुक्तानीमा १.५ प्रतिशत अग्रीम कर कट्टी गरी भुक्तानी गर्नुपर्ने ब्यबस्था भएकोमा निम्नानुसारको भुक्तानीमा ऐन अनुसार १.५ प्रतिशत अग्रीम कर कट्टी गरेको नदेखिएकोले कर बापतको रु असुल गरी दाखिला गर्नुपर्ने रु

| भुक्तानी लिने पार्टी | विवरण | रकम | अग्रिम कर |
|---|---|---|---|
| उमा स्टेशनरी एंण कम्प्यूटर सप्लायर्स | खेलकुद सामाग्री | ५५००० | ८२५ |
| शुभम् छापाखाना | | १४६००० | २१९० |
| स्वस्तिक अफसेट प्रेस | | ७६७०० | ११५१ |
| संगिता खाजा घर | | ९७४०० | १४६१ |
| महेश क्याटरिङ्ग | | ५७२०० | ८५८ |
| जम्मा | | | ६४८५ |

| असुल गर्नुपर्ने | ६,४८५ |
|---|---|

५७ **मुल्याङ्कनविना भक्तानी** (२६५-२०८०-१-२६):- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यवस्था छ। वडा नं ८ को वडा कार्यालयको रंगरोगन कार्यको ओभरहेड र ज्याला समेतको रु १९९०११ कार्य मुल्यांकन गरी साधना ट्रेडर्स एन्ड सप्लायर्सलाइ रु १९९००० भुक्तानी गरेकोमा सप्लायर्सबाट रंगरोगनका सामाग्री खरिदको मात्रबिल संलग्न गरेको छ। खरिद गरिएका सामाग्रीबाट कति क्षेत्रफल रंगरोगन कार्य भएको हो सोको ज्याला रकम पुष्टी हुने मुल्यांकनको आधार पुष्टि नगरी सामान खरिदको

बिलको आधारमा मात्र सप्लायर्सलाइ दिएको औभरहेड रु २५९५७ र खर्च पुष्टी नभएको ज्यामी बापतको रु ४८०३५ भुक्तानी गरेकोले सो रकम असुल गर्नुपर्ने रु

| | असुल गर्नुपर्ने | ७३,९९२ |
|---|---|---|

५८ **मेशिनको कार्य मेनुयल मुल्यांकन गरी भुक्तानी** (३१९-२०८०-२-२५):- नौबस्ता खानेपानी उपभोक्ता समितिलाइ खानेपानीको बितरण लाइन बिस्तारको पाइपको ट्रेन्च खन्ने पुर्ने, पाइप जडान र पाइप ढुवानी बापतको रु ५४१८८९ मुल्यांकन गरी रु ४२४०२४ भुक्तानी गरेकोमा निम्नानुसार देखियो।

क. बढि भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। उपभोक्ता समितिले प्रदेश डिभिजन कार्यालय नेपालगंजबाट प्राप्त गरेको २००० मिटर पाइप ढुवानी बापतको १०१०० को भर्पाइ संलग्न गरी बिभिन्न साइजको २४०० मिटर पाइपको जडान बापतको रु १७६१६६ भुक्तानी भएको देखिएकोले पाइपको लम्वाइ भन्दा ४०० मिटर बढि लम्वाइको jointing and laying भुक्तानी गर्न नमिल्ने हुदा बढि रकम असुल गर्नुपर्ने रु

ख. मेशिनबाट भएको कार्य मेनुयल मुल्यांकनः पाइपलाइनको ट्रेन्च ७४५ घ. मि. प्रति घ. मि. ४५१।३४ को दरले म्यानुयल खन्ने कार्यको रु ३३६२४८ र जे .सि .बि. बाट १५ घन्टाको हमाल बिल्डर्सको बिजक राखि २२६.८घ .मि को रु २६३८८ कार्य मुल्यांकन गरेकोले एउटै काममा मेशिन र म्यानुयलबाट खन्ने कार्य दिदा सबै कार्य मेशिनबाट हुनेहुदा मेशिनको कार्य मेनुयल मुल्यांकन भएको बढि रु ३३६२४८ को उपभोक्ताको अंश कट्टि गरी हुने रु असुल गर्नुपर्ने रु २६३१११

ग. खानेपानी डिभिजन कार्यालयको काममा दोहोरोः खानेपानी कार्यालयले उपभोक्ता समितिबाट हुने कार्यमा बितरण लाइनको ट्रेन्च खन्ने पुर्ने कार्यमा अनिबार्यरुपमा जनसहभागिता जुटाउने हुदा उक्त कार्यमा पालिकाले भुक्तानी गर्न हुदैन। खानेपानी कार्यालयबाट बितरण लाइनको लागी दिएको पाइपको ढुवानी र jointing and laying डिभिजन कार्यालयले बेहोर्ने र खन्नेपुर्ने कार्य उपभोक्ता समितिले बेहोर्नुपर्ने हुदा पालिकाले यस योजनका अतिरिक्त अन्य पाइप खरिद बाहेकको योजना सन्चालन भएको भएमा समेत छानबिन गरी दोहोरो भुक्तानी भए नभएको एकिन गरी पालिकाबाट भएको भुक्तानी असुल गर्नुपर्दछ।

| | असुल गर्नुपर्ने | २,९२,४७२ |
|---|---|---|

५९ **सुरक्षित नागरिक आवास कार्यक्रम** - खरको छाना बिस्थापन बापत गत बर्ष सम्म प्रथम किस्ता रु ३०००० का दरले प्राप्त गरेका १६२ जना मध्ये यस बर्ष सुरक्षित नागरिक आवाश कार्यान्वयन कार्यबिधि २०७५ को अनुसरचि -३ बमोजिम प्राबिधिक प्रतिबेदन र कार्य सम्पन्न भएको फोटो संलग्न नगरी जस्तापाता सामाग्री खरिदको बिल र वडा कार्यालयको सिफारिसको आधारमा मात्र ४४ लाभग्राहीलाइ अन्तिम किस्ताको रु २० हजारका दरले रु ८८०००० भुक्तानी गरेको देखियो । सुरक्षित नागरिक आवाश कार्यान्वयन कार्यबिधि २०७५ को पहिलो संशोधन २०७६ को परिच्छेद ३ को बुँदा नम्बर ६ मा कुनै ब्यात्तिले झुटा बिबरण पेश

गरी अनुदान रकम दिएको पाइएमा वा जुन प्रयोजनका लागी अनुदान रकम उपलब्ध गराइएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइएमा वा किस्ता बमोजिमको गर्नुपर्ने कार्य प्रगति अनुदान उपलब्ध गराएएको मितिले तिन महिना भित्र नगरेमा लाभग्राहिबाट अनुदान रकम स्थानिय तहले असुलउपर गर्ने ब्यबस्था छ । यस पालिका अन्तर्गत प्रथम किस्ता प्राप्त गरेका १६२ जना मध्ये हाल सम्म पनि १२२ जनाले कार्य समपन्न गरी अन्तिम किस्ता माग नगरेकोमा पालिकाले कार्यबिधि बमोजिम प्रथम किस्ताको रकम असुल गरेको देखिएन। कार्यबिधि बमोजिम समयमा कार्य सम्पन्न नगर्ने लाभग्राहिको किस्ताको रकम असुल तथा छनौट भएका लाभग्राही ६५२ क्रमागत लाभग्राहीमध्ये हालसम्म प्रथम किस्ता पनि माग नगर्ने लाभग्राहीको हाल सम्म खरको छाना भए नभएको एकिन गरेर मात्र अनुदान भुक्तानी गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६० **उपभोक्ता समितिसम्वन्धि तालिम** (२५४-२०७९-११-४):- पालिकाले उपभोक्ता समितिलाई मिति २०७९/०८/१९ देखि २६ गते सम्म र १ देखि ८ सम्म तालिम संचालन बापत डोटी नेपालीको नाममा रु. ५२०००० भुक्तानी गर्दा तालिम संचालन अनुगमन बापत जनप्रतिनिधि तथा कर्मचारीलाई अनुगमन प्रतिबेदन र रकम प्राप्तिमा हस्ताक्षर समेत नगरी रु ३२४७० भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ३२,४७० |
|---|---|

६१ **सामाजिक सुरक्षा भत्ता**

६१.१ पालिकाले यस वर्ष सामाजिक सुरक्षाको लागि अन्तिम बजेट रु २३४०७८००० विनियोजन गरी रु प्रथम त्रैमासिकमा ६२९६ कायम लाभग्राही मध्ये ६२१८ जनालाई रु ५४६०३५५६, दोस्रो त्रैमासिकमा ६४७६ जना लाभग्राही कायम गरी ६३८५ जना लाभग्राहीलाई रु ५७६०२६१८.२३ , तेस्रो त्रैमासिकमा ६५०६ लाभग्राही कायम भएकोमा ६४३७ जनालाई रु ५८००१५७५ र अन्तिम त्रैमासिकमा ६६१६ जना लाभग्राही कायम भएकमा ६६१६ जनालाई भत्ता बापत रु ५९५८२३६० गरी कुल रु. २२९७९०१०९.२३ भुक्तानी भएको श्रेष्ता परिक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) आ व २०७८।७९ मा अन्तिम त्रैमासिकमा कायम भएका लाभग्राही विवरणमा नया लाभग्राहीको डाटा थप घट गरी नँया आ व मा कायम भएको संख्यामा रकम भुक्तानि दिनुपर्नेमा निम्नानुसारको वडामा जिम्मेवारी सारेको संख्यामा फरक परेको हुदा पालिकाले उक्त कार्यको अनुगमन गरी एकिन गर्नुपर्दछ ।

| वडा नं | आ व २०७८।७९ को अन्तिम त्रैमासिक मा कायम भई भत्ता विवरण गरेको संख्या लाभग्राही | आ व २०७९।८० को प्रथम त्रैमासिकमा जिम्मेवारी सारेको संख्या | घटि नविकरणिय संख्या |
|---|---|---|---|
| १ | ७२३ | ६९७ | २६ |
| २ | ८५९ | ८४८ | ११ |

| | | | |
|---|---|---|---|
| ३ | ६४२ | ६२८ | १४ |
| ४ | ६३७ | ६२९ | ८ |
| ५ | १०१३ | ९७० | ४३ |
| ६ | ८६९ | ८२४ | ४५ |
| ७ | २४४ | २४४ | ० |
| ८ | ८७० | ८३८ | ३२ |
| जम्मा | | | १७९ |

सैद्धान्तिक बेरुजु

६१.२ क) **निस्कृय खाताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३(५) मा खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई उपलव्ध गराउनु पर्ने उल्लेख छ। लेखापरीक्षणको क्रममा निष्कृय लाभग्रहीको खाता माग गर्दा उपलब्ध गराएको छैन । पालिकाले निष्कृय लाभग्राहीको खाताको विवरण बैंकबाट लिइ लाग्राहिको खातामा रहेको निश्क्रीय रकम असुल गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्दछ।

ख) **लगत कट्टाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि ,२०७७ को बुंदा २६(३) मा एक आर्थिक वर्ष सम्म पनि रकम नझिकेमा लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्वन्धमा स्थानिय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्वन्धीत वडा कार्यालय तथा बैंकबाट लगत कट्टा हुने गरि लगत कट्टा गरेको मिति सम्मको रकम सम्वन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछीको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। वितरण गरि बाँकी तथा लगत कट्टाको विवरण सम्वन्धीत बैंकबाट लिई छानविन गरेको तथा बैंकले वितरण गरि बाँकी रहेको रकम समयमा फिर्ता गरेको पाइएन । बैंकले पालिकाबाट प्राप्त निकासा वितरण गरि बाँकी रहेको रकम र लगत कट्टा भई फिर्ता गर्नुपर्ने रकम समयमै फिर्ता र विवरण समयमै उपलब्ध नगराउँदा कुन कुन लाभग्राहीको लगत कट्टी बाट के कति रकम फिर्ता हुने हो एकिन गर्न सकिएन ।पालिकाले कार्यविधिमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षा भत्ता पाइरहेका व्यक्तिको मृत्यु भएको वा अन्य कारणले भत्ता प्राप्त गर्न योग्य नभएका व्यक्तिको पहिचान गरी बढि भुक्तानी भए नभएको एकिन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

६२ **बढी भुक्तानी** (२३६-२०७९-१०-२२):- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले विल भरपाई सहित लेखा राख्ने र सो को आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले न्यायिक समितिका मेलमिलाप कर्तालाई तालिम संचालन गरेकोमा गणेश बहादुर वलिलाइ १६ शेसनको रु ४८००० र कपिल देव शर्मालाइ १४ शेसनको रु ४२००० प्रशिक्षण गरेवापत प्रति सेसन रु ३ हजारका दरले कार्यपत्र पेश नगरी भुक्तानी दिएको देखिएकोले कार्यपत्रतथा प्रति शेसन रु ३००० भुक्तानी दिने मापदण्ड आधार पेश गर्नुपर्ने ररु .

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९०,००० |

६३ **बढी भुक्तानी** - अर्थ मन्त्रालय द्धारा जारी कार्यसंचालन निर्देशिका २०७७ अनुसार सार्वजनिक निकायले कुनै कार्यक्रम संचालन गर्दा कार्यविधिले तोके अनुसारको दरमा रकम भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिका संघीय कार्यविधि भन्दा फरक हुने गरी पालिकाले बढी दर हुने गरी कार्यविधि स्वीकृत गरी निम्नानुसारको कार्यक्रमको विभिन्न आइटममा बढी व्ययभार हुने गरी खर्च लेखेको हुदा पालिकाले आगामी दिनमा संघ सँग नबाझिने गरी कानून निर्माण गरी खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।

| भौ नं मिति | कार्यक्रम | संचालनकर्ता।भुक्तानी पाउने | भत्ताको प्रकार | दिनुपर्ने | दिएको | बढी रकम कर बाहेक |
|---|---|---|---|---|---|---|
| ५।२०७९।५।७ | जनप्रतिनिधि।कर्मचारी क्षमता विकास तालिम | तप्तराज पौडेल | पदाधिकारी।कर्मचारीलाई सहभागी भत्ता | - | १७७००० | १५०४५० |
| | ” | विकास लामा | प्रशिक्षण भत्ता | २६०० | ६०००० | ४८७९० |
| | ” | सुर्य बहादुर खत्री | प्रशिक्षण भत्ता | २६०० | ६८०० | ३५७० |
| | ” | खडान्नद अधिकारी | प्रशिक्षण भत्ता | २६०० | ६८०० | ३५७० |
| १५७।०७९।९।११ | लैङ्गिक हिंसाविरुध्दको अभिमुखिकरण तालिम | लक्ष्मी ज्ञवाली | कर्मचारी।पदाधिकारी अनुगमन भत्ता | - | ३२०० ० | २७२०० |
| | ” | कपलदेव शर्मा | सहजिकरण भत्ता | १०४०० | १९२०० | ७४८० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | 〃 | लक्ष्मी ज्ञवाली | सहजिकरण भत्ता | १४०० | ८००० | ६०१० |
| | 〃 | कुशल दलामी | पत्रकार यातायात | - | ३००० | २५५० |
| | 〃 | लक्ष्मी ज्ञवाली | पदाधिकारी।कर्मचारी यातायात | - | ११००० | ९३५० |
| १७८।०७९।०९।२२ | सहकारी संस्थाहरुको समन्वय तथा अन्तरक्रिया कार्यक्रम | तिलक के.सी. | सहभागी यातायात भत्ता | - | २६००० | २६००० |
| २३६।२०७९।१०।२२ | न्यायिक समितिको तालिम | गणेश बहादुर ओली | प्रशिक्षण भत्ता-१६ सेसन | २०८०० | ४८०००० | २३१२० |
| | 〃 | कपिलदेव शर्मा | प्रशिक्षण भत्ता-१४ सेसन | १८२०० | ४२००० | २०२३० |
| | 〃 | शिला पाठक | सहभागी यातायात ४८ जनालाई ६ दिनसम्म प्रत्येक दिनको ७०० को दरले दिइएको | २४००० | २१०६०० | १७७६०० |
| २५४।२०७९।११।४ | उपभोक्ता समितिलाई १ दिने तालिम | डोटी नेपाली | कर्मचारीबाट प्रशिक्षण कुल ४० सेसन १४००को दरले भुक्तानी | २८००० | ५६००० | २३८०० |
| | 〃 | 〃 | कर्मचारीबाट अनुगमन | - | ११०००० | ९३५० |
| | 〃 | 〃 | कर्मचारी यातायात | - | २७६०० | २७६०० |
| | 〃 | 〃 | पदाधिकारी अनुगमन | - | २१०००० | १७८५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ״ | ״ | सहभागी यातायात ३९४ जनालाई ४०० को दरले भुक्तानी | ७८८ ०० | १५७६ ०० | ७८८० ० |
| २७५।२०७९।१ १।१० | जेष्ठ नागरिकलाई इलेक्ट्रोनिक जग वितरण कार्यक्रम | लक्ष्मी ज्ञवाली | उपस्थित भए वापत जनप्रतिनिधि कर्मचारीलाई भत्ता वितरण | - | ४००० ० | ३४०० ० |
| ५१८।२०८०।२ ।२५ | राजस्व संकलन कार्यमा संलग्न कर्मचारीहरूलाई क्षमता अभिवृद्धि कार्यक्रम | पालिका कर्मचारी | कर्मचारी सहभागी भत्ता | - | ६००० ० | ५१०० ० |
| | ״ | पुर्ण प्रसाद जैसी | प्रशिक्षण भत्ता | ५६० ० | १६०० ० | ८८४० |

| सैद्धान्तिक बेरुजु |
|---|

६४ **किसानसँग पालिका प्रमुख कार्यक्रम** - पालिकाले किसानसँग पालिका प्रमुख कार्यक्रममा अवण्डा बजेट राखि बर्षान्तमा योजना टुक्रा गरी ४ वटा कार्यक्रमहरु बाखा प्रबर्द्धन बापत गो भौ नं १३।०८०।३।२३ बाट ८ जनालाई पालिकाको(७०%) अनुदान बापत जनही ८५००० का दरले रु ६८०००० , गो भौ नं १२।०८०।३।२३ बाट गाई भैसि पालकलाई अनुदान बापत (७०% अनुदानमा) मा ८ जना लाभग्राहीलाई भैसि खरिद बापत जनही ८५००० को दरले रु ६८००००, गो भौ नं ११।०८०।३।२३ बाट कुखुरा अनुदानमा वितरण बापत ७ जना लाभग्राहीलाई जनही ८५००० का दरले ७ जनालाई ५९८५०० र गो भौ नं १४।०८०।३।२३ बाट बंगुर पालन सुधार कार्यक्रम बापत ८ जनालाइ जनही ८५००० का दरले ६८०००० भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

क) बाखा प्रवर्दन कार्यक्रमको रकम वितरण गर्दा अनुगमन बापत ११ जनालाई २ दिनको १००० का दरले रु ११०००, गाई भैसि प्रबर्द्धन कार्यक्रममा १० जनालाई २ दिनको अनुगमन बापत रु २००००, कुखुरा प्रवर्द्धन कार्यक्रममा १० जनालाई १ दिनको १०००० र बंगुर प्रबर्द्धन कार्यक्रममा ११ जनालाई २ दिनको २२००० गरी कुल रु ५३००० भुक्तानी गरेको देखियो। स्थानियतहका पदाधिकारी तथा सदस्यहरुले पाउने

सेवा सुबिधा सम्बन्धि ऐन २०७६ मा पदाधिकारीहरुलाइ अनुगमन भत्ता दिने ब्यबस्था देखिदैन। अनुसुचिमा उल्लेख भएको बाहेक अन्य सुबिधा दिन नहुने दफा १४ मा उल्लेख छ। पालिका भित्र संचालन भएका कार्यक्रममा अनुगमन भत्ता दिने आधार र आन्तरिक आयलाइ समेत बिचार गरी आन्तरिक आयले धान्ने सम्म यस्ता भुक्तानी गर्ने तर्फ ध्यान दिइ यस्ता खर्च नियन्त्रण गर्नुपर्दछ।

ख) सार्वजनिक खरिदमा मितव्ययीता कायम गर्ने मापदण्ड २०७७ अनुसार अनुदान बापत वितरण गरिने अवस्था सार्वजनिक निकायले लागत अनुमान तयार गरी खरिद नियायमावली अनुसार मुल्य सूचि निर्धारण गरी लाभग्राहीको यकिन गरी उनिहरुको योगदान बापतको रकम पालिकामा जम्मा गर्न लगाई रकम भुक्तानी गर्नुपर्नेमा लाभग्राहीको छनौट नगरी बर्षान्तमा कृषि प्रवर्द्धनको कार्यक्रम संचालन नगरी कृषकले पेश गरेको विजकको आधारमा उक्त विजकको ७० प्रतिशतका दरले नगदै अनुदानबापतको रकम भुक्तानी भएको हुदा वितरित रकमको सहि सदुपयोग भए नभएको सम्बन्धमा पालिकाबाट अनुगमन गरेको भनि भत्ता भुक्तानी गरेको प्रतबेदनमा खुलाएको देखिएन। पालिका प्रमुखको कार्यक्रममा अबन्डा राखि आर्थिक बर्षको अन्तमा स्वीकृत कार्यबिधि अनुसार लाभग्राही छनौट नगरी तजबिजिय अधिकार प्रयोग गरी किशानले पेश गरेको बिजकको आधारमा ७० प्रतिशत अनुदान दिएको नियमसम्मत देखिएन।

ग) पालिकाबाट सामान वितरण कार्यक्रममा समेत खाजा खर्च बापत भुक्तानी भएको रु६००० असुल गरी दाखिला गर्नुपर्ने रु

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ६,००० |

६५ **कृषि यान्त्रिकरण कार्यक्रम** - पालिकाले कृषि यान्त्रिकरण कार्यक्रम अन्तर्गत मिनिटिलर ९ HP को ३५ थान, २२ HP को १२ थान र रोटामोटर ३५ HP २ थान खरिद गरेको भनी भनी कुल खर्चको ५० % अनुदान बापत ३६५६३०० भुक्तानी भएको श्रेष्ता परिक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) सार्वजनिक खरिदमा मितव्ययीता कायम गर्ने मापदण्ड २०७७ अनुसार अनुदान बापत वितरण गरिने अवस्था सार्वजनिक निकायले लागत अनुमान तयार गरी खरिद नियायमावली अनुसार मुल्य सूचि निर्धारण गरी लाभग्राहीको यकिन गरी उनिहरुको योगदान बापतको रकम पालिकामा जम्मा गर्न लगाई रकम भुक्तानी गर्नुपर्नेमा सामान आपूर्ति भएको भनी भुक्तानी भएको हुदा लागत अनुमान तयार नगरी कनै खरिद कार्य गरेको हुदा अनियमित भएको हुदा आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ ।

ख) सामान वितरणको अनुगमन बापत अध्यक्ष सहित १५ जनालाई ८ दिनको १००० का दरले भुक्तानी दिएको रु ६५००० भुक्तानी भएको देखिएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु

ग) खरिद कार्य सँग असम्वन्धित खाना खर्च बापत कृष्ण कमल फुडल्याण्ड एण्ड पार्टि प्यालेसलाई खाना बापत खर्च भएको रु ५९८८० भुक्तानी आधार पेश गर्नुपर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने रु

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | १,२४,८८० |

६६ **पुनः डिपिआर** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ अनुसार सार्वजनिक निकायले कुनै पनि कार्यको रकम भुक्तानी गर्दा कानून अनुसार भए नभएको यकिन गरी प्रमाण कागजात भए नभएको यकिन गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले एक पटक विस्तृत अध्ययन गरी पालिका भवन बनिसकेको अवस्थमामा पुनः त्यसको पेरीफेरीमा गार्डेनिङ्ग तथा अन्य कार्यको लागि भनी पुनः विस्तृत अध्ययन गराई गो भौ नं २६।०८०।३।५ बाट क्यानभास इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा ली प्रशासनिक निर्माण कार्य भनी रु ९६०००० भुक्तानी भएको हुदा एक पटक अध्ययन गरिसकेको कार्यमा अन्य माइनर कुरा छुटेको भनी पुनः अध्ययन गराई भुक्तानी गराई पालिकालाई थप व्ययभार भएको हुदा उक्त कार्यको निर्णयकर्ता तथा परामर्शदातालाई जिम्मेवारी बनाउनुपर्ने रु

| | | |
|---|---|---|
| | अनियमित भएको | ९,६०,००० |

## ६७ परामर्शसेवा खरिद

६७.१ सार्वजनिक खरिद नियमावली २०६४ अनुसार बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था रहेको छ । यस स्थानीय तहले यो बर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| | परामर्शदाता | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| २६।०८०।३।५ | क्यानभास इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा ली | प्रशासनिक भवन नर्माण | ९६०००० |
| ३८।०८०।३।१८ | ल्याण्ड स्केप कन्सल्टेन्सी | गुवार सल्यानी टोल बाटो निर्माण डि पि आर | ४९१००० |
| ५२१।०८०।२।१६ | एजेष्ट इन्जिनियरिङ्ग कन्सल्टेन्सी | मन्दिर देखि च्यामा चोक को सडक निर्माण डि पि आर | ४८५९०० |
| २२१।०७९।१०।६ | आरोग्य विल्डर्स एण्ड कन्सल्टिङ्ग प्रा ली | वडा नं ७ को भवन डि पि आर | १३६५००० |
| ७४६।०८०।३।२४ | गभर्नेस स्टडिज एण्ड रिसर्च सेन्टर | पालिकाको O N M SERVEY | ४९७९९१ |

| | | | |
|---|---|---|---|
| | | | ३७९९८९१ |

क) सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले परामर्श सेवाको खरिद गर्नको लागि खरिद योजना तयारी प्रतिष्पर्धि तवरले आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र परामर्श सेवा खरिद गनुपर्दछ।

ख) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८१ अनुसार सार्वजनिक निकायले परामर्शदाताबाट परामर्श सेवा खरिद गर्दा खरिद सम्झौता बराबर खरिद मूल्य खप्ने गरी परामर्शदाताले पेशागत उत्तरदायित्व विमा गरेको प्रमाण पेशगर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले पालिका भवन लगायतका अन्य विभिन्न कार्यको परामर्श सेवा खरिद गर्दा पेशागत उत्तरदायित्व विमा पेश नगरेकोले आगामी दिनमा यस कार्यमा सुधार गरिनुपर्दछ।

ग) परामर्शत दातालाई दिएको टर्म अफ रिफरेन्समा इन्सेप्सन रिपोर्ट, ड्राफ्ट रिपोर्ट एक प्रति फाइनल रिपोर्ट २ प्रति बुझाउनुपर्ने र भुक्तानी तरिकामा ५० प्रतिशत प्रतिशत भुक्तानी ड्राफ्ट रिपोर्ट पेश भएपछि र ५० प्रतिशत भुक्तानी अन्तिम प्रतिवेदन पेश भएपछि हुने उल्लेख भएकोमा फिल्ड प्रतिवेदन र ड्राफ्ट प्रतिवेदन प्राप्त भई सो उपर छलफल राय सुझाव सहित अन्तिम प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था बमोजिम आगामी दिनमा यस कार्यमा सुधार गरिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६७.२ सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले स्वीकृत दरमा लागत अनुमान तयार गरी खरिद कार्य गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले परामर्श सेवा खरिद गर्दा प्रदेश भौतिक पूर्वाधार मन्त्रालयद्धारा स्वीकृत नर्म्स अनुसार को आधारमा लागत अनुमान तयार गरी परार्शसेवा खरिद गर्नुपर्नेमा सो भन्दा बढी हुने गरी लागत अनुमान तयार गरी भुक्तानी दिएको निम्नानुसारको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| विवरण | पारामर्शदाता | भुक्तानी भएको आइटम र दर | नर्म्स अनुसारको दर | बढी भुक्तानी |
|---|---|---|---|---|
| बैजनाथ गाँउपालिकाको विस्तृत अध्ययन | | सर्भयर १ जना प्रति महिना ६५८०० | ५७३४० | ८४६० |
| | | सर्पोटिङ्ग स्टाफ १ जाम १ महिना | ३९६०९ | २६१९१ |

| | | | | |
|---|---|---|---|---|
| | | प्रति महिना रु ६५८०० | | |
| | | ड्राफ्ट पर्सन१ जना प्रति महिना ६५८०० | ५७३४० | ८४६० |
| | | कम्प्यूटर अपरेटर@ ६२०९० | ५७३४० | ४७५० |
| | | | | ४७८६१ |

| | |
|---|---|
| अनियमित भएको | ४७,८६१ |

६७.३ पालिकाले पालिका भवन निर्माण गर्नको लागि २०७५ सालमा रु १७३७६०४ खर्च गरेर पालिका भवनको डि पि आर प्रतिवेदन तयारी गरेको भनी आरोग्य विल्डर्स एण्ड कन्सल्टेन्सी प्रा लीलाई भुक्तानी गरेकोमा पुन यस वर्ष उक्त डि पि आरमा समावेश नभएको गार्डेनिङ्गको सहितको पालिका भवन डी पि आर तयार भनी गो भौ नं २६।०८०।३।५ बाट प्रशासनिक भवन डि पि आर भनि क्यानभास इन्जिनियरिङ्ग कन्सल्टेन्सी लाई रु ९६०००० भुक्तानी भएको छ । पालिकाले यस सम्वन्धमा छानविन गरी दोहोरो परे नपरेको सम्वन्धमा प्रतिवेदन पेश गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६८ **सोझै खरिद** - सार्वनजिक खरिद नियमावली २०६४ को नियम ८५ अनुसार सार्वाजनिक निकायले कुनै पनि सप्लायर्ससँग पटकपटक गरी सिमा भन्दा बढीको सोझै खरिद गर्न नहुने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको खरिद कार्य गर्दा बर्षान्तमा खरिद गरि एकै पार्टिलाई सीमा भन्दा बढीको भुक्तानी गरी अनियमित भएको हुदा उक्त कार्यमा सुधार गर्नुपर्दछ ।

| गो भौ नं र मिति | सामाग्री खरिद | भुक्तानी पाउने पार्टि | भुक्तानी रकम |
|---|---|---|---|
| २।०८०।२।११ | चापकटर | कृषि मेशिनरी सोलुसन प्रा लि | १३९२१२४ |
| ५।०८०।३।१५ | हार्मिटिङ्ग व्याग | कृषि मेशिनरी सोलुसन प्रा ली | १७२३४०० |

| | | | |
|---|---|---|---|
| ९।०८०।३।२२ | पशु दाना बनाउने मेसिन | कृषि मेशिनरी सोलुसन प्रा ली | १२८०००० |
| जम्मा | | | ४३९५५२४ |

सैद्धान्तिक बेरुजु

६९ **खानेपानी पाइपलाइन विस्तार** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ अनुसार सार्वजनिक निकायले प्रमाण कागजात र प्रचलित कानून अनुसार भए नभएको यकिन गरी अख्तियार प्राप्त अधिकारीले सरकारी रकम भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष विभिन्न उपभोक्ता समितिले अन्य प्रदेश तथा संघीय खानेपानी सँग सम्वन्धित निकायबाट जनश्रमदान बापत खन्ने पुर्ने काम गर्ने गरी सम्झौता गरी पाइप लगायतका अन्य संरचना उक्त कार्यालय वा निकायको बजेट बाट खरिद गराउने र जनश्रमदान बापत आफै योगदान गर्नुपर्नेमा पालिकाले उक्त योगदान बापतको रकमलाई प्रधानमन्त्री रोजगार कार्यक्रमको बजेटबाट खर्च लेखेको निम्नानुसारको रकमलाई स्थानिय संचित कोषबाट बेहोरी संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने रु.

| गो भौ नं र मिति | योजनाको नाम | उपभोक्ता समितिको नाम | पाइपलाइनको बापतको भुक्तानी |
|---|---|---|---|
| १३६।०८०।१।२१,२२८।०८०।३।८ र १६३।०८०।२।११ | चिसापानी च्यामा खानेपानी पाइपलाइन विस्तार | चिसापानी च्यामा खानेपानी पाइप लाइन विस्तार उ स १ | ८९४३५० |
| | विकासनगर र ढकालचोक देखि पूर्वको को न पा १ सम्म पाइपलाईन विस्तार | | २६४२६६ |
| | टिटीहिरिया खानेपानी पाइपलाईन विस्तार | | १३४४४१० |
| | वडाको विभिन्न स्थानमा बाटो तथा | | ६२०८५२ |

| | | | |
|---|---|---|---|
| | खानेपानी पाइपलाईन विस्तार | | |
| | पेडारी खानेपानी पाइपलाइन विस्तार ७ | | ४८४६८ |
| | | | ३१७२३४६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३१,७२,३४६ |

७० **बढी खर्च** - गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ को अनुसुचि २ को तालिका नं १ अनुसार नँया लघु उद्यमी सिर्जना तर्फ विनियोजन भएको बजेटको उद्यम विकास सहजकर्ता परिचालनको लागि बढीमा २४ देखि ३३ प्रतिशत सम्म खर्च गर्न सकिने व्यवस्था रहेकोमा पालिकाले यस वर्ष गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने बजेट शिर्षकमा रु २३६०००० विनियोजन भएकोमा त्यसको ३३ प्रतिशतले हुने ७७८८०० सम्म खर्च गर्न सकिनेमा पालिकाले सम्झौता गरी २ जना कर्मचारीलाई वढी भुक्तानी दिएकोले बढि खर्च लेखेको रकम पालिकाले बेहोरी संघीय संचित कोषमा फिर्ता पठाउनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९६,६५२ |

७१ **लागत साझेदारी** (१७४-२०८०-२-२१):- गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७० अनुसार प्रविधि हस्तान्तरणमा सम्वन्धित लाभग्राहीको २० प्रतिशत लागत साझेदारी व्यहोर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले ५० थान सिलाउने मेसिन आपूर्ति गरेको भनी महालक्ष्मी ट्रेड अर्डर एण्ड सप्लायर्स लाई रु. ७०६२५० कर विजकको आधारमा रु. ६०६२५० भुक्तानी भएकोमा लाभग्राहीको योगदान बापत रु.१४१२५० पालिकाले बेहोरी संघिय संचित कोषमा फिर्ता पठाउनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४१,२५० |

७२ **नेपालगंज क्षेत्र औधोगिक क्षेत्र अवलोकन भम्रण** (१६०-२०८०-२-५):- पालिकाले गरिवि निवारण मेड्पा कार्यक्रम अन्तर्गत वडा नं १ देखि ८ सम्म का उद्यमीलाई नेपालगंज क्षेत्र औधोगिक क्षेत्र अवलोकन भम्रण बातप ५५ जनालाई अवलोकन भम्रण गरे बापत रु. १०४८०० भुक्तानी दिएको श्रेष्ता परिक्षण गर्दा निम्नानुसार व्यहोरा देखियो ।

क)अनुगमन बापत ५ जनालाई ५०० का दरले यातायात खर्च र अनुगमन भत्ता बापत जनही १००० का दरले अनुगमन भत्ता भुक्तानी गरी बढि ब्ययभार पारेको रु.

ख) खाजा खर्च बापत प्रति व्यक्ति २०० का दरले भुक्तानी दिन सकिनेमा जनही ३०० का दरले ५५ जनालाई रु १०० बढी हुने गरी भुक्तानी गरी बढि ब्ययभार पारेको रु

| | |
|---|---|
| अनियमित भएको | ८,००० |

७३ **स्थानीय निर्देशक समितिको बैठक** (१४४-२०८०-१-२५):- सार्वजनिक खरिदमा मितव्ययीता कायम गर्ने मापदण्ड २०७७ को बुदा ३(१०) मा सार्वजनिक निकायले अनुगमन भम्रण टोली खटाउनुपर्दा कामसँग प्रत्यक्ष सम्वन्धित पदाधिकारी तथा कर्मचारी मात्र बढिमा ३ जनासम्मको टोलि खटाउनुपर्ने व्यवस्था रहेको तथा सोहो कार्यविधिको बुदा नं ६(६) अनुसार कानून बमोजिम गठन भएको समिति वा संचालक समितिको बैठकको लागि कार्यालय समयभन्दा बाहेकको समयमा सम्पन्न भएको बैठकको मात्र बैठक भत्ता उपलव्ध गराउने व्यवस्था रहेकोमा पालिकाले स्थानीय निर्देशक समितिको बैठक बापत ४८००० र योजना अनुगमन बापत रु. ४९००० र खाना बापत रु.८६३५ गरी १२१९८५ भुक्तानी भएको हुदा कार्यविधि विपरित खर्च लेखि बढि ब्ययभार पारेको् रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२१,९८५ |

७४ **हिँउदे घास खरिद** (२-२०७९-७-३):- पालकाले हिँउदे घास खरिद बापत सगुन ट्रेड, थापा भेट सेन्टरलाइ रु. ५००००० भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) सार्वजनिक खरिदमा मितव्ययीता कायम गर्ने मापदण्ड २०७७ अनुसार सार्वजनिक निकायले कुनै पनि अनुदान वितरण गर्दा लागत अनुमान गरी खरिद प्रकृयाबाट सामान खरिद गर्नको लागि सम्वन्धित लाभग्राहीले आफ्नो योगदान बापतको रकम पालिकामा जम्मा गर्नुपर्ने र पालिकाले उक्त सामाग्रीखरिद गरी आफ्नो अनुदानको अंश र कृषकले जम्मा गरेको रकम सम्वन्धित पार्टिको नाममा भुक्तानी दिनुपर्ने व्यवस्था रहेकोमा पालिकाले कृषकको आवस्यकता पहिचान र लागत अनुमान तयार नगरि सगुन भेट सेन्टरबाट घाँसको विउ २९०० किलो प्रति किलो १२० का दरले घाँसको विउ खरिद गरेको भनी उक्त सप्लायर्सलाई कुल विजकको ५० प्रतिशतका दरले ४२०९८० भुक्तानी दिएकोमा २००० किलो बर्सिम घाँसको विउ उत्पादन चरणमा निरिक्षण प्रतिवेदन तथा जर्मिनेसन टेष्ट गरेको प्रमाण पेश गरेको देखिएन। गुणष्तर परिक्षण तथा उत्पादन चरणमा निरिक्षण समेत नगरेकोले त्यति परिमाण बिउ उपलव्ध गरी वितरण गरेको सम्बन्धमा पालिकाले स्थलगत अनुगमन गरी प्रतिबेदन लिनुपर्ने देखियो।

ख) घाँसको विउ वितरणमा अनुगमन भनी १७ जना व्यक्ति २ दिन सम्म अनुगमन भनी ५०० का दरले रु. १७००० भुक्तानि दिएको देखियो। कृषकले सप्लायर्सकोमा ५० प्रतिशत रकम बुझाइ बिउ खरिद गर्ने कार्यमा १७ जना २ दिन सम्म अनुगमन गरी भत्ता दिने आधार पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,००० |

७५ **अगरबत्ती, कुशन र डल तालिम** (२४२-२०८०-३-१३):- पालिकाले अगरबत्ती, कुशन र डल तालिम संचालन गरी विष्णु परियार लाई रु. ८०२४०० भुक्तानी दिएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसार व्यहोरा देखियो ।

क) मिति २।१० मा वडा नं १ र २ मा ११ दिन संचालन भएको अगरबत्ती सिप विकास तालिम कार्यक्रम संचालन गर्दा आवधिक रुपमा बाह्य प्रशिक्षकलाई ३० कार्यदिन सम्म कार्यसंचालन गरेबापत मूख्य प्रशिक्षकलाई प्रति कक्षा ७०० र सहायक प्रशिक्षकले प्रति कक्षा ४५० का दरले भुक्तानी गर्न सकिने व्यवस्था रहेकोमा माथी उल्लेखित कार्यक्रमको लागि पालिकाले मूख्य प्रशिक्षक पम्फी नेपालीलाई १० दिनको प्रति कार्यदिन रु. १५०० का दरले भुक्तानी दिई रु ८००० बढी ब्ययभार पारेको रु.

ख) कुसन डल तालिमको अनुगमनको लागि सम्वन्धित पदाधिकारी भन्दा बाहिरका अध्यक्ष, उपाध्यक्ष सहित ५ जनालाई ४ दिनको १००० का दरले अनुगमन खर्च बापत रु. २०००० भुक्तानी गरी बढि ब्ययभार पारेको रु.

| | |
|---|---|
| अनियमित भएको | २८,००० |

७६ **वित्तीय साक्षरता कार्यक्रम संचालन** (२५७-२०८०-३-१७):- पालिकाले वित्तीय साक्षरता कार्यक्रम संचालन गरे बापत तिलसरा खड्कालाई रु.२१३००० भुक्तानी दिएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) ६२ जनालाई यातायात खर्च बापत जनही २०० का दरले भुक्तानी भएकोमा ६२ जना कुन कुन क्षेत्रका व्यक्तिहरु उपस्थिति भएको हो सो कुरा प्रमाणित गर्ने प्रमाण पेश गर्नुपर्ने रु

ख) संचार खर्च बापत ३००० भुक्तानी दिएकोले कार्यविधि विपरित भुक्तानीपाउने आधार पेश गर्नुपर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,४०० |

७७ **दिगो विकास वन व्यवस्थापन कार्यक्रम** (२८३-२०८०-३-२०):- पालिकाले दिगो विकास वन व्यवस्थापन कार्यक्रम अन्तर्गत वडा १ देखि ८ सम्म वृक्षारोपण गर्नको लागि विरुवा खरिद गरेको श्री विपिन फलफुल नर्सरी फर्मलाई रु. १०२७००० भुक्तानी दिएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले लागत अनुमान तयार गरी खरिद कार्य गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले लागत अनुमान तयार र खरिद प्रकृया नगरी डिभिजन बन कार्यालयबाट निशुल्क प्राप्त गरिने सागबान, अमला र मसला १९ हजार खरिद गरेको भनी भुक्तानी भएको देखियो। डिभिजन बन कार्यालयले निशुल्क उपलब्ध गराउन नसकेको प्रमाण सहित खरिद गरिएका बिरुवाको कार्य सम्पन्न प्रतिबेदन सहित अनुगमन प्रतिबेदन पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,००० |

७८ **किसान सुचिकरण कार्यक्रम** (३१३-२०८०-२-२३):- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को निमय ५०(४) मा बजेट फ्रिज नगराउने उद्देश्यले बर्षान्तमा पेश्की दिन नुहुने व्यवस्था रहेको छ ।पालिकाले किसान सुचिकरण कार्यक्रमको लागि बर्षान्तमा रु. २५०००० र अन्य खर्च गरी ५०००० गरी

रु. ३००००० पेश्की दिएको हुदा संघिय सरकारबाट समर्थन गराउनुपर्ने अन्यथा उक्त खर्च स्थानिय संचित कोषबाट बेहोरी संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने रु.

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | ३,००,००० |

७९ **रैथाने बाली संरक्षण कार्यक्रम** (३२८-२०८०-३-२४):- प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएको कृषि विकास कार्यक्रम संचालन सम्वन्धि कार्यविधि, २०७८ को कार्यक्रम नं २६ अनुसार रैथाने बाली संरक्षण कार्यक्रमको लागि प्राप्त अनुमानको आधारमा ५ हेक्टर क्षेत्रफल भएको बढीमा ५ वटा सम्म वल्कको संख्या निर्माण गरी कार्यक्रम संचालन गर्नुपर्नेमा पालिकाले यस वर्ष कोदोको विउ र भट्टमासको विउ खरिद गरेको भनी जयपृथ्वी कृषि सहकारी संस्था लि को विजक पेश गरी प्रमोद कुमार विश्वकर्माको नाममा रु. २५५००० भुक्तानी भएको श्रेष्ता परिक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) पालिकाले कार्यक्रम संचालन गर्नुपुर्व उक्त समूहको परीक्षण गरी वास्तविक रुपमा कति क्षेत्रफल हो सो को माटो परीक्षण गरी कुन बालीको लागि उक्त जमिन उपयुक्त छ । सो कुराको यकिन गरी संचालन गरिने क्रियाकलापको लागत अनुमान तयार गरी कुन कुन क्षेत्रमा सम्वन्धित समूह र कुन कुन क्षेत्रमा पालिकाको लगानी हुने हो सो कुरा प्रष्ट उल्लेख गरी कार्यदेश दिनुपर्नेमा सो नगरी सम्वन्धित समुहले अध्ययन वेगर तयार नगरी कोदोको विउ र भट्टमासको विउ खरिद गरी वडा सचिवले वितरण गरेको भनी भुक्तानी भएकोमा वास्तविक किसानले विउ प्राप्त गरेको हो वा होइन सो यकिन गर्ने प्रमाण र किसानले अनुदानबातप प्राप्त गरेको विउबाट तथा अन्य सहायताको सहि सदुपयोग भए नभएको पालिकाबाट अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्नेमा सो नगरी विउ मात्र वितरण गरेकोदेखियो।

ख) वल्क तयार गरी कार्यक्रम संचालन गर्नुपर्नेमा विउ खरिद गरी वितरण गर्ने कार्य नियमसम्मत देखिएन।

ग) बर्षान्तमा सहकारी संस्था ले विज्ञ बाट ४ पटक ठाडो बाली निरीक्षण र जर्मिनेसन टेप्ट भएको प्रमाण पेश नगरिकृषि प्राविधिकको नाममा सोझै भुक्तानी भएको हुदा सहकारिको नाममा भुक्तानी नगरी कृषि प्राविधिकको नाममा भुक्तानी गरेको देखिएकोले प्राबिधिकले जयपृथ्वी कृषि सहकारी संस्था लि को खातामा आम्दानी गरी भुक्तानी गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | २,५५,००० |

८० **खाद्यान्न उन्नत विउ उपयोगिता अनुदान** (३२७-२०८०-३-२४):- पालकाले खाद्यान्न उन्नत विउ उपयोगिता अनुदान बापत प्रमोद कुमार विश्वकर्मालाई रु. ५४३३३ र साकार कृषि सहकारी संस्था लिमिटेडलाई रु ७३८२५७ गरी कुल रु. ८२३००० भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसार व्यहोरा देखियो ।

क) पालिकाले कार्यक्रम संचालन गर्नुपुर्व खेति गर्न ईच्छुक व्यक्तिको विवरण तयार गरी उक्त व्यक्तिहरुको बास्तविक परीक्षण गरी वास्तविक रुपमा कति क्षेत्रफल हो सो को माटो परीक्षण गरी कुन बालीको लागि उक्त जमिन उपयुक्त छ । सो कुराको यकिन गरी संचालन गरिने क्रियाकलापको लागत अनुमान तयार गरी कुन कुन क्षेत्रमा सम्वन्धित समूह र कुन कुन क्षेत्रमा पालिकाको लगानी हुने हो सो कुरा प्रष्ट उल्लेख गरी कार्यदेश दिनुपर्नेमा सो नगरी सम्वन्धित समुहले अध्ययन वेगर तयार नगरी घानको विउ खरिद गरी वडा

सचिवले वितरण गरेको भनी भुक्तानी भएकोमा वास्तविक किसानले विउ प्राप्त गरेको हो वा होइन सो यकिन गर्ने प्रमाण र किसानले अनुदानबातप प्राप्त गरेको विउबाट तथा अन्य सहायताको सहि सदुपयोग भए नभएको पालिकाबाट अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्नेमा सो नगरी विउ मात्र वितरण गरेकोदेखियो।

ख) राधा ४ को विउ २७९३० के जि आपूर्ति गरेको भनी साकार कृषि सहकारी संस्था लि ले नेपाल सरकारबाट मान्यताप्राप्त विउ विज्ञबाट ४ पटक खाडा बालीको परिक्षण गरेको प्रमाण साथै विउ प्रयोगशालाबाट जर्निनेसन टेष्ट गरेको प्रमाण पेश गरी भुक्तानी दिनुपर्नेमा सो नगरी वडाको वितरण भरपाई को आधारमा रकम भुक्तानी भएको हुदा कार्यक्रम भए नभएको यकिन हुन सकेन। कार्यालयबाट एकिन गरी प्रतिबेदन पेश हुनपर्दछ।

ग) घानको विउ वितरणको अनुगमन गरेको भनी १६ जनालाई ४७ पटकको प्रति दिन १००० का दरले अनुमगन खर्च भुक्तानी भएको देखियो। स्थानिय जनप्रतनिधि र कर्मचारिले शसकारी सस्थाले बितरण गर्नेकार्यमा अनुगमन भत्ता पाउने आधार पेश गर्नुपर्ने रु .

**ङ)धानको मौज्दातः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ अनुसार सार्वजनिक निकायले कुनै पनि खरिद कार्य गर्नुपूर्व आवस्यक परिमाणको निरक्यौल गरी सो को लागत अनुमान तयार गरी सो को आधारमा खरिद कार्य गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस बर्ष विभिन्न कृषि अनुदान तथा पालिका आफैले बजेट विनियोजन गरी धानको विउ वितरण गर्नको लागि खरिद गरेकोमा सवै धानको विउ वितरण नभई लेखापरिक्षण अवधि सम्म स्टोरमा एउटा कोठाभरी मौज्दात रहेको देखिएको छ । आवस्यकता पहिचान गरेरमात्र विउ खरिदनगरी सस्था तथा कर्मचारीले खरिद गरी अनुदानमा बितरण गरेको भनि खरिद गरेको बिलको आधारमा अनुदान दिएकोमा यतिका धेरै धानको बिउ मौज्दात रहेको सम्बन्धमा पालिकाबाट स्पष्ट पारेको छैन। उपभोग गर्न नमिल्ने बिषादि राखेको धानको बिउ आबश्यकता भन्दा बढि हचुवाको आधारमा खरिद सम्बन्धमा पालिकाबाट मौज्दात बिउको नापतौल गरी सम्बन्धित ब्याक्तिलाइ जिम्मेवार बनाइ सरकारी हानिनोक्सानी एकिन गर्नुपर्ने देखिन्छ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४७,००० |

८१ **स्थानीय सरकारको पदाधिकारी सँग अन्तर्क्रीया कार्यक्रम** (३१५-२०८०-२-२३):- पालिकाले सामी परियोजनाको कार्यान्वयनको लागि स्थानीय सरकारको पदाधिकारी सँग अन्तर्क्रीया कार्यक्रमको तप्त राज आचार्यको नाममा बर्षान्तमा रु ५५२०० भुक्तानी गरेकोमा अध्यक्ष , उपाध्यक्ष सहित १० जनालाई ५ दिन सम्मको बैठक भत्ता भुक्तानी भएकोहुदा बर्षान्तमा ५ दिन सम्म बैठक बसेको प्रयोजन खुल्न े प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००० |

८२ **नश्ल सुधार कार्यक्रम** (२७-२०८०-२-११):- पालकाले नश्ल सुधार कार्यक्रमको लागि वोका वितरण गर्ने गरी २२ वटा वोका वितरण गरेको भनी रु. ३८२९०० भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) वोका खरिद गर्दा वितरण साइट सम्म पुर्याउने सम्वन्धित पार्टिको जिम्मा हुने हुदा ढुवानी बापत भुक्तानी भएकोेले १३००० पालिकाको संचित कोषमा दाखिला गर्नुपर्ने रु.

ख) वोकाको विमा गरेको र नश्ल परीक्षण गरेको प्रमाण साथै जन्मदर्ता सर्टिफिकेट पेश नगरी भुक्तानी गरेको हुदा उन्नत जातको बोका भनेर प्रमाणित गर्न नसकिने हुदा उक्त कुरा प्रमाणित हुने प्रमाण पेश गर्नुपर्दछ ।

(ग )बाख्रा वितरणको व्यवस्थापन बापत नियम विपरित व्यवस्थापन बापत ६ जनालाई २ दिनको ५०० का दरले भुक्तानी रु.६००० दाखिला गर्नुपर्ने रु.

घ) २२ थान वितरण गरेकोमा श्रेस्ता साथ पेश भएको फोटोमा १६ वटा मात्रै वोका देखिने फोटो संलग्न भएकोले २२ वटै वोका वितरण भएको हो होइन पालिकाबाट स्थलगत अनुगमन गरी प्रतिबेदन पेश गर्नुपर्ने देखियो।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,००० |

८३ **बर्षान्तमा पेश्की** (२८२-२०८०-३-२०):- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को निमय ५०(४) मा बजेट फ्रीज हुन नदिने उद्येश्यले बर्षान्तमा कसैलाइ पेश्की दिन , त्यस्तो रकम अन्य कोषमा जम्मा गर्न नहुने व्यवस्था रहेको छ । पालिकाले कुनै प्रमाण कागजात संलग्न नगरि बर्षान्तमा गो भौ नं २८२।०८०।३।२० बाट व्यवसायिक तथा शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ५ वटा विद्यालयलाई ५० हजारका दरले र प्रभात मा वीलाई ५ लाख गरी कुल रु. ७५०००० भुक्तानी दिएको छ। बर्षान्तमा प्रमाण कागजात संलग्न नगरी बजेट फ्रिज नहुने उद्देश्यले भुक्तानी दिएको नियमसम्मत देखिएन। व्यवसायिक तथा शैक्षिक सुधार कार्यक्रममा भएको खर्चका बिल भर्पाइ पेश गरी नियमित गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,५०,००० |

८४ **दलहवन बालि विकास कार्यक्रम** (६-२०७९-९-७):-पालिकाले दलहवन बालि विकास कार्यक्रम अन्तर्गत मुसुरो खरिद गरेको भनी सामी सिड कम्पनी लाई रु. १४८५०० भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) सार्वजनिक खरिदमा मितव्ययीता कायम गर्ने मापदण्ड २०७७ अनुसार सार्वजनिक निकायले कुनै पनि अनुदान वितरण गर्दा लागत अनुमान गरी खरिद प्रकृयाबाट सामान खरिद गर्नको लागि सम्वन्धित लाभग्राहीले आफ्नो योगदान बापतको रकम पालिकामा जम्मा गर्नुपर्ने र पालिकाले कृषले उक्त सामाग्री प्राप्त गरे पछि आफ्नो अनुदानको अंश र कृषकले जम्मा गरेको रकम सम्वन्धित पार्टिको नाममा भुक्तानी दिनुपर्ने व्यवस्था रहेकोमा पालिकाले कृषकको आवस्यता पहिचान गरी लागत अनुमान तयार नगरिकनै गरी मुसुरोको विउ खरिद कार्य गरेको भनी लाभग्राहीको पहिचान नै नगरी वडाको सिफारिसको आधारमा उनिहरुको योगदान नै नदेखिने गरी भुक्तानी भएको हुदा त्यति परिमाण सामान उपलव्ध गरी वितरण गरेको सम्बन्धमा पालिकाले स्थलगत अनुगमन गरी प्रतिबेदन लिनुपर्ने देखियो।

ख) विउ खरिद गर्नुपुर्व उक्त विउ आपूर्तिकर्ताले ४ पटक खडा बाली परिक्षण गरेको प्रमाण तथा आधिकारिक ल्यावबाट जर्निमेसन टेष्ट गरेको प्रमाण संलग्न नगरी भुक्तानी दिएको दिएको हुदा उक्त सप्लायर्सले उन्नत विउ ल्याई वितरण गरेको प्रमाणित हुन सकेन।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

८५ **हाट वजार व्यवस्थापन** (४३-२०८०-३-२०):- पालिकाले हाट वजार व्यवस्थापनको लागि हाट बजार तयार गरे कापत कृषि हाट बजार संचालन तथा व्यवस्थापन निर्माण उ.स. लाई कुल रु. ११४१९२९ को लागत अनुमान तयार गरी रु. १११८५४.३९ को कार्यसम्पन्न प्रतिवेदनको आधारमा १२.४३% जनश्रमदानको अंश कट्टां गरी गो भौ नं ४३।०८०।३।२० बाट रु.५००००० र गा पा चालू गो भौ नं ७०१।०८०।३।२० बाट ४७६७३४ गरी कुल रु. ९७६७२४ भुक्तानी दिएको श्रेष्ता परिक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) माटो पटानी बापत स्वीकृत दररेट २८४ का दरले भुक्तानी दिनुपर्नेमा १४८.८० क्यू मि लाई प्रति घ मी ४२०.२० का दरले भुक्तानी दिई दिई बढी भुक्तानी भएको रु. २०२६७ असुल गरी दाखिला गर्नुपर्ने रु.

ख) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट कार्यगर्ने गरी कार्यदेश प्राप्त कार्य निर्माण व्यवसायीबाट निर्माण कार्य गराउन नहुने व्यवस्था रहेको छ । पालिकाले माथी उल्लेखित कार्यको लागि ढुङ्गा ढुवानी तथा बालुवा र गिट्टीको विजक यज्ञ ग्रुप अफ कन्ट्रक्सन प्रा ली को कर विजक पेश भएको आधारमा भुक्तानी भएको हुदा उपभोक्ता समितिले निर्माण व्यवसायीद्धारा कार्य गरेको हो होइन भनि कार्यालयबाट प्रभावकारी अनुगमन भएको देखिएन।

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | २०,२६७ |

८६ **क्यामेरा खरिद** (३२६-२०८०-३-२४):- कृषि शाखाले संघीय सशर्त बजेटमा विनियोजन भएको बजेटबाट रैथानै बाली सँग सम्वन्धित कार्यक्रममा खर्च गर्नुपर्ने बजेटबाट क्यामेरा खरिद गरेको निसान कम्प्यूटर ट्रडर्सलाई रु. १८०००० भुक्तानी भएकोले कार्यविधि विपरित गरेको खर्च संघिय सरकारबाट समर्थन गराउनुपर्ने अन्यथा उक्त खर्च पालिकाले बेहोरी संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने रु.

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | १,८०,००० |

८७ **कार्यविधि विपरित भुक्तानी -** पालिकाले यस वर्ष विभिन्न किसिमको कार्यक्रम संचालन गर्दा अर्थमन्त्रालय द्धारा कार्यसंचालन निर्देशिका २०७७ तथा सार्वजनिक खरिदमा मितव्ययीता कायम गर्ने मापदण्ड २०७७ अनुसार त्यसले तोकेको स्वीकृत दरमा कार्यक्रम संचालन गरी भुक्तानी दिनुपर्नेमा सो भन्दा बढी हुने गरी भुक्तानी बढि ब्ययभार पारेको रु.

| गो भौ नं र मिति | कार्यक्रमको नाम | भुक्तानी पाउने व्यक्ति | विवरण | स्वीकृत दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| ९।०७९।१०।२५ | व्यवसाय प्रदर्द्धन सम्वन्धि ३ दिने गाईवस्तुपालन कार्यक्रम | ८ जनालाई अनुगमन बापत १००० दरले १ दिनको भत्ता वितरण | | | ८००० |
| | | आन्तरिक प्रशिक्षकलाई कार्यपत्र बापतमात्र रकम पाउनेमा | खढ्क व सिंह ६ सेसन @१४००, अन्य २ जनालाई जनही २।२ सेसन @८०० र अन्य २ जनालाई जनही १।१ सेसन@८०० | ७०० | ४८०० |
| | | सहभागी ३० जना | ३ दिनको प्रति दिन ५०० का दरले | २ दिन भन्दा बढी कार्यक्रममा एममुष्ट ५०० | ४३५०० |
| १५।०७९।१२।९ | दलहन बालि विकास कार्यक्रम९ ३ दिने कार्यक्रम० | आन्तरिक प्रशिक्षक | प्रमोद विश्वकर्मा ३ सेसन@१५००,, विण्णुमाया मल्म ३ सेसन@१५०० र अन्यम ३ जना जनही २।२ सेसन @१२०० ,, | ७०० | ७८०० |
| | | २५ जनालाई | | ५०० | ६२५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | यातायात खर्च | | | |
| ११।०७९।११।१७ | सुत्केरी पशु स्याहार | यातायात खर्त्र १५ जनालाई २ दिनको ५०० का दरले | | | १५००० |
| | | अनुगमन बापत | ६ जनालाई | | ६००० |
| | | खाजा बापत | ४१ @३५० | | १४३५० |
| २४।०८०।२।८ | आ पि एम कृषक पाठशाला | आन्तरिक प्रशिक्षक | प्रमोद विश्वकर्मा १६सेसन@१४०० र रामचन्द्र बानिया १६ सेसन@८०० | ७०० | १०००० |
| २५।०८०।२।११ | नमूना मासु पशल व्यवस्थापन | अनुगमन बापत १० जना | | | १०००० |
| २९।०८०।२।३१ | आ पि एम कृषक पाठशाला(गहुवबाली संचालन) | आन्तरिक प्रशिक्षक | विष्णुमाया १६सेसन@१४०० र अन्य एक जना १६ सेसन@८०० | ७०० | १०००० |
| ३०।०८०।२।३१ | आ पि एक कृषक पाठशाला(मोतिराम चौधरी) | आन्तरिक प्रशिक्षक | विष्णुमाया १६सेसन@१४०० र अन्य एक जना १६ सेसन@८०० | ७०० | १०००० |
| | अनुगमन बापत ४ जानलाई भत्ता वितरण | | | | १०००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३३।०८०।३।५ | गड्यौलन मल प्रवर्द्धन कार्यक्रम | अनुगमन बापत ५ जनलाई १ दिनको प्रति दिन १००० का दरले | | | ५००० |
| ३२।०८०।३।९ | पशु स्वास्थ्य तथा परिजिवि नियन्त्रण शिविर | अनुगमन बित ८ जनालाई | | | ८००० |
| | १३ जना सहभागीलाई यातायात खर्च बापत १००० का दरले भुक्तानी | | | २०० | १०४०० |
| | | | | | २३५३५० |

| | |
|---|---|
| अनियमित भएको | २,३५,३५० |

८८ **घाँस काट्ने चारा मेसिन वितरण** (२-२०८०-२-११):- पालिकाले अनुदान बापत घाँस काट्ने चारा मेसिन वितरण गरे बापत कृषि मेशिनरी सोलुसन प्रा ली लाई गो भौ नं २।०८०।२।११ बाट रु.७५७६०० भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले कुनै पनि खरिद कार्य गर्दा लागत अनुमान तयार गरी खरिद कार्य गर्नुपर्ने व्यवस्था रहेको छ ।त्यस्तै सार्वजनिक खरिदमा मितव्ययीता कायम गर्ने मापदण्ड २०७७ अनुसार अनुदान बापत वितरण गरिने अवस्था सार्वजनिक निकायले लागत अनुमान तयार गरी खरिद नियायमावली अनुसार मुल्य सूचि निर्धारण गरी लाभग्राहीको यकिन गरी उनिहरुको योगदान बापतको रकम पालिकामा जम्मा गर्न लगाई सामान आपूर्ति भएको सामाग्रीको टेक्निकल स्पेसिफिकेसन अनुसार आपूर्ति भएको सामाग्रीको पि डी ए रिपोर्टको आधारमा भुक्तानी दिनुपर्नेमा सो नगरी ५० थान चाप करट वितरण गरेको भनी भुक्तानी भएका सो परिक्षण गरेको प्रमाण पेश गर्नुपर्दछ ।

ख) सामाग्री वितरण गर्दा खाजा खाएको भनी भुक्तानी भएको रु. १७५०० असुल गरी दाखिला गर्नुपर्ने रु.

ग) ६ जनालाई अनुगमन बापत १००० का दरले अनुगमन भत्ता दिएकोमा पालिकामा सामान वितरण गरेको कार्यको समेत अनुगमन बापत भुक्तानी भएको रु.६००० असुल गरी दाखिला गर्नुपर्ने रु.

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | २३,५०० |

८९ **निर्माण व्यवसायीबाट निर्माण कार्य** - निर्माण व्यवसायीबाट निर्माण कार्यः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३ क मा उपभोक्ता समिति ले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति सँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाबाट निम्नानुसारको कार्य उपभोक्ता समितिबाट निर्माण गर्ने गरी सम्झौता गरेकोमा उक्त कार्यका बिल अधिकांस निर्माण व्यवसायीको कर बिजक देखिएकोमा पालिकाले अनुगमन गरी उक्त कार्य उपभोक्ता समितिबाट नै भएको हो वा निर्माण ब्याबसायिबाट भएको हो भनी अनुगमन प्रतिबेदनमा खुलाएको देखिएन। कार्यालयबाट निर्माण कार्यको अनुगमन प्रभावककारी हुनुपर्दछ।

| गो भौ नं र मिति | उपभोक्ता समितिको नाम | निर्माण व्यवयायी | कैफियत | भुक्तानी रकम |
|---|---|---|---|---|
| १३५।०७९।११।२२ | रत्न बहादुरको घर नजिकको कल्भट निर्माण उ स | भुपेन्द्र निर्माण सेवा | ग्राभेलको विल निर्माण व्यवसायी र अन्य विल भरपाई म्यानुअल | ११८९८८५ |
| १७७।०७९।१२।१६ | पहाडीपुर खैरेनी बस्ती बाटो निर्माण उ स | यज्ञ ग्रुप अफ कन्ट्रक्सन प्रा ली | ढुङ्गा गिट्टी बालुवा लगायतको विजक पेश गरेको | ५६६६७२ |
| १७३।०७९।१२।१२ | बैजाटोल क्रमागत बाटो स्तरोउन्नती उ स | वि एल एन क्नट्रक्सन | | ६९६००० |
| जम्मा | | | | २४५२५५७ |

सैद्धान्तिक बेरुजु

९० **पालिका भवन निर्माण -** पालिका भवन निर्माणको लागि रु. ४९७१९७०८ कवोल गर्ने एम.के.बिल्डर्स एण्ड कन्स्ट्रक्सन कम्पनी प्रा.लि. मिति २०७८।३।३१ मा निर्माण सम्पन्न गर्ने गरी मिति २०७७।४।१ मा सम्झौता गरी कायदिश दिएकोमा हालसम्म रु.४७४६०३०३ को कार्यसम्मपन्न भई यस आ व मा २ बटा रनिङ्ग विल बाट रु. २६६०८९१२ भुक्तानी भएको श्रेष्ता परिक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० अनुसार (११ औ संशोधन पूर्व) सुरुको खरिद सम्झौता भन्दा ५० प्रतिशत भन्दा बढी म्याद थप गर्न नपाइने व्यवस्था अनुरुप २०७८।३।३१ मा निर्माण कार्यको सम्झौता गरेको हुदा बढीमा छ महिना म्याद थप गर्न सकिनेमा प्रथम पटक म्याद सकिनुभन्दा २१ दिन अघि २०७८।२।१० सम्म कार्यालयमा उचित कारण सहित म्याद थपको लागि निवेदन दर्ता गराई सक्नुपर्नेमा सो नगरी कार्यपालिकाले मिति २०७८।५।२ मा निर्णय गरी मिति २०७८।९।२० सम्म म्याद थप गरेको छ ।पटक पटक गरी सुरुको सम्झौता भन्दा दोव्वर हुने गरी ३ पटक मिति २०७९।६।३० म्याद थप गरेकोमा सो भन्दा भन्दा पछिको अवधिको म्याद थप नगरेको र २०८०।३।२२ मा निर्माण कार्यसम्पन्न गरेको देखिएकोमा मिति २०७९।६।३० देखि २०८०।३।२२ सम्म जम्मा दिन २०० भन्दा बढी हुने हुदा पूर्वनिर्धारित क्षतिपूर्ति बापत सम्झौता रकम रु. ४९७१९७०८ को १० प्रतिशतले हुने रु. ४९७१९७० असुल नगरी कार्य स्वीकार गरेको रु .

ख) सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ अनुसार सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरियसन आदेश स्वीकृत गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले सजिलै अनुमान गर्न सकिने आइटमहरु ग्रिल, पलाष्टर जस्ता कार्यमा समेत भेरीयसन आदेश स्वीकृत गरी रु.१११०२३८०(२२.२३ %) भुक्तानी दिएको देखियो।

ग) भवन निर्माणको लागि विस्तृत अध्ययन प्रतिवेदन तयार गरी कार्य गरेकोमा पालिको पर्खाल निर्माण कार्य छुट भनी भनी रु. ५५७८२३२.१४ , पालिका भवनमा ए सि र पार्टेशन गर्ने भनी रु. १०९६००० खर्च गरेकोमा उक्त भवन निर्माण को डि.पि.आर. प्रतिबेदन तयार गर्ने परामर्सदातालाइ जिम्मेवार बनाइ बढि व्ययभार परेको रकम असुल गरेको देखिएन।

घ) निर्माण कार्यको म्याद भन्दा पछी जारी भएको विमाको विजक पेश गरी रु. ९८९५९ भुक्तानी भएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

.

| | | |
|---|---|---|
| | अनियमित भएको | ५०,७०,५६५ |

९१ **बृक्षारोपण-** सार्वजनिक खरिद नियमावली २०६४ अनुसार सार्वजनिक निकायले बार्षिक १० लाख भन्दा माथी खरिद कार्य गर्नुपर्दा खरिद योजना तयार गरी सो को आधारमा प्रतिष्पर्धि तवरले खरिद विधि अनुसार खरिद गर्नुपर्नेमा पालिकाले बर्षान्तमा विरुवा खरिद गरेको भनी प्रमोद विश्वकर्मालाई गो भौ नं १८।०८०।३।२४ बाट रु ६७०००० र गो भौ नं २२।०८०।३।२४ बाट रु ५००००० गरी कुल रु ११७०००० भुक्तानी दिएकोमा लागत अनुमान बेगर विरुवा खरिद गरेको भनी विल भरपाई को आधारमा भुक्तानी भएको हुदा उक्त विरुवा कहा कहा रोपण भएको हो सो को विवरण सहित प्रमाण पेश गर्नुपर्ने रु

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | ११,७०,००० |

९२ **थप कार्यको नया दरमा भुक्तानी -** ठेक्का नं १५ २०७९।८० सरस्वती मा. वि . ४ कोठे भवन निर्माण कार्यको ल. ई ६९९१६३९।०० को ठेक्का व्यवस्था गर्दा निर्माण व्यवसायी निशान निर्माण सेवाले रु ४३८२९७७।०० कवोल गरी कार्य सम्पन्न पश्चात निर्माण ब्यावसायीलाइ रु ४३१२९५९ भुक्तानी गर्दा भवनको वाल निर्माणस्थानमा थप छत बढाउने कार्य गरी थप रु ६१४५०१ भुक्तानी गरेकोमा निम्नानुसारको सम्झौता परिमाणको २५ प्रतिशत सम्म परिमाणको सम्झौताको दरमा नै भुक्तानी गर्नुपर्नेमा नया दरमा भुक्तानी गरेको देखिएकोले बढि रकम असुल गर्नुपर्ने रु

| कार्य बिबरण | शुरु ठेक्काको परिमाण | स्वीकृत दर | थप कार्य परिमाण | भुक्तानी दर | बढि दर | बढि भुक्तानी मु.अ.कर समेत |
|---|---|---|---|---|---|---|
| आर.सि.सि.१:१/२:३ | ८७.४४घ.मि. | १००० | ०.८७ घ.मि. | १५६६३ | १४६६३ | १४४१६ |
| डन्डीको कार्य | १०८५७ के.जि. | ११५ | ११९९.२८ के.जि. | १३७ | २२ | २९८१४ |
| ब्रीक मेसनरी १:४ | ६१.२६ घ.मि. | ३००० | ८.६९ घ.मि. | १५३१४ | १२३१४ | १२०९२० |

| जम्मा | | | | | | १६५१५० |
|---|---|---|---|---|---|---|

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६५,१५० |

९३ **यातायात खर्च** (५-२०७९-१०-१७):- प्रदेश सरकारको मुख्यमन्त्री शैक्षिकसुधार कार्यक्रम अन्तर्गत बिद्यालयका प्र.अ.र बिद्यालय ब्यबस्थापन समितिको अध्यक्षको १ दिने अभिमुखिकरण कार्यक्रममा सहभागीहरुलाइ यातायात खर्च बापतको रकम भुक्तानी गरेकोमा कार्यालय समयमा सन्चालन भएको उक्त कार्यक्रममा पालिकाका शिक्षा शाखा प्रमुख समेत ११ जना कर्मचारीहरुलाइ समेत रु ५०० का दरले यातायात खर्च भुक्तानी गरेको देखियो। पालिकामा कार्यालय समयमा सन्चालन भएको कार्यक्रममा थप यातायात खर्च दिन नमिल्ने हुदा असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,५०० |

९४ **थप कार्यको नया दरमा भुक्तानी** - प्राविधिक बिल र कार्य सम्पन्नः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस बर्ष बिभिन्न निर्माण सामाग्री खरिद गरी मागको आधारमा बितरण तथा उपभोक्ता समितिलाइ निर्माण सामाग्री खरिदको मात्र लागत अनुमान तयार गरी सामाग्री खरिद बिल र पालिकाका बिभिन्न स्थानहरुमा नागरिकको माग अनुसार बितरण गरेको वडा सिफारिसको आधारमा कार्य सम्पन्न मानी बिभिन्न सप्लायर्स तथा उपभोक्ता समितिलाइ भुक्तानी गरेको देखियो। पालिकाले लागत सहभागिता र ज्याला खर्च सहितको लागत अनुमान, प्राबिधिक मुल्यांकन तथा कार्य सम्पन्न तयार गरेको देखिएन्। यसरी खरिद तथा बितरणको आधारमा भुक्तानी गर्दा निर्माण सामाग्रीको दोहोरो उपयोग देखाइ रकम हिनामिना तथा दुरुपयोग हुन सक्ने हुदा खरिद तथा बितरण गरिएका निर्माण सामाग्रीको ज्याला सहितको कार्य मुल्यांकन तथा उपयोगको प्रमाण पेश हुनुपर्ने रु

| गो.भौ.मिति | निर्माण सामाग्रीको बिबरण | सप्लायर्स/ भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| ३९३-२०८०।३।१६ पुंजिगत | आर.सि.सि. एन. पि. थ्री. ह्युमपाइप ९०० एम एम ÷४ थान | ग्रीन प्रीकाष्ट इन्डष्ट्रीज प्रा.लि. | २२०५७० |
| | आर.सि.सि. एन पि थ्री ह्युमपाइप ४५० एम एम ÷४ थान | | |
| | आर.सि.सि. एन पि थ्री ह्युमपाइप ३०० एम एम ÷१ थान | | |

| | | | |
|---|---|---|---|
| ३९७-२०८०।३।१६ पुंजिगत | एन. पि. थ्री. ह्युमपाइप ९०० एम एम ÷२ थान | शलिना एण्ड सरिता सप्लायर्स | ३७१०९४ |
| | एन. पि. थ्री. ह्युमपाइप ६०० एम एम ÷६ थान | | |
| | एन. पि. थ्री. ह्युमपाइप ४५० एम एम ÷६ थान | | |
| | एन. पि. थ्री. ह्युमपाइप ३०० एम एम ÷७ थान | | |
| ३४७-२०८०।३।१ पुंजिगत | एन. पि. थ्री. ह्युमपाइप ९०० एम एम -२ थान | न्यू वागेश्वरी सप्लायर्स | ९८०७५४ |
| | एन. पि. थ्री. ह्युमपाइप ६०० एम एम ÷२२ थान | | |
| | एन. पि. थ्री. ह्युमपाइप ४५० एम एम ÷२०थान | | |
| | एन. पि. थ्री. ह्युमपाइप ३०० एम एम -१२ थान | | |
| ३५३-२०८०।३।४ पुंजिगत | एन. पि. थ्री. ह्युमपाइप ९०० एम एम -८थान | ग्रीन प्रिकाष्ट ईन्ड्रष्ट्रिज प्रा . लि . | ९९९७४४ |
| | एन. पि. थ्री. ह्युमपाइप ६०० एम एम ÷१४ थान | | |

| | | | |
|---|---|---|---|
| | एन. पि. थ्री. ह्युमपाइप ४५० एम एम ÷१८थान | | |
| | एन. पि. थ्री. ह्युमपाइप ३०० एम एम -११ थान | | |
| ३४८-२०८०।३।३ पुँजिगत | एन. पि. थ्री. ह्युमपाइप ९०० एम एम -४थान | बागेश्वरी ह्युम पाइप एण्ड बिधुत पाोल इन्डस्ट्रिज प्रा लि | ८९३०३६ |
| | एन. पि. थ्री. ह्युमपाइप ६०० एम एम ÷१४ थान | | |
| | एन. पि. थ्री. ह्युमपाइप ४५० एम एम ÷१९ थान | | |
| | एन. पि. थ्री. ह्युमपाइप ३०० एम एम -१४ थान | | |
| जम्मा | | | ३४६५१९८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३४,६५,१९८ |

९५ **बढी दरमा भुक्तानी** - स्टाण्डर्ड स्पेशिफिकेशनमा तोकेको भन्दा बढी भुक्तानीःसडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन १३१०,१३११ र १३१२ मा कुल कामको क्षेत्रको तुलनामा ट्याक कोर्ट प्रति वर्ग मिटर औषत ०.४ — ०.६ लिटर लाग्ने उल्लेख छ। त्यस्तै प्रिमिक्स कार्पेटको मोटाई ०.०२ मिमि हुने उल्लेख छ ।उक्त स्पेशिफिकेशनमा उल्लेखित परिमाण भन्दा ट्याककोर्ट निम्नानुसार वढी दरले र प्रिमिक्स कार्पेटको मोटाई ०.०२ मिमि भन्दा बढि भएकोमा सो प्रमाणित हुने कोर कटिङ प्रतिबेदन बेगर निर्माण व्यवसायिलाई भुक्तानी दिएको देखियो। स्पेशिफिकेशनमा भएको व्यवस्था भन्दा वढी परिमाण दरले भुक्तानी दिदा थप व्ययभार पारेको रु

| ठेक्का नं | निर्माण व्यवसायि | काम भएको क्षेत्रफल ब.मि. | विवरण | दिएको परिमाण/वर्ग मिटर | दिनुपर्ने परिमाण/वर्ग मिटर | फरक परिमाण/वर्ग मिटर | भुक्तानी दर | वढी रकम मु अ कर बाहेक |
|---|---|---|---|---|---|---|---|---|
| ५÷२०७९।८० | के.एन्ड के. कन्ट्रक्सन | ४२०० | tack coat | ४००० | २५२० | १४८० | १५० | २२२००० |
| | | | Premix carpet | १२० | ८४ | ३६ | १३००० | ४६८००० |
| ७÷२०७९।८० | एल एन पि कन्ट्रक्सन | २६०० | tack coat | २५०० | १५६० | ९४० | १५० | १४१००० |
| | | | Premix carpet | ७५ | ५२ | २३ | १२००० | २७६००० |
| २÷२०७९।८० | के.एन्ड के. कन्ट्रक्सन | २३१० | tack coat | २२०० | १३८६ | ८१४ | १५० | १२२१०० |
| | | | Premix carpet | ६६ | ४७ | १९ | १३००० | २४७००० |
| १÷२०७९।८० | जे.आर कन्ट्रक्सन | २४०० | tack coat | २२५० | १४४० | ८१० | १५० | १२१५०० |
| | | | Premix carpet | ६७.५ | ४८ | १९.५ | १२००० | २३४००० |
| १० - २०७९।८०- | | | | | | | | |
| | डिग्रे साई कुमारी कन्स्ट्रक्सन | १०८० | tack coat | १०१२.५ | ६४८ | ३६४.५ | ११२ | ४६१३१ |
| | | | Premix carpet | ३०.३८ | २१.६ | ८.७८ | १२००० | ११९०५६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १७ - २०७७०७८ | रिबायल कन्स्ट्रक्सन प्रा. लि. | १४४० | tack coat | १३५० | ८६४ | ४८६ | १०० | ४८६०० |
| | | | Premix carpet | २७ | २०.८ | ६.२ | १०० | ६२० |
| जम्मा | | | | | | | | २०४६००७ |

| | |
|---|---|
| अनियमित भएको | २०,४६,००७ |

९६ **जिल्ला दररेट भन्दा बढिमा खरिद** - सार्बजनिक खरिद नियमावली २०६४ को नियम ११ मा निर्माण सामाग्रीको लागत अनुमान जिल्ला दररेटको आधारमा तयार गर्नुपर्ने ब्यबस्था छ। उपभोक्ता समितिबाट गराउने कार्यमा उपभोक्ताले र पालिकाले सुचिकृत फर्मबाट सोझै खरिद गर्दा जिल्ला दररेट भन्दा बढि नहुने गरी खरिद गर्नुपर्दछ। नमुना छनौटको आधारमा परिक्षणगर्दा निम्नानुसारका उपभोक्ता समिति र पालिका आफैले सुचिकृत फर्मबाट सोझै खरिद गर्दा २०७९।८० को स्वीकृत जिल्ला दररेट भन्दा बढि दरमा निर्माण सामाग्री खरिद गरेको देखिएकोले जिल्ला दररेटभन्दा बढि दरमा खरिद गरेको मु.अ.कर समेत असुल गर्नुपर्ने रु

| गौ.भौ.मिति | योजनाको नाम | निर्माण सामाग्री र परिमाण | जिल्ला दररेट मु अ कर बाहेक प्रति थान | सप्लायर्सको नाम | खरिद दर मु अ कर बाहेक | बढि भुक्तानी मु अ कर समेत |
|---|---|---|---|---|---|---|
| ३९३÷२०८०।३।१६ | पालिकाबाट सोझै खरिद | एन. पि. थ्री. ह्युमपाइप ९०० एम एम ÷४ थान | ३१५९५ | ग्रीन प्रीकाष्ट इन्डष्ट्रीज प्रा.लि. | ३२०५१।२५ | २०६२ |
| | | एन पि थ्री ह्युमपाइ | १३०७७।५० | | १४४३७।५ | ६१४७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | प ४५० एम एम ÷४ थान | | | | |
| ३९७÷२०८०।३।१६ | पालिकाबाट सोझै खरिद | एन. पि. श्री. ह्युमपाइप ९०० एम एम ÷२ थान | ३१५९५ | शलिना एण्ड सरिता सप्लायर्स | ३३१७४ | ३५६८ |
| | | एन. पि. श्री. ह्युमपाइप ६०० एम एम ÷६ थान | १७८०२।५० | | १८६९२ | ६०३१ |
| | | एन. पि. श्री. ह्युमपाइप ४५० एम एम ÷६ थान | १३०७७।५ | | १३७३० | ४४२४ |
| | | एन. पि. श्री. ह्युमपाइप ३०० एम एम ÷७ थान | ९१८७।५ | | ९६४६ | ३६२७ |
| ३४७-२०८०।३।१ पुंजिगत | पालिकाबाट सोझै खरिद | एन. पि. श्री. ह्युमपाइप ९०० एम एम -२ थान | ३१५९५ | न्यू वागेश्वरी सप्लायर्स | ३३१७४ | ३५६८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | एन. पि. थ्री. ह्युमपाइप ६०० एम एम ÷२२ थान | १७८०२।५० | | १८६९२ | २२११३ |
| | | एन. पि. थ्री. ह्युमपाइप ४५० एम एम ÷२०थान | १३०७७।५ | | १३७३० | १४७४६ |
| | | एन. पि. थ्री. ह्युमपाइप ३०० एम एम -१२ थान | ९१८७।५ | | ९६४६ | ६२१७ |
| ३५३-२०८०।३।४ पुँजिगत | पालिकाबाट सोझै खरिद | एन. पि. थ्री. ह्युमपाइप ९०० एम एम -८ थान | ३१५९५ | ग्रीन प्रिकाष्ट ईन्ड्रष्ट्रिज प्रा . लि . | ३२०५१ | ४१२२ |
| | | एन. पि. थ्री. ह्युमपाइप ६०० एम एम ÷१४ थान | १७८०२।५० | | १९०५७.५ | १९८५४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | एन. पि. श्री. ह्युमपाइप ४५० एम एम ÷१८थान | १३०७७।५ | | १४४३७.५ | २७६६२ |
| | | एन. पि. श्री. ह्युमपाइप ३०० एम एम -११ थान | ९१८७।५ | | ९२४० | ६५२ |
| ३४८-२०८०।३।३ पुँजिगत | पालिकाबाट सोझै खरिद | एन. पि. श्री. ह्युमपाइप ९०० एम एम -४थान | ३१५९५ | बागेश्वरी ह्युम पाइप एण्ड बिधुत पाेल इन्डस्ट्रिज प्रा लि | ३३१७४ | ७१३७ |
| | | एन. पि. श्री. ह्युमपाइप ६०० एम एम ÷१४ थान | १७८०२।५० | | १८६९२ | १४०७२ |
| | | एन. पि. श्री. ह्युमपाइप ४५० एम एम ÷१९ थान | १३०७७।५ | | १३७३० | १४००९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | एन. पि. श्री. ह्युमपाइप ३०० एम एम -१४ थान | ९१८७।५ | | ९६४६ | ७२५३ |
| ३१४-२०८०।२।१४ पुँजिगत | तल्लो पितमारी डाडा तल बाटो ग्राभेल उ . स . | एन. पि. श्री. ह्युमपाइप ६०० एम एम ÷६ थान | १७८०२।५० | बागेश्वरी ह्युम पाइप एण्ड बिधुत पा◌ेल इन्डस्ट्रिज प्रा लि | १९८७९.५ | १४०८२ |
| | | एन. पि. श्री. ह्युमपाइप ६०० एम एम ÷४ थान | १७८०२।५० | कृष्णसार पोल एण्ड पाईप इण्डष्ट्रीज प्रा . लि | २०११६.५ | १०४५९ |
| जम्मा | | | | | | १९१८०५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९१,८०५ |

९७ **दाखिला प्रमाण पेश नभएको** (३४९-२०८०-३-४):- सार्बजनिक खरिद नियमावली २०६४ को नियम ११ मा सार्बजनिक निकायले मालसामानको स्पेशिफिकेशनको अधिनमा रही मालसामानको लागत अनुमान तयार गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावलीको नियम ९५ को उपनियम १ बमोजिम कार्यालयले खरिद गरि कुनै सम्पति तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पति तथा जिन्सी किताबमा सात दिन भित्र आम्दानि बाँधी लागत अधवाधिक गर्नु पर्ने व्यवस्था छ।वडा नं २ का मदन कुमार थारुलाइ सिलिङ प्यान ३,साइकल १ ,फ्रीज १ , को रु ९८५०० सोधभर्ना भुक्तानी गरेकोमा खरि गरीएका जिन्सी पालिकाको जिन्सि खातामा दाखिला प्रमाण पेश नभएको रु

| | प्रमाण पेश नगरेको | ९८,५०० |
|---|---|---|

९८ **उपभोक्ता समितिको लागत भन्दा बढि मुल्यांकन** - सार्बजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिले कार्य सम्पन्न पश्चात प्राबिधिक मुल्यांकनसाथ खर्च पुष्टी हुने बिलभर्पाइ त्यस्तो समितिबाट अनुमोदन गराइ पेश गर्नुपर्ने ब्यबस्था छ। प्राबिधिक मुल्यांकन साथ उपभोक्ता समितिले पेश गरेका बिल भर्पाइ परिक्षण गर्दा प्राबिधिक मुल्यांकन अनुसार खपत भएको परिमाण भन्दा घटी निर्माण सामाग्री खरिद गरेको देखिएकोमा पालिकाले भुक्तानीमा घटि खरिदको अनुपातिक कट्टी गरेको नदेखिएकोले उपभोक्ता समितिले लागत नबेहोरेको रकम भुक्तानी गर्न मिल्दैन। उपभोक्ता समितिले खरिद नगरी मुल्यांकनमा समाबेश भएको रकमको उपभोक्ताको अंश कट्टी गरी असुल गर्नुपर्ने रु

| गो.भौ.मिति | योजनाको नाम | निर्माण कार्य र सामाग्री मुल्यांकन परिमाण | उ.स. ले खरिद परिमाण | घटि परिमाण | बढि मुल्यांकन | बढि भुक्तानी |
|---|---|---|---|---|---|---|
| २३÷२०८०।१।१९ | बि पि मेमवरियल मा बि स्वच्छ खानेपानी धारा जडान | फ्ल्याट ब्रीक सोलिङ÷१६.६९ ब.मि. (इट्टा खपत ७०१ गोटा ) | ६००० गोटा | २७३७ गोटा | ४०६४५ | ३११२९ |
| | | ब्रीक मेशनरी १:४÷१४.३५घ.मि. (इट्टा खपत ८०३६ गोटा ) | | | | |
| ४३÷२०८०।२।५ | बागेश्वरी मा बि गाभरको २ कोठे पक्की भवन निर्माण | फ्ल्याट ब्रीक सोलिङ÷६७.४१ ब.मि. (इट्टा खपत २८३१ गोटा ) | १९०० ० गोटा | १२२१ २ | १८१३४ ८ | ११८०३३ |
| ६५÷२०८०।३।२२ | | ब्रीक मेशनरी १:४÷५०.६८घ.मि. (इट्टा खपत २८३८१ गोटा ) | | | | |
| ४३÷२०८०।२।५ | बागेश्वरी मा बि गाभरको २ | पि.सि.सि.१:३:६÷६.३७ घ.मि.(सिमेन्ट २८ बोरा ) | ७०० बोरा ( प्रति | ४८७ बोरा | ३७९८६ ० | २४७२३९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६५÷२०८०।३।२२ | कोठे पक्की भवन निर्माण | आर.सि.सि. १:१/२:३÷६०.२३ घ.मि. .(सिमेन्ट ४८२ बोरा ) | बोरा रु ५१०) | | | |
| | | पि.सि.सि.१:२:४÷८२.३९ घ.मि.(सिमेन्ट ५२७ बोरा ) | | | | |
| | | ब्रीक मेशनरी १:४÷५०.६८ घ.मि. .(सिमेन्ट १०१ बोरा ) | | | | |
| | | प्लाष्टर÷४८९ ब.मि. .(सिमेन्ट ४९ बोरा ) | | | | |
| ६१÷२०८०।३।१६ | नेपाल राष्ट्रिय मा वि पेराडी कम्पाउण्ड व्यवस्थापन बैजनाथ गापा ७ | फल्याट ब्रीक सोलिङ÷५५.४० ब.मि. (इट्टा खपत २३२७ गोटा ) | २०००० गोटा | २९५७ | ४३९११ | ३८३०१ |
| | | ब्रीक मेशनरी १:४÷३६.८४घ.मि. (इट्टा खपत २०६३० गोटा ) | | | | |
| ३२५-२०८०।२।२६ | बनकटवा प्राथमिक स्वा के को घेरा पर्खाल निर्माण | ब्रीक मेशनरी १:४-२८.९२घ.मि. (इट्टा खपत १६१९५ गोटा ) | १५०००० | ११९५ | २००५२ | १७८६० |
| ३२९-२०८०।२।२६ | चिसापानी पोल्ट्रि फर्म जानेबाटो कल्भर्ट निर्माण अपुग रकम वडा न १ | आरसिसि १: १/ २: ३- ७४ घमि (सिमेन्ट ५९२ बोरा प्रति बोरा ७८० ले मुल्यांकन ) | १०४५ बोरा प्रति बोरा रु ६३० दरले खरिद | घटि प्रति बोरा दर रु १५० | २०३७०० | १८२६४१ |
| | | स्टोन मेशनरी १: ४-२४१ घ मि (सिमेन्ट | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ७६६ बोरा रु ७८० ले मुल्यांकन ) | | | | |
| २५४-२०८०।१।२४ | भगवती माता मन्दिर तथा ओमकारेश्वर संरक्षण समिति | ब्रीक मेशनरी १:४- १५..८५घ.मि. (इट्टा खपत ८८७६ गोटा )<br>फल्याट ब्रीक सोलिङ २६ ब मि (इट्टा खपत १०९२ गोटा ) | ८००० | १९६८ | २९२२५ | २५८६९ |
| २५६-२०८०।१।२४ | चन्द्र हमालको घर देखि राम खवासको घर जोड्ने जेठीनालामा कल्भर्ट निर्माण ( | पि.सि.सि.१:२:४÷ ९ घ.मि.(सिमेन्ट ५८ बोरा प्रति बोरा ७८० ले मुल्यांकन)<br>स्टोन मेशनरी १ः ४- ६४ घ मि (सिमेन्ट २०३ बोरा प्रति बोरा ७८० ले मुल्यांकन )<br>आरसिसि १ः १/ २ः ३- ११ घमि (सिमेन्ट ८८ बोरा प्रति बोरा ७८० ले मुल्यांकन ) | २४० बोरा प्रति बोरा रु ६५० दरले खरिद | घटि प्रति बोरा दर रु १३० | ११६२२० | १०४१८३ |
| २६८-२०८०।१।२६ | सिचाई बाध निर्माण वडा न १ | १:१/२:३÷१३.१४ घ.मि. .(सिमेन्ट १०५ बोरा प्रति बोरा ७८० ले मुल्यांकन )<br>) | ९० बोरा प्रति बोरा रु ५६५ दरले खरिद | घटि प्रति बोरा दर रु २१५ | ३१०५० | २३६०५ |
| २७१-२०८०।१।२९ | सिमसोन मन्डली निर्माण तारजाली बैजनाथ ६ | फ्ल्याट ब्रीक सोलिङ÷४४. ३२ब.मि. (इट्टा खपत १८६१ गोटा ) | १५००० | २१४४ | ३५९७७ | ३२३५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ब्रीक मेशनरी १:४÷२७.२९घ.मि. (इट्टा खपत १५२८२ गोटा ) | | | | |
| २२९-२०८०।१।१३ | बैजनाथ १ मा सामुदायिक भवन निर्माण | ब्रीक मेशनरी १:४÷१५.४६घ.मि. (इट्टा खपत ८६५८ गोटा ) | ७००० | १६५८ | २४६२१ | २१५७२ |
| २१०-२०८०।१।१० | पाेल्ट्री फर्म जाने बाटाे धारा नजिक बुका नालामा पक्कि पुल निर्माण | आरसिसि १: १/ २: ३- ५५.४६ घमि (सिमेन्ट ४४४ बोरा प्रति बोरा ७८० ले मुल्यांकन ) | ४१० बोरा प्रति बोरा रु ६०५ दरले खरिद | घटि प्रति बोरा दर रु १७५ | ९८२७० | ८७९४८ |
| २१२-२०८०।१।१० | गडरहिमा ढल निकास र दाङपुर कुरिलाबारीमा ग्राबेल | ब्रीक मेशनरी १:४÷३१.९७घ.मि. (इट्टा खपत १७९०३ गोटा<br>फ्ल्याट ब्रीक सोलिङ÷११६.ब.मि. (इट्टा खपत ४८७२ गोटा ) | १८००<br>० | ४७७५ | ७०९०८ | ६१८०१ |
| २१६-२०८०।१।१० | बि पि मेमोरियल मा बि बैजनाथ ४ मा घेराबार निर्माण | पि.सि.सि.१:३:६÷५.२५ घ.मि.(सिमेन्ट २३ बोरा )<br>पि.सि.सि.१:२:४÷ १५ घ.मि.(सिमेन्ट ९६ बोरा प्रति बोरा ७८० ले मुल्यांकन) | प्रति बोरा रु ५६५ दरले खरिद | घटि प्रति बोरा दर रु २१५ | ४१४९५ | ३६१९२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ब्रीक मेशनरी १:४-३७..१०घ.मि.(सिमेन्ट ७४ बोरा | | | | |
| ४-२०८०।२।१ सि ग्यास भाषा तथा सस्कृति कार्यक्रम तर्फ | वडानं ७ को अन्जली थारुको घर नजिक शिब मन्दिर भजन घर निर्माण | फ्ल्याट ब्रीक सोलिङ÷७० ब.मि. (इट्टा खपत २९४०गोटा ) | ८००० | ४४६० | ६६२३१ | ५६७९८ |
| | | ब्रीक मेशनरी १:४÷१७ घ.मि. (इट्टा खपत ९५२०गोटा | | | | |
| जम्मा | | | | | | १०८५५२१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,८५,५२१ |

९९ **जिन्सि दाखिला र स्पेशिफिकेशन** (३०-२०८०-१-२५):- सार्बजनिक खरिद नियमावली २०६४ को नियम ११ मा सार्बजनिक निकायले मालसामानको स्पेशिफिकेशनको अधिनमा रही मालसामानको लागत अनुमान तयार गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावलीको नियम ९५ को उपनियम १ बमोजिम कार्यालयले खरिद गरि कुनै सम्पति तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पति तथा जिन्सी किताबमा सात दिन भित्र आम्दानि बाँधी लागत अधवाधिक गर्नु पर्ने व्यवस्था छ। मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गत प्र.अ. सँग प्रबिधि कार्यक्रममा आइफाइब स्टोरेज एस एस डि २५६ जिबि ग्राफिक्स मेमोरी १४ इन्च डिस्प्ले ल्यापटप १३ थान पालिकाले लागत अनुमान तयार नगरी प्रतिथान मु अ कर बाहेक रु ६१००० का दरले सुचिकृत सप्लायर्सबाट दररेट लिइ पि.पि.एन कम्प्युटर्सबाट खरिद गरी १३ बिद्यालयका प्रधानाध्यापकलाइ हस्तान्तरण गरेकोमा सप्लायर्सको कर बिजक तथा बिद्यालयको हस्तान्तरण फारममा ल्यापटपको पुरा स्पेशिफिकेशन उल्लेख गरेको देखिएन। खरिद बिलमा एच पि ल्यापटप २ थान र असुस भिबो ११ थान रु ६१००० को दर उल्लेख भएबाट दररेटमा उल्लेख भए अनुसारको स्पेशिफिकेशन बमोजिमको सामान प्राप्त भइ हस्तान्तरण भएको एकिन हुन सकेन। अत खरिद गरी हस्तान्तरण गरिएका १३ थान ल्यापटप सप्लायर्सबाट पेश भएको स्पेशिफिकेशन बमोजिम बिद्यालयको खप्ने जिन्सि खातामा आम्दानी गरी लेखापरिक्षण प्रतिबेदनमा शिक्षा नियमावलीको अनुसुचि अनुसार मौज्दात रहेको प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,९६,०९० |

१०० **मुल्यांकन भन्दा बढि भुक्तानी** - ठे.नं २÷२०७९।८० बनसट्टी टोलको चौतारा देखि गुनापुर चोक कलरामपुर नाला हुदै उत्तर राजीपुर सम्मको सडक कालोपत्रे कार्यको अन्तिम बिलको रु ४२७४६२४ कार्य मुल्यांकनमा अघिल्लो बिल सम्मको भुक्तानी रु ३६८१०७८ कट्टी गरी बाकी हुने रु ५९३५४६ भुक्तानी गर्नुपर्नेमा गो.भौ. २७मिति २०८०।१।२५ बाट रु २९६७७३ र गो.भौ. २८मिति २०८०।१।२५ बाट रु ३९८२०७ गरी कुल रु ६९४९८० भुक्तानी गरेको देखिएकोले मुल्यांकन भन्दा बढि भुक्तानी रु १०१४३४ असुल गरी प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०१,४३४ |

१०१ **प्रमाण पेश नभएको** (७५-२०८०-३-२०):- सार्बजनिक खरिद नियमावली २०६४ को नियम ११ मा सार्बजनिक निकायले मालसामानको स्पेशिफिकेशनको अधिनमा रही मालसामानको लागत अनुमान तयार गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावलीको नियम ९५ को उपनियम १ बमोजिम कार्यालयले खरिद गरि कुनै सम्पति तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पति तथा जिन्सी किताबमा सात दिन भित्र आम्दानि बाँधी लागत अधवाधिक गर्नु पर्ने व्यवस्था छ।मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पि.पि.एन कम्प्युटर्सबाट डेल ल्यापटप÷३ , एसर प्रोजेक्टर÷३, क्यानन् प्रीन्टर ÷३,स्मार्ट टिभि÷३ खरिद गरी बागेश्वरी मा.बि.भगवती मा.बि. र सुर्योदय मा.बि. का प्रधानाध्यापकलाइ हस्तान्तरण गरेकोमा बिद्यालयको हस्तान्तरण फारममा जिन्सिको पुरा स्पेशिफिकेशन तथा खप्ने जिन्सीखातामा दाखिला गरेको दाखिला र जि.खा.पा.न.उल्लेख गरेको नदेखिएकोले स्पेशिफिकेशन बमोजिमको सामान प्राप्त भइ हस्तान्तरण भएको एकिन हुन सकेन। अत खरिद गरी हस्तान्तरण गरिएका १२ थान जिन्सी सप्लायर्सबाट पेश भएको स्पेशिफिकेशन बमोजिम बिद्यालयको खप्ने जिन्सि खातामा आम्दानी गरी लेखापरिक्षण प्रतिबेदनमा शिक्षा नियमावलीको अनुसुचि अनुसार मौज्दात रहेको प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,००,००० |

१०२ **सशर्त अनुदानको रकमबाट सहमती बेगर थपकार्य** - ठेक्का नं १५ २०७९।८०÷अन्तर सरकारी बृत्त ब्यबस्थापन ऐन २०७४ मा शशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन सम्बन्धमा आबश्यक शर्त तोक्नेछ र त्यस्तो शर्तको पालना सम्बन्धित स्थानिय तह र प्रदेशले गर्नुपर्ने कानुनी ब्यबस्था छ। । आर्थिक कार्यविधि तथा बित्तिय उत्रदायित्व ऐन, २०७६ अनुसार बिनियोजन भएको शशर्त रकम खर्च नभइ बाँकी रहेमा सम्बन्धित सरकारको संचित कोषमा फिर्ता गर्नुपर्ने ब्यबस्था छ। सरस्वती मा. वि . ४ कोठे भवन निर्माण कार्यको ल. ई ६९९१६३९।०० को ठेक्का व्यवस्था गर्दा निर्माण व्यवसायी निशान निर्माण सेवाले रु ४३८२९७७।०० कवोल गरी कार्य सम्पन्न पश्चात निर्माण ब्याबसायीलाइ रु ४३१२९५९ भुक्तानी भइ बाँकी रहेको रु ६१४५०१ संघिय सरकारको शर्त बमोजिम संघिय सरकारमा फिर्ता गर्नुपर्नेमा पालिकाले संघिय सरकारबाट पुर्व सहमति नलिइ पूनः सोही निर्माण सेवाबाट थप कार्य गराई रु ६१४५०१ भुक्तानी गरेको देखियो । तसर्थ सहमतिबेगर खर्च गरेको रकम संघिय सरकारबाट समर्थन गराउनुपर्ने अन्यथा उक्त खर्च स्थानिय संचित कोषबाट बेहोरी आन्तरिक स्रोतबाट संघिय सन्चित कोष फिर्ता गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,१४,५०१ |

१०३ **संस्थागत क्षमता विकास कार्यक्रम** (१५७-२०८०-२-२):- पालिकाले संस्थागत क्षमता विकास कार्यक्रममा विनियोजन भएको रकमबाट लाल बहादुर बोहरा लाई रु.३०००००० भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) परिक्षा समितिको बैठक भनी ११ जनालाई ४८ दिनको प्रति दिन १००० का दरले अनुगमन भत्ता बापत भुक्तानी दिएको रु ४८००० भुक्तानी पाउने आधार पेश गर्नुपर्ने रु.

ख) परिक्षा अनुगमन बापत परिक्षा सँग सम्वन्धित व्यक्ति अनुगमनमा जानुपर्नेमा ७ जना २६ दिन अनुगमन कार्यमा संलग्न भएको भनी भुक्तानी दिएकोले भुक्तानी पाउने आधार पेश गर्नुपर्ने रु.

ग) १९ जनालाई प्रश्न पत्र तयार गरेको भनी १२०० का दरले भुक्तानी रु २२८०० दिएकोमा उक्त कार्यको भुक्तानी दिने मापदण्ड पेश गर्नुपर्ने रु.

घ) प्रश्न प्रत्र तयारी कार्यशालामा प्रशिक्षकको रुपमा कार्यारत दुई जना आन्तरिक व्यक्तिलाई ३ चरणको कार्यक्रममा कार्यपत्र नै पेश नगरी कार्यपत्र बापत रु. ७०० भन्दा बढी हुने गरी भुक्तानी दिएको रु. ८४०० असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०५,२०० |

१०४ **हात्तीपाइले रोग विरुद्धको आम औषधी सेवन कार्यक्रम** (१५५-२०८०-२-२):- स्थानीय तहमा स्वास्थ्य कार्यक्रम संचालन निर्देशिका २०७९।८० को हात्तीपाइले रोग विरुद्धको आम औषधी सेवन कार्यक्रम संचालन क्रियाकलाप संचालन गरे बापत रु. ११०५०० भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) स्थानीय तहमा स्वास्थ्य कार्यक्रम संचालन निर्देशिका २०७९।८० को हात्तीपाइले रोग विरुद्धको आम औषधी सेवन कार्यक्रम संचालन क्रियाकलाप संचालन गर्दा एक स्थानीय तहमा अनुगमन तथा मूल्याङ्कन कार्यमा बढीमा रु २५००० खर्च गर्न सकिने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यक्रम संचालन गर्दा अनुगमन शिर्षकमा रु ८०७१६ खर्च गरेकोले नमर्स भन्दा वढी खर्च गरी रु ५५७१६ बढि ब्ययभार पारेको रु

ख) भम्रण खर्च नियमावली २०६४ अनुसार दुर्गा देबी उपाध्यायलाई १ दिने अनुगमनको लागि एक दिनमै भम्रण गरी फर्कन सक्ने स्थानमा समेत ३ दिनको भम्रण आदेश स्वीकृत गरी दैनिक १६०० का दरले भुक्तानी दिई बढी भुक्तानी भएको रु. २४०० असुल गरी दाखिला गर्नुपर्ने रु.

ग) कार्यविधि अनुसार एक जना सयोजक र अन्य २ स्वास्थ्य कर्मी ३ जनालाई मात्र भत्ता उपलव्ध गराउन सकिनेमा विभिन्न मितिमा नमर्स भन्दा बढी व्यक्तिलाई भत्ता वितरण गरी रकम खर्च लेखेकोमा यसमा पालिकाले अनुगमन गरी बढी भुक्तानी भएको रकम संघीय संचित कोषमा दाखिला गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५८,११६ |

१०५ **नौवस्ता अपाङ्ग संघ,** (१६२-२०८०-२-७):- नौवस्ता अपाङ्ग संघ,वैजनाथ गा.पा. बाँके (अपाङ्ग भएका व्यक्तिहरुको उत्थान /संरक्षण) मा विनियोजन भएको बजेट बाट उक्त अपाङ्ग संघले ले अपाङ्ग भएका व्यकिहरुलाई हिलचेयर ४ थान र ट्राइसाइकल २ थान र बैशाखी ११ थान वितरण गरेको रु. ४९८००० भुक्तानी भएको श्रेष्ता परिक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा लागत अनुमात तयार गरी खरिद गर्नुपर्ने व्यवस्था रहेको छ ।त्यस्तै उक्त ऐन को दफा ४६ अनुसार जनचेतना सम्वन्धि तालीम, अभिमुखिकरण, सवलीकरण तथा मूलप्रवाहीकरण जस्ता कार्य मात्र गैर सरकारी निकायबाट गराउन सकिने व्यवस्था रहेको छ । पालिकाले उक्त नियम विपरित हुने गरी गै स स बाट सामाग्री खरिद गरी वितरण गरेको भनेको पेश्की दिई पेश्की फर्छ्यौट गरेको नियमित देखिएन।

.ख) सामान वितरण कार्यको लागि ८ जनालाई अनुगमन बापत ३ दिनको जनही १००० का दरले अनुगमन भत्ता वितरण गरेको देखियो अपांग सस्थाबाट ११ थान बैसाखि बितरण कार्यक्रममा ८ जना ३ दिन सम्म पालिकाबाट अनुगमन गरी भत्ता भुक्तानी दिने आधार पुष्टी नहुने हुदा अनुगमन बापत भुक्तानी भएको रु. २४००० असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,००० |

१०६ **संस्थागत सुढृढीकरण कार्यक्रम** (१९७-२०८०-२-३२):- पालिकाले संस्थागत सुढृढीकरण कार्यक्रम संचालन बापत धन बहादुर नेपालीको नाममा गो भौ नं १९७।०८०।२।३२ बाट रु १०००००, १९६।०८०।२।३२ बाट १००००० भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) गाँउपालिका स्तरमा बाह्य प्रशिक्षकलाई कार्यपत्र तयारी बापत ७०० र बाचन बापत ६०० गरी १३०० सम्म भुक्तानी गर्न सकिने व्यवस्था रहेकोमा पालिकाले जनप्रतिनिधि र कर्मचारीहरुका लागि बार्षिक तथा वजेट तयारी सम्वन्धि तयारी बापत २ जना प्रशिक्षक शुसिल सुवेदीलाई १ सेसनको २५०० का दर र धर्मराज न्यौपाने(आन्तरिक प्रशिक्षक) लाई ७०० का दरले प्रति कक्षा बापत भुक्तानी गर्नुपर्नेमा २५०० का दरले भुक्तानी दिई बढी भुक्तानी भएको रु. ६६०० असुल गरी दाखिला गर्नुपर्ने रु.

ख) सहजकर्ता बापत ३ जनालाई ४ कक्षाको २५०० को दरले भुक्तानी दिई बढी भुक्तानी भएको ४८०० बढि भुक्तानी भएको हुदा उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,४०० |

१०७ **कार्यविधि विपरित खर्च** (१६३-२०८०-२-११):- पालिकाले विश्व बैंक बाट प्राप्त अनुदान बाट विनियोजन प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत को बजेट बाट वडा नं १ र ८ मा खानेपानी योजना संचालन गरेको

रु १७७७१६० भुक्तानी भएको हुदा कार्यविधि अनुसार पालिकाले तर्जुमा गरेको योजनामा रकम खर्च गर्न नमिल्नेमा पालिकाले उक्त कार्यको लागि रकम खर्च लेखेको हुदा प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि तर्जुमा गरिएको योजनामा खर्च गरेको प्रमाण पेश गर्ने अन्यथा उक्त रकम स्थानिय संचित कोषबाट संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,७७,१६० |

१०८ **आन्तरिक लेखापरिक्षण प्रतिबेदनको कार्यान्वयन अवस्था**

१०८.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ८५ अनुसार आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको कैफियत सम्बन्धमा त्रैमासिक प्रतिवेदनको हकमा अर्को त्रैमासिक अवधिभित्र तथा वार्षिक प्रतिवेदनको हकमा अन्तिम लेखापरीक्षण हुनु अगावै आवश्यक प्रमाण संलग्न गरी नियमित गर्नु पर्ने भए नियमित गराई बेरूजु फस्यौट गर्नु, गराउनु पर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको आन्तरिक लेखापरिक्षणबाट औंल्याएको वेरुजु लेखापरीक्षणको अवधि सम्म फछ्यौट गरेको नदेखिएकोले उक्त बेरुजु असुल फछ्यौट गर्नुपर्ने देखिन्छ.।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१०८.२ राजश्व कम दाखिलाः आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८ मा जिम्मेवार ब्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदि सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गरी श्रष्ता खडा गर्नुपर्ने तथा सो बमोजिम दाखिला नगरेको देखिन आएमा समबन्धित तालुक कार्यालय वा बिभागिय प्रमुखले १० दिन सम्म ढिला गरेको भए दाखिला गर्न बाकी रकम र सो रकमको १० प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाइ कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम बिभागिय कारवाही समेत गर्न गराउन सक्ने कानुनी ब्यबस्था छ। पालिकाले ५ नम्बर वडा कार्यालयबाट असुल गरेको राजश्व रकम समयमा दाखिला गर्ने गरेको देखिएन। यस बर्ष राजस्व रु ३३९१७९४ असुल गरेकोमा रु २९८८२८२ मात्र राजश्व दाखिला गरेको देखिएकोले दाखिला गर्न बाँकी राजश्व १० प्रतिशतले जरिवाना रु ४०३५१ समेत रु४४३८६३ असुल गरी संचित कोषमा दाखिला गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,४३,८६३ |

१०८.३ (१६-२०८०-३-२४):- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यवस्था छ। कृषि यान्त्रिकरण कार्यक्रम अन्तर्गत विभिन्न यान्त्रिकरण खरिद गरेको र वितरण गरेको भर्पाई पेश नगरी अनुगमन वापतको ३९००० र ५१ जना लाई ४५० का दरले खाजा खुवाएको भनी विल बेगर २२९५० कृषि शाखा प्रमुखलाइ भुक्तानी दिएकोमा बितरण गरेको भर्पाइ र खाजाको बिल बेगर भुक्तानी गरेको रकम सम्बन्धित शाखा प्रमुख बाट असुल गर्नु पर्ने रु

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ६१,९५० |

१०८. (१८-२०८०-३-२४):- यस परीक्षण सूचिमा समावेश भएका विषयसङ्ग सम्बन्धित परस्पर जोडिएका वा अन्य
४ प्रकारका विषय भएमा त्यस्ता विषयको यथेष्ठ लेखापरीक्षण प्रमाण सम्लग्न गरी परीक्षण र विश्लेषण गर्ने [तर नयाँ विषयको परीक्षण गर्नु नपर्ने, परीक्षण गर्नैपर्ने अवस्था देखिएमा लेखापरीक्षण योजना संशोधनको प्रकृया अपनाएर नयाँ जोखिम क्षेत्र र नयाँ परीक्षणसूचि समावेश गरी सोही क्षेत्र र सूचिमा समावेश भए बमोजिम गर्ने रु

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | १०,२०० |

१०८. अनुगमन भत्ताः गाउँपालिकाका पदाधिकारी र कर्मचारीले भ्रमण खर्च निमावली २०६४को १०अनुसार दैनिक
५ भत्ता तथा भर्मण खर्च भुक्तानी सम्बन्धी ब्यवस्था अनुसार एक जिल्लाबाट अर्को जिल्ला वा सोही जिल्लाको एक कार्यालय बाट अर्को कार्यालय २० कि मी भन्दा बढी दुरीको कार्यालयमा सरुवा बढुवा वा कायम मुकायकम भईजाने पदाधिकारी र कर्मचारीले दैनिक भर्मण भत्ता पाउने व्यवस्था छ ।तोकिएको अवस्थामा पाउने दैनिक भत्ता र भ्रमण खर्च बाहेक गाउँपालिकाको क्षेत्र भित्रका तालिम तथा योजनाहरुको अनुगमन गर्दा भत्ता सबिधा पाउने कुनै ब्यावस्था छैन ।गाउँपालिकाका अध्यक्ष उपाध्यक्ष तथा कर्मचारीलाई योजना र वडा कार्यालय अनुगमन भनि षोजना अनुगम भनि प्रत्येक योजना अनुगमनमा प्रति व्याक्ति १०००का दरले भत्ता भुक्तानी गरेको देखिन्छ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

१०८. (२०-२०८०-३-२४):- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०)
६ मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यवस्था छ। कार्यालयले कृर्षि शाखाको सिफारिसमा प्लास्टिक त्रिपाल र टनेल ५० प्रतिशत अनुदानमा वितरण कार्यक्रमको लागि अनुगमनमा गएका अनुगमनकर्तालाई अनुगमन भत्ता भनि कृर्षि शाखा प्रमुख प्रमोद वि क लाइरु १४४५० भुक्तानी दिएकोमा वितरण गरेको भर्पाई पेश नभएकोले असुल गर्नुपर्ने रु

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | १४,४५० |

१०८. (२२-२०८०-३-२४):- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०)
७ मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यवस्था छ। कृर्षि शाखा प्रमुख प्रमोद कुमार विश्वकर्मालाइ फलफुसल विकास कार्यक्रम अन्तर्गत विभिन्न फलफुलका ४७६० विरुवा वितरण गरेको भर्पाई बेगर अनुगमन को रु ४२००० भुक्तानी गरेकोमा भर्पाइ बेगर भुक्तानी गरेको रकम सम्बन्धित बाट असुल गर्नु पर्ने रु

| | असुल गर्नुपर्ने | ४२,००० |
|---|---|---|

१०८.८ औषधी खरिद— सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँ सम्मको औषधि जन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भएछ। तर स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर रु.४४५३३९० का औषधि सोझै खरिद गरेको छ। यस सम्बन्धी देखिएको व्यहोराहरु निम्ननुसार छन।

(क) खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएकोहो र सो को मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

(ख) आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनु पर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

(ग) आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

(घ) औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको

(ङ) औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राखि, तोकीएको गुणस्तर अनुसार कै औषधि प्राप्तभएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त् मा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्ने तर्फ ध्यानदिनु पर्दछ।

| | सैद्धान्तिक बेरुजु |
|---|---|

१०८.९ (५-२०८०-३-१५):- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व निमावली २०७७को नियम ३९ को उपनियम ५ बमोजिम सरकारी रकम खर्च गर्दा विल भर्पाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यावस्था छ।पालिकाले किसान संग पालिका प्रमुख कार्यक्रम अन्तर्गत कृर्षि शाखाले कृर्षि मेसिनरी सोलुसन नेपालगंज बाट आवश्यकता र माग विना २७८० पिस हामेर्टिक ब्याग खरिद गरेको भनी रु ८५०२६० भुक्तानी गरेकोमा वितरण गरेको भर्पाई पेश नभएकोले प्रमाण कागजात पेश गर्नु पर्ने रु

| | प्रमाण पेश नगरेको | ८,५०,२६० |
|---|---|---|

१०८.१० (४९२-२०८०-२-११):- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। मायारा प्रोडक्सन प्रा ली ले जन प्रतिनिधि र कर्मचारीलाई अनुगमन प्रतिवेदन र उपस्थिति बिना रु १५००० भुक्तानी गरेकोले निजबाट असुल गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,००० |

१०८.११ (४५६-२०८०-२-३२):- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। आर्थिक विकास समितिकी बैठक भत्ता वापतको रकम रु २४६५० कृर्षि शाखा प्रमुख प्रमोद विश्वकर्मा लाइ भुक्तानी गरेकोमा वितरण गरेको भर्पाई पेश नभएकोले भर्पाइ बेगरको रकम असुल गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,६५० |

१०८.१२ (५५८-२०८०-२-३२):- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व निमावली २०७७को नियम ३९ को उपनियम ५ बमोजिम सरकारी रकम खर्च गर्दा विल भर्पाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यावस्था रहेको छ ।पालिकाले दलित आय आर्जन तथा सिप बिकास खर्च अन्तर्गत ८ वटा आरन मेसिन खरिद गरी वितरण गरेकोमा वितरण भर्पाई पेश नगरेकोले भर्पाई पेश गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१०९ **आन्तरिक लेखापरिक्षण प्रतिबेदनको कार्यान्वयन अवस्था**

१०९.१ (१४-२०७१-८-१२):- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। शाखाले प्रयोगशाला सामाग्री खरिद भनि रु ४९९९९० भुक्तानी गरेकोमा खरिद गरिएका सामाग्री स्वास्थ्य संस्थामा हस्तान्तरण गरेको प्रमाण पेश नभएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९९,९९० |

१०९.२ (८८-२०८०-३-१३):- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। सबै वडा मा ४० बर्ष माथिका नागरिकलाई निशुल्क मृगौला जाँच कार्यक्रम अन्तरगत शाखा

प्रमुख श्री लक्ष्मण राज शाहीलाइ सहभागिलाई अनुगमन वापत भर्पाइ पेश नगरी रु ४००० र प्रशिक्षण वापत रु १७६८० भुक्तानी दिएकोमा भर्पाइ बेगरको अनुगमन र प्रशिक्षक भत्ता असुल गर्नुपर्ने रु

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | २१,६८० |

१०९.३ (२०-२०८०-३-२४):- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यवस्था छ। कार्यालयले कृर्षि शाखाको सिफारिसमा प्लास्टिक त्रिपाल र टनेल ५० प्रतिशत अनुदानमा वितरण कार्यक्रमको लागि अनुगमनमा गएका अनुगमन कर्तालाई अनुगमन भत्ता भनि कृर्षि शाखा प्रमुख प्रमोद वि कले रु १४४५० भुक्तानी लिएकोमा वितरण गरेको भर्पाई पेश नभएकाले भर्पाई बेगरको रकम अशुल गर्नु पर्ने रु

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | १४,४५० |

१०९.४ (९४-२०८०-३-२०):- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यवस्था छ। गाउँपालिकाका विभिन्न स्थानमा विशेषज्ञ सेवा संचालन अन्तरगत स्वास्थ्य शाखा प्रमुख श्री लक्ष्मण राज शाहीलाइ सहभागिलाई यातायात वापतको रु २८२५० भुक्तानी गरेकोमा रकम बुझेको भर्पाई पेश नभएकोले भर्पाई पेश गर्नु पर्ने अन्यथा असुल उपर गर्नु पर्ने रु

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | २८,२५० |

१०९.५ (५५६-२०८०-२-३२):- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यवस्था छ। कृर्षि शाखा प्रमुख श्री प्रमोद कुमार विश्वकर्माले आर्थिक विकास समितिको बैठक भत्ता वापतको रु २४६५० रकम भुत्तानी लिएकोमा वितरण गरेको भर्पाई पेश नभएकाले भर्पाइ बेगरको रकम अशुल गर्नु पर्ने रु

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | २४,६५० |

१०९.६ (१६-२०७९-१२-१६):- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यवस्था छ। आधारभुत तह परिक्षा संचालनका लागि शिक्षा शाखाको मागको आधारमा कार्यालयले दर्पण

डिजिटल प्रिन्टलाई रु ४८८५५३ भुक्तानी गरेकोमा छपाईएको सामान को खरिद आदेश दाखिला तथा माग फाराम तथा हस्तान्त्रण फाराम पेश नभएको ले आवश्यक प्कारमाण गजात पेश गर्नु पर्ने रु

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | ४,८८,५५३ |

१०९.७ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनःस्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा११बमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नु पर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगलत तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्थाछ।पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन।स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालन मा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्नेहुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहलहुनु आवश्यक छ।तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यानदिनु पर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

१०९.८ (४८-२०८०-२-२६):आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यवस्था छ। नविकरणिय उर्जा प्रविधि जडान कार्यक्रम अन्तर्गत पालिकाले माग र आवश्यकता विना नै कुलायन होम्स स ई प्रा बाट विधुतिय चुलो खरिद गरी रु ७८५९२६ भुक्तानी गरेकोमा खरिद गरिएको विधुतिय चुलोको वितरण भर्पाई पेश पर्नु पर्नेअन्यथा असुल गर्नु पर्ने रु

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | ७,८५,९२६ |

१०९.९ (४२८-२०८०-१-१९):आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यवस्था छ। स्वास्थ्य शाखा प्रमुख श्री लक्ष्मण राज शाहीले विभिन्न प्रकारका महामारी रोग नियन्त्रणको लागी रु ४५००० अनुगमन भत्ता बापत भुक्तानी लिएकोमा वितरण गरेको भर्पाई पेश नभएकाले भर्पाई बेगरको रकम अशुल गर्नु पर्ने रु

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ४५,००० |

११० **विद्यालयको भौतिक निर्माण** - शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट २०७९।०४।१७ को मन्त्रीस्तरबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकामा स्थानीय तहबाट कार्यान्वयन हुने कार्यक्रमसंग सम्वन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० मा स्थानीय तहबाट सञ्चालन हुने सशर्त अनुदानका कार्यान्वयन प्रकृया एवमं

मापदण्ड तोकेको छ ।जसअनुसार विद्यालयको भौतिक निर्माण कार्यका लागि स्थानीय तहको प्राविधिकको सहभागितामा विद्यालय अनुसार लागत अनुमान स्वीकृत गरी विद्यालयबाट अनुसूची÷८ अनुसारको भौतिक निर्माण कार्य समय तालिका पेश गर्न लगाई भाद्र मसान्त भित्र स्थानीय तहले विद्यालयसँग सम्झौता गरी सम्झौता भएका विद्यालयहरुलाई निर्माण कार्यको अनुगमन निरिक्षण स्थानीय तहका प्राविधिकबाट गर्ने गराउने व्यवस्था मिलाई सम्झौता पश्चात दोस्रो किस्ताको रुपमा ५० प्रतिशत र कार्य सम्पन्न भए पश्चात नापि किताव भरी कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरी अन्तिम किस्ताको रुपमा कुल अनुदानको बाँकी २० प्रतिशत रकम अनुदान दिने व्यवस्था छ ।कार्यक्रम कार्यान्वयन पुस्तिकाको अनुसूची÷८ मा दिइएको ढाँचामा विद्यालयबाट निर्माण समयतालिका अनुसार विद्यालयहरुले आर्थिक वर्षको जेष्ठ मसान्तसम्म कार्य सम्मन्न गरी सो को जानकारी स्थानीय तहलाई र शिक्षा विकास तथा समन्वय इकाईलाई दिनुपर्ने व्यवस्था छ । पालिकाले उक्त व्यवस्था बमोजिमको विद्यलयसंग सम्झौता नगरी उक्त कार्य निर्माण ब्याबसायी मार्फत गराई आर्थिक बर्षको अन्सम्मपनि कार्य सम्पन्न नभएकोमा निर्माण ब्याबसायीको नाममा पेश्की समेत बाकी राखेको देखियो । कार्यान्वयन पुस्तिकाले तोकेको विधि अनुसार सम्पन्न गराई विद्यालयको जिम्मेवार पदाधिकारीको दस्तखत सहितको कार्यसम्मन्न प्रतिवेदन तयार गरी उक्त सम्पत्ति विद्यालयको जिन्सी खातामा अभिलेखीकरण गर्नुपर्नेमा पालिकाको योजना जस्तो पालिकाबाट सन्चालन गरेको नियमित देखिएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

१११ **म्याद थप तथा पुर्व निर्धारित क्षतिपुर्ति** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० (१) मा ऐनको दफा ५६ बमोजिमको अबस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाइ खरिद सम्झौताको म्याद सकिनुभन्दा कम्तिमा २१ दिन अगावै निर्धारित अवधिको कार्यसम्पादन जमानत,बिमा र पेश्की सम्बन्धि जमानत तथा संशोधित कार्यतालिका सहित आबश्यक प्रमाण कागजात संलग्न गरी सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिइ अधिकार प्राप्त अधिकारीले म्याद थपको लागि प्राप्त निवेदन उपर जाँचबुझ गरी काबू बाहिरको परिस्थितिको कारणबाट काममा ढिलाई भएको मनासिब कारण देखिएमा बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप सम्बन्धि कारवाही प्रकृया खरिद सम्झौताको अवधि भित्रै टुङ्ग्याउनु पर्ने व्यवस्था छ। ठे.न. ११÷२०७७।७८ इमिली टोल देखि चाँदनीचोक रोड र कल्भर्ट कार्यको सम्झौता रकम रु २२४०९५१ को कार्य २०७८।३।३० भित्र सम्पन्न गर्ने गरी मिति २०७७।१२।२७ मा निर्माण ब्याबसायी के.आर. कन्ट्रक्सनलाइ कार्यदिश दिएकोमा प्रथम पटक २०७९।७।३० सम्म म्याद थप गरेकोमा २०८०।१।१९ को निर्णयले २०८०।३।१५ सम्म म्याद थप गरी यस बर्ष गो. भौ.४२० मिति २०८०।३।२१ बाट प्रथम तथा अन्तिम विलको रु १४९४०५० (सम्झौता रकमको ६६.६७ प्रतिशत) को कार्यमुल्याङ्कन गरी गत बर्षको दायित्वबाट भुक्तानी गरेको देखियो । निर्माण ब्याबसायिको ठेक्का फायल परिक्षण गर्दा निर्माण ब्याबसायिले सम्जौताको अवधिमा कार्य सम्पन्न गर्न नसकेकोमा सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२० (क)को ३ को उपनियम १र २ बमोजिम संशोधित कार्यतालिका पेश नभएको, कम्तिमा २ वटा प्रगति नदेखिएको साथै निर्माण ब्याबसायिबाट त्यस्तो प्रगति हासिल गर्ने नदेखिएको अबश्थामा निर्माण ब्याबसायिले दफा १२१ बमोजिम पुर्व निर्धारित क्षतिपुर्ति रकम तिर्नुपर्ने कानुनी ब्यबस्था रहेको भनि सो अनुसार पालिकाबाट टिप्पणी उठि ब्यबसायिको नाममा सुचना प्रकाशन र स्पष्टीकरण माग गरीएकोमा सोको कार्वाही नगरी पुन २०८०।१।२९ को निर्णयले म्याद थप गरी सम्झौता रकमको ६६.६७ प्रतिशत कार्य मुल्यांकनमा कार्य स्वीकार गरेको उचित देखिएन।

तसर्थ नियमानुसार म्याद सकिएको मितिदेखि सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतका दरले अधिक्तम १० प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति रु २२४०९५ असुल गरी बाकी काम समेत कार्यसम्पन्न गराउनुपर्ने रु

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | २,२४,०९५ |

११२ **अभिलेख र भर्पाइ** - आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा जिम्मेवार ब्यात्तिले सरकारी रकमको खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाइ र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने तथा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाइ प्रमाण र कागजात संलग्न हुनुपर्ने ब्यबस्था छ। छ।गो.भौ. ७१ मिति २०८०।३।१७ बाट मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गत प्रा.बि.तहका बिपन्न बालबालिकाहरुलाइ बिद्यालय छोड्नबाट रोक्नकालागी बिशेष छात्रबृत्ति कार्यक्रममा महिमा गार्मेन्टसबाट रु २२४५८७ को १५० थान ब्याग, रोयल समृद्दि बिजनेश ग्रुप प्रा.ली.बाट कपि १८०० थान, पेन्सिल ज्यामिति बक्स र इलेजर १५०/१५० थान रु १७४७०३ मा खरिदगरी बिभिन्न बिद्यालयका प्र.अ. हरुलाइ हस्तान्तरण गरेकोमा उक्त सामान प्राप्त गर्ने बिपन्न बालबालिकाको बिद्यालयगत बिबरण तथा बितरणको भर्पाइ पेश नभएको रु

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | ३,९९,२९० |

११३ **कृत्रिम गर्भाधान मिसन कार्यक्रम** (७४-२०७९-१०-१६):- पालिकाले कृत्रिम गर्भाधान मिसन कार्यक्रम संचालन गरेको रु.१९४४०० भुक्तानी गर्दा कार्यसंचालन निर्देशिका २०७७ को बुदा नं ७ अनुसार आन्तरिक प्रशिक्षकलाई प्रशिक्षण बापत भत्ता नपाउने र कार्यपत्र बापत प्रति कक्षा ७०० का दरले भुक्तानी दिन सकिने व्यवस्था रहेको छ ।पालिकाले ८ जनालाई १६ कक्षाको प्रति कक्षा रु. १५०० का दर र यातायात बापत १००० का दरले भुक्तानी गरी स्वीकृत नर्मस भन्दा रु. २८०००बढि ब्ययभार पारेको रु.

| | | |
|---|---|---|
| | अनियमित भएको | २८,००० |

११४ **तेलहन बाली** (१०४-२०७९-१२-१२): तेलहन बाली सम्वन्धि ३ दिने कार्यक्रम संचालन बापत विष्णुमाया मल्ललाई रु. ७२००० भुक्तानी गर्दाआन्तरिक प्रशिक्षक प्रमोद कुमार विश्वकर्मा लाई ३ सेसनको प्रति सेसन रु. १५००, लक्ष्मी कुमारी रेग्मीलाई २ सेसनको प्रति सेसन १२०० का दरले, विष्णुमाया मल्ललाई ३ सेसनको प्रति सेसन १५००का दरले र मोतीराम चौधरी र रामचन्द्र लाई जनही २ वटा कक्षाको प्रति कक्षा १२०० का दरले भुक्तानी दिएकोमा फरक फरक कार्यपत्र पेश नगरी भुक्तानी गरेको देखिएकोले कार्यपत्र पेश गर्नुपर्ने अन्यथा आन्तरिक प्रशिक्षकबाट रु. १३८००असुल गरी दाखिला प्रमाण पेश गर्नुपर्ने रु.

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | १३,८०० |

११५ **गँहुको विउ खरिद** - प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएको कृषि विकास कार्यक्रम संचालन सम्वन्धि कार्यविधि, २०७८ को कार्यक्रम नं २५ अनुसार गँहु बाली प्रबर्दन कार्यक्रमको लागि प्राप्त अनुमानको आधारमा बढीमा ५ वटा सम्म वल्कको संख्या निर्माण गरी कार्यक्रम संचालन गर्नुपर्नेमा पालिकाले यस वर्ष गँहु प्रवर्द्धनबाट विभिन्न फर्मबाट गँहुको विउ खरिद गरि वितरण गरेको भनी किसान एग्रोभेट सप्लायर्स, याम टी एग्रो मल्टिप्रपोजर र हिमाल एग्रिटर्क नेपाललाई गो भौ नं ११८८००० भुक्तानी भएको श्रेष्ता परिक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) पालिकाले कार्यक्रम संचालन गर्नुपुर्व उक्त समूहको परीक्षण गरी वास्तविक रुपमा कति क्षेत्रफल हो सो को माटो परीक्षण गरी कुन बालीको लागि उक्त जमिन उपयुक्त छ । सो कुराको यकिन गरी संचालन गरिने क्रियाकलापको लागत अनुमान तयार गरी कुन कुन क्षेत्रमा सम्वन्धित समूह र कुन कुन क्षेत्रमा पालिकाको लगानी हुने हो सो कुरा प्रष्ट उल्लेख गरी कार्यदेश दिनुपर्नेमा सो नगरी सम्वन्धित समुहले अध्ययन वेगर लागत अनुमान तयार नगरी गहु विउ खरिद गरेको भनी ८ वटा वडामा कृषि प्राविधिकको संलग्नतामा विउ वितरण गर्नुपर्नेमा वडा सचिवले वितरण गरेको भनी भुक्तानी भएकोमा वास्तविक किसानले विउ प्राप्त गरेको हो वा होइन सो यकिन गर्ने प्रमाण र किसानले अनुदान बापत प्राप्त गरेको विउबाट तथा अन्य सहायताको सहि सदुपयोग भए नभएको पालिकाबाट अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्नेमा सो नगरी विउ मात्र वितरण गरेकोले स्थलगत अनुगमन गरी प्रतिबेदन लिनुपर्ने देखिन्छ।

ख) वल्क तयार गरी कार्यक्रम संचालन गर्नुपर्नेमा विउ खरिद गरी वितरण गर्ने कार्य कार्यविधि विपरित भएकोले उक्त खर्च पालिकाबाट लेखि उक्त रकम संघीय संचित कोषमा फिर्ता गर्नु पर्दछ।ग) २ वटा सप्लायर्सबाट विउ खरिद गर्नुपूर्व विउ विज्ञ बाट ४ पटक खडा बाली परिक्षणको प्रतिवेदनको साथमा जर्मिनेसन टेष्ट गरेको प्रमाण संलग्न नगरी भुक्तानी दिने कार्य नियमसम्मत नभएकोले विज्ञको निरीक्षण प्रतिवेदन संलग्न गर्नुपर्दछ

ग) २ वटा सप्लायर्सबाट विउ खरिद गर्नुपूर्व विउ विज्ञ बाट ४ पटक खडा बाली परिक्षणको प्रतिवेदनको साथमा जर्मिनेसन टेष्ट गरेको प्रमाण संलग्न नगरी भुक्तानी दिने कार्य नियमसम्मत नभएकोले विज्ञको निरीक्षण प्रतिवेदन संलग्न गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

११६ **बढी भुक्तानी** - कार्य संचालन निर्देशिका २०७७ को बुदा नं ७ अनुसार सार्वजनिक निकायले कुनै कार्यक्रम संचालन गर्दा कार्यबिधि अनुसार दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको कार्यक्रम संचालन गर्दा उक्त स्वीकृत कार्यविधि भन्दा बढि हुने गरी खर्च लेखि ब्ययभार पारेको रु

| गो भौ नं र मिति | कार्यक्रमको नाम | भक्तानीको विवरण | भुक्तानी पाउने पक्ष | बढी भुक्तानी |
|---|---|---|---|---|
| ९९।०७९।१२।९ | पालिका स्तरीय ३ दिवसिय तेलहन बाली प्रदर्द्धन कार्यक्रम | ३ जना जनप्रतिनिधि र १ प्र प्र अ को ३ दिनको अनुगमन खर्च | ४ | १२००० |
| | | २ जना आन्तरिक प्रशिक्षकलाई प्रति कक्षा १५०० का दरले जनही ३।३ कक्षा र ३ जनालाई जनहि २।२ कक्षाको प्रति कक्षा १२००का दरले भुक्तानी | ५ जनालाई कार्यपत्र बेगर नै भुक्तानी भएको | १३८०० |
| ११५।०७९।१२।२७ | पूर्ण खोप सुनिश्चितता पालिका स्तरिय कार्यक्रम ३ दिनको | ५ जनालाई अनुगमन बापत भुक्तानि दिएकोमा ३ जनाको बढी भएको | | ७००० |
| | | आन्तरिक प्रशिक्षक द्धय लक्ष्मण शाही र लक्ष्मी रोकायलाई जनहि २।२ कक्षा प्रति कक्षा १४०० का दरले भुक्तानी( कार्यपत्र पेश नभएको) | | ५६०० |

| | | | | |
|---|---|---|---|---|
| | | सहभागीलाई प्रति दिन ७०० का दसले भुक्ता दिनुपर्नेमा | ३५ जनालाई २ दिनको गरी ५६ दिनको ५६००० भुक्तानी | १६८०० |
| | | एक दिनमा आयर फर्कने सक्ने स्थानमा नेपालगंग स्वास्थ्य कार्यालयबाट आएका २ जना नरेश बाबू श्रेष्ठ र जनकराज गिरीलाई ३ दिनको खाजा खर्च बापत 0.25 का दरले भुक्तानी दिनुपर्नेमा ३.२५ दिनको दैनिक भम्रण भत्ता भुक्तानी भई बढी भुक्तानी भएको | | ८००० |
| १६५।०८०।२।११ | खायन आलु उत्पादन | ढुसि देखा परेको भनी कार्यमा अनुगमन बापत ७ जनालाई ७००० भुक्तानी दिएकोमा उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु | | ७००० |
| २३९।०८०।३।१३ | रोजगार सेवा केन्द्र | अनुगमन बापत १८ जनालाई | | ५६००० |

| | | | | |
|---|---|---|---|---|
| | | ५६ दिनको प्रति दिन १००० का दरले | | |
| २५३।०८०।३।१६ | न्यूनतम स्वास्थ्य सेवा | ३ जना आन्तरिक प्रशिक्षकले ४ वटा सेसनको १४००का दरले , अन्य २ जनालाई जनही ४।४ सेसनको प्रति सेसन १२०० का दरले भुक्तानी दिई बढी भुक्तानी | | ९६०० |
| | | अनुगमन बापत ५ जनालाई २ दिनको १००० दरले | | १०००० |
| २८८।०८०।३।२० | मातृ तथा नवजात शिशू कार्यक्रम | अनुगमन बापत ६ जनालाई अनुगमन बापत भुक्तानी | | ४८००० |
| ३०९।०८०।३।२२ | संस्थागत सुढृढीकरण तथा क्षमता अभिमुखिकरण कार्कग्रम | अनुमगन बापत ८ जनालाई ८ ३ दिनको प्रति दिन १००० का दरले अनुगमन खर्च | | ३२६४० |
| | | | | २२६४४० |

| | | | |
|---|---|---|---|
| | | अनियमित भएको | २,२६,४४० |

११७ **परिवार नियोजन किशोर कार्यक्रम** (७७-२०७९-१०-२५): पालिकाले परिवार नियोजन किशोर कार्यक्रम अन्तर्गत पाठेघरको मूखको क्यान्सर स्क्रनिङ्ग मिति १०६९।१०।४ देखि १०।७ सम्म संचालन भएको भनी लक्ष्मी रोकायलाई रु.१७३००० भुक्तानी दिएको श्रेष्ता परीक्षण गर्ना निम्नानुसारको व्यहोरा देखियो ।

क) अनुगमन बापत बढीमा ३ जनासम्मको व्यक्तिलाई अनुगमन खर्च दिन सकिनेमा ८ जनालाई २४ दिनको प्रति दिन १००० का दरले अनुगमन भत्ता भुक्तानी दिई बढी भुक्तानी भएको रु. १२ वटा सम्मको अनुगमन खर्च दिन सक्ने व्यवस्था रहेकोमा २४ वटाको अनुगमन बापत भुक्तानी गरी बढि ब्ययभार पारेको रु १२०००

ख) कर्मचारी भत्ता बापत लक्ष्मी रोकायलाई ४ दिनको १००० का दरले रु. ४००० र लक्ष्मी ठाकुरलाई ४ दिनको प्रति दिन १००० का दरले भुक्तानी कार्यविधि विपरित भुक्तानी गरी रु ८००० बढि ब्ययभार पारेको रु.

| | | | |
|---|---|---|---|
| | | अनियमित भएको | २०,००० |

११८ **त्रिपाल खरिद** (१५३-२०८०-१-२): प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएको कृषि विकास कार्यक्रम संचालन सम्वन्धि कार्यविधि, २०७८ अनुसार विभिन्न बाली संरक्षण कार्यक्रममा विनियोजन भएको बजेटबाट बाट उन्नत विउ, मल बाली संरक्षण, आलु भण्डार, कृषि औजार एंव उपकरण खरिद गर्न सकिने व्यवस्था रहेकोमा कार्यविधिमा व्यवस्था नभएको कार्यमा गहुबाली प्रर्वद्धन र तेलहन बाली प्रवद्धन कार्यक्रमबाट त्रिपाल खरिद गरेको ७१४ पिस त्रिपाल खरिद गरी वितरण गरेको आधारमा पाल्पाली ब्रोदर्स सप्लायर्सलाई रु. ४९९७६७ भुक्तानी भएको देखियो। कार्यबिधि बिपरित बितरण गरेको नियमित देखिदएन।

| | | |
|---|---|---|
| | | सैद्धान्तिक बेरुजु |

११९ **कार्यक्रम संचालन** (१३०-२०८०-१-१०): पालिकाले विष्णु परियारको नाममा रहेको पेश्की बापतको पेश्की फर्छ्यौट गरी रु. १९९८०० भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) आयकर ऐन २०५८ को दफा ८९(१ ) अनुसार ५० हजार रुपैया भन्दा बढिको भुक्तानीमा १.५ प्रतिशत अग्रीम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले मेड्पा कार्यक्रम मिति १०।१९ देखि १२।२ समम् वडा १ देखि ८ सम्म व्यसाय संचेतना कार्यक्रममा संचालन गर्दा प्यान विल बाट खाजा खर्च रु. १२१००० को

प्यान विलमा भुक्तानी भएकोले त्यसको १.५ प्रशितले कर कट्टी गरेको नदेखिएकोले कर बापत १८१५ असुल गरी दाखिला गर्नुपर्ने रु.

ख) सार्वजनिक खरिदमा मितव्ययीता कायम गर्ने मापदण्ड २०७७ को बुदा ३(९) मा सार्वजनिक निकायले भौतिक रुपमा नै उपस्थित भई तालिम, गोष्टी गर्नुपरेमा उपलव्ध भएसम्म सार्वजनिक निकायले आफ्नै सभाहल वा बैठक कक्ष र उपलव्ध नभएमा सार्वजनिक निकायको सभाहल वा बैठक हल प्रयोग गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले मेड्पा सम्वन्धि कार्यक्रममा गाभर होम स्टेमा संचालन गरेको देखियो । मितव्ययीता कायम गर्ने मापदण्डको पालना गर्नुपर्दछ।

ग) सार्वजनिक खरिदमा मितव्ययीता कायम गर्ने मापदण्ड २०७७ को बुदा ३(१०) मा सार्वजनिक निकायले अनुगमन भम्रण टोली खटाउनुपर्दा कामसँग प्रत्यक्ष सम्वन्धित पदाधिकारी तथा कर्मचारी मात्र बढिमा ३ जनासम्मको टोलि खटाउनुपर्ने व्यवस्था रहेकोमा पालिकाले अध्यक्ष सहित ५ जनालाई ६ दिनको ५०० दरले यातायात खर्च बापत भुक्तानी दिइ बढि ब्ययभार पारेको देखियो।

घ) कार्यसंचालन निर्देशिका २०७७ को बुदा नं ७ अनुसार सिप मुलक कार्यक्रमको तालिम संचालन पर्दा आन्तरिक प्रशिक्षकलाई कार्यपत्र तयारी बापत कार्यपत्र पेश गरे पछि गाँउपालिका स्तरमा प्रति कक्षा ७०० का दरले भुक्तानी गर्न सकिनेमा सविता विक लाई ३२ वटा कक्षाको प्रति कक्षा ८०० का दर र विश्णु परियारलाई ३२ वटा कक्षाको फरक फरक कार्यपत्र संलग्न नगरी भुक्तानी गरेको देखियो। निर्देशिकाको पालना हुनुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८१५ |

१२० **प्रधानमन्त्री रोजगार कार्यक्रम** - पालिकालाई यस वर्ष नेपाल सरकारको तर्फबाट रोजगारी श्रृजनाको लागि रु ७२७९००० र आ इ डि ए को श्रोत बाट रु २४०७००० गरी कुल रु. ९६८६००० प्राप्त भएकोमा कुल २० वटा योजनामा कुल रु ८९४८६९३ खर्च गरी सुचिकृत भएका जम्मा १९३८ मध्ये १८२ जना बेरोजगारलाई औषत ८६ दिन को ज्याला भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) सार्वजनिक खरिद नियमावली २०६४ अनुसार सार्वजनिक निकायले स्वीकृत लागत अनुमानको आधारमा रकम भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको निर्माण कार्यको लागत अनुमान भन्दा बढी हुने गरी भुक्तानी भएको हुदा आगामी दिनमा न्यूनतम मूल्यमा स्वीकृत नमर्स अनुसार लागत अनुमान तयार गरी वेरोजगार जनशक्तिलाई बढी भन्दा बढी दिनको रोजगार उपलव्ध गराउनुपर्नेमा सो दर नै वढि हुने गरि लागत अनुमान तयार गरी सोहि अनुसार भुक्तानी दिई बढी ब्ययभार पारेको देखियो।

| गो भौ नं र मिति | योजनाको नाम | भएको कार्य | भुक्तानी हुनुपर्ने दर | भुक्तानी परिमाण | बढी भुक्तानी |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १५२।०८०।२।२ | वडा नं २ र ६ का ४ वटा योजनामा | नाली खन्ने कार्य @४७६ | ३५५ | ६०४ | ७३०८५ |
| | चेतराम चारुको घरदेखि स्कुल सम्म कुलो मर्मत | नाली खन्ने कार्य @ ४१७ | ३५५ | १४६० | ९०५२० |
| | बाटो निर्माण | नाली खन्ने कार्य@४७६ | ३५५ | ६०० | ७२६०० |
| | पहाडिपुर पितमरी तथा राजिपुर क्षेत्रका बाटो निर्माण | नाली खान्ने कार्य@४७६ | ३५५ | ९१० | ११०११० |
| | ज्ञावली टोल देखि दक्षिण जाने बाटो मर्मत | नाली खान्ने कार्य@४७६ | ३५५ | २७२ | ३२९१२ |
| | पानीटंकी मदनचोक सडकखण्ड नाली सफाई तथा बाटो मर्मत | नाली खान्ने कार्य@४१६ | ३५५ | ५५५ | ३३८५५ |
| | वडाको विभिन्न स्थानको बाटो तथा नाली मर्मत | नाली खन्ने कार्य @ ४७६ | ३५५ | ७८८ | ९५३४८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | वडाको विभिन्न बाटो मर्मत वडा नं ३ | नालि खन्ने कार्य@४७६ | ३५५ | १५६२ | १८९००२ |
| | सोलहवा कर्ण बहादुर थापाको घर देखि विशाल थारुको घरसम्म बाटो खन्ने | नालि खन्ने कार्य@४७६ | ३५५ | ७३२ | ८८५७२ |
| | | | | | ७८६००४ |

सैद्धान्तिक बेरुजु

१२१ **सम्झौतामा छुट कार्यमा बढि ब्ययभार पारेको** - ठेक्का नम्बर ६÷२०७९।८० प्रशासकिय भवनको ४५० मिटर लम्बाइको बाउन्ड्रीवाल निर्माणको लागी रु ८७२५४६४ को लागत अनुमानको बोलपत्रबाट के एन्ड कन्ट्रक्सन सँग मु अ कर समेत रु ५५७८२३२ मा २०८०।३।१५ भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भइ कार्य भैरहेकोमा पालिकाले उक्त ठेक्का ब्यबस्थामा प्रतिश्प्रधा गराउदा घटेको रु ४२१७६८ र आन्तरिक सोतबाट थप बेहोर्ने गरी सोहि ठेक्का ब्यबस्था भएको पर्खाल ४५० मिटरको बि. ओ.क्युमा अपलोड गर्दा २५० मिटर लम्बाइको मात्र पि. सि. सि. ,आर. सि. सि, .डन्डी ,प्लाष्टर, ग्रील, रंगरोगन तथा ब्रीक मेसनरीको कार्य परेको तर थप अन्य २०० मिटरमा इट्टाको काम ब्रीक मेशनरी मात्र परी अन्य कार्य छुटेको भनी ब्रीकको कार्य सम्झौता गरेको निर्माण ब्याबसायी के एन्ड के कन्ट्रक्सन बाट र २०० मिटर पर्खाल निर्माणको ब्रीक बाहेकको कार्यको थप रु ९९९४५२।९६ को लागत अनुमान स्वीकृत गरी अर्को निर्माण ब्याबसायी बि. एल. एन. कन्ट्रक्सन प्रा.लि.बाट सोझै गराइ रु ९९८००० भुक्तानी गरेको देखियो। पर्खाल निर्माण कार्यको बोलपत्रबाट सम्झौता गरेको निर्माण ब्याबसायीबाट थप २५ प्रतिशत सम्मको परिमाण सम्झौता दरमा र सो भन्दा बढि परिमाण नेगोसेसनबाट कायम दरमा गराउनुपर्नेमा उक्त कार्य अर्को निर्माण ब्याबसायिबाट प्रतिस्पर्धा बेगरको दरमा गराउदा निम्नानुसार बढि भुक्तानी हुन गएको रु

| कामको बिबरण | परिमाण | ठेक्काको दर | सोझै दर | बढि भुक्तानी मु अ कर समेत |
|---|---|---|---|---|
| प्लाष्टर १२.५ एम एम १ : ४ | ४५५.७२ब.मि. | ३०० | ३४६।४४ | २३९१५ |

| | | | | |
|---|---|---|---|---|
| इनामेल पेन्ट | ४५५.७२ब.मि. | १०० | ३२४।७६ | ११५७४३ |
| रेलिङ ग्रील | १२१.४० र.मि. | १००० | १९६६ | १३२५१८ |
| ब्रीक मेसनरी १ : ४ १ नम्बर | १४.४१ घ.मि. | १०००० | १३३१७।५४ | ५४०२० |
| ब्रीक मेसनरी १ : ४ मेशिनमेड | ३. ६७ घ.मि. | १०००० | १२६६५।२४ | ११०५३ |
| जम्मा | | | | ३३७२४९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,३७,२४९ |

१२२ **सशर्त अनुदानको बचतबाट सहमति वेगर थपकार्यमा भुक्तानी -** ठेक्का नं ७÷२०७९।८० अन्तर सरकारी बृत्त ब्यबस्थापन ऐन २०७४ मा शशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन सम्बन्धमा आवश्यक शर्त तोक्नेछ र त्यस्तो शर्तको पालना सम्बन्धित स्थानिय तह र प्रदेशले गर्नुपर्ने कानुनी ब्यबस्था छ। । आर्थिक कार्यविधि तथा बित्तिय उत्रदायित्व ऐन, २०७६ अनुसार बिनियोजन भएको शशर्त रकम खर्च नभइ बाँकी रहेमा सम्बन्धित सरकारको संचित कोषमा फिर्ता गर्नुपर्ने ब्यबस्था छ। कडेलपुर देखि परशुरामपुर जोड्ने सडक कालोपत्रेकार्यको प्रदेश सरकारबाट समपुरक अनुदानमा प्राप्त रकमको ठेक्का व्यवस्था गर्दा निर्माण व्यवसायी के एन्ड के कन्ट्रक्सनले रु ४६०५००८।०० कवोल गरी कार्य सम्पन्न पश्चात निर्माण ब्याबसायीलाइ भुक्तानी भइ बाँकी रहेको रु ३९४९९२ प्रदेश सरकारको शर्त बमोजिम प्रदेश सरकारमा फिर्ता गर्नुपर्नेमा पालिकाले प्रदेश सरकारबाट पुर्व सहमति नलिइ थप कार्यको रु ४१२३२९ को लागत अनुमानको कार्य निर्माण ब्याबसायी एल एम पि कन्ट्रक्सनबाट सोझै गराइ पालिकाको समपुरक समेत रु ४१०००० भुक्तानी गरेको देखियो । तसर्थ सहमतिबेगर खर्च गरेको रकम प्रदेश सरकारबाट समर्थन गराउनुपर्ने अन्यथा आन्तरिक स्रोतबाट प्रदेश सन्चित कोष फिर्ता गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९४,९९२ |

१२३ **म्याद थप तथा कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० (१) मा ऐनको दफा ५६ बमोजिमको अबस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाइ खरिद सम्झौताको म्याद सकिनुभन्दा कम्तिमा २१ दिन अगावै निर्धारित अवधिको कार्यसम्पादन जमानत,बिमा र पेश्की सम्बन्धि जमानत तथा संशोधित कार्यतालिका सहित आबश्यक प्रमाण कागजात संलग्न गरी सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिइ अधिकार प्राप्त अधिकारीले म्याद थपको लागि प्राप्त निवेदन उपर जाँचबुझ गरी काबू बाहिरको परिस्थितिको कारणबाट काममा ढिलाई भएको मनासिब कारण देखिएमा बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप सम्बन्धि

कारवाही प्रकृया खरिद सम्झौताको अवधि भित्रै टुङ्ग्याउनु पर्ने व्यवस्था छ। वडानं ७ को ट्रस ब्रीज देखि वडा नं ५ जोड्ने बाटो ग्राभेल कार्यको सम्झौता रकम रु १३६११२२ को कार्य २०७८।१०।३० भित्र सम्पन्न गर्ने गरी मिति २०७८।७।१६ मा निर्माण ब्याबसायी गंगोत्री देबी निर्माण सेवालाइ कार्यदेश दिएकोमा यस बर्ष गो. भौ.४५९ मिति २०८०।३।२४ बाट म्याद थप नगरी प्रथम विलको रु १३१३५१२ (सम्झौता रकमको ९६.५० प्रतिशत) को कार्यमुल्याङ्कन गरी गत बर्षको दायित्वबाट भुक्तानी गरेको देखियो । म्याद भित्र कार्य सम्पन्न हुन नसकेकोमा सार्वजनिक खरिद नियमावली अनुसार अधिकार प्राप्त अधिकारीबाट नियमानुसार पुर्वनिर्धारित क्षतिपुर्ति असुल गरी म्याद थप तथा कार्यसम्पन्न गराउनु पर्नेमा लेखापरिक्षण अवधि सम्म म्याद थपको निवेदन तथा म्याद थप स्वीकृत समेत नगरी सम्झौता रकमको ९६ प्रतिशत कार्य मुल्यांकन हुदापनि कार्य स्वीकार प्रतिबेदन तयार गरेको देखिएन। तसर्थ नियमानुसार म्याद सकिएको मितिदेखि सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतका दरले अधिक्तम १० प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति १३६११२ असुल गरी कार्यसम्पन्न गराउनुपर्ने रु

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | १,३६,११२ |

१२४ **सशर्त अनुदानको बचतबाट सहमति वेगर थपकार्यमा भुक्तानी -** ठेक्का नं १६÷२०७९।८० अन्तर सरकारी बृत्त ब्यबस्थापन ऐन २०७४ मा शशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन सम्बन्धमा आबश्यक शर्त तोक्नेछ र त्यस्तो शर्तको पालना सम्बन्धित स्थानिय तह र प्रदेशले गर्नुपर्ने कानुनी ब्यबस्था छ। । आर्थिक कार्यविधि तथा बित्तिय उत्रदायित्व ऐन, २०७६ अनुसार बिनियोजन भएको शशर्त रकम खर्च नभइ बाँकी रहेमा सम्बन्धित सरकारको संचित कोषमा फिर्ता गर्नुपर्ने ब्यबस्था छ। गडरही १ नं चोक देखि जेठीनाला हुँदै रामपुर सम्म सडक कालोपत्रे कार्यको संघिय सरकारबाट प्राप्त समपुरक अनुदान र पालिकाको ५० प्रतिशत समेत १ करोड ८० लाख रकमको प्रथम पटक ठे.नं.११÷२०७९।८० ठेक्का व्यवस्था गर्दा निर्माण व्यवसायी एन एस कन्ट्रक्सनले रु १२२१३२१३।०० कवोल गरी कार्य सम्पन्न पश्चात निर्माण ब्यावसायीलाइ रु १२१८४१५५ भुक्तानी भइ बाँकी रहेको रु ५८१५८४५को ५० प्रतिशत रु २९०७९२२ संघिय सरकारको शर्त बमोजिम संघिय सरकारमा फिर्ता गर्नुपर्नेमा पालिकाले संघिय सरकारबाट पुर्व सहमति नलिइ उक्त बचत रकम र आन्तरिक स्रोत समेतबाट ठे.न.१६÷२०७९।८० को थप पक्की नाली निर्माण कार्यको रु ८१२२९७७ लागत अनुमान स्वीकृत गरी निर्माण ब्याबसायी एन.एन.कन्ष्ट्रक्सन लाइ रु ४८५२४८७र कोटेशनबाट पवन कन्ट्रक्सनलाइ रु ९९४३७५ भुक्तानी गरेको देखियो । तसर्थ सहमतिबेगर खर्च गरेको रकम संघिय सरकारबाट समर्थन गराउनुपर्ने अन्यथा आन्तरिक स्रोतबाट संघिय सन्चित कोष फिर्ता गर्नुपर्ने रु

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | २९,०७,९२२ |

१२५ **थप कार्यमा बढि ब्ययभार पारेको -** ठेक्का नम्बर ७÷२०७९।८० कडेलपुर देखि परशुरामपुर जोड्ने सडक कालोपत्रेकार्यको प्रदेश सरकारबाट समपुरक अनुदानमा प्राप्त रकमको ठेक्का व्यवस्था गर्दा निर्माण व्यवसायी के एन्ड के कन्ट्रक्सनले रु ४६०५००८।०० कवोल गरी कार्य सम्पन्न पश्चात निर्माण ब्यावसायीलाइ भुक्तानी भइ बाँकी रहेको रु ३९४९९२ र आन्तरीक स्रोत समेतबाट थप कार्यको रु ४१२३२९ को लागत अनुमानको कार्य निर्माण ब्याबसायी एल एम पि कन्ट्रक्सनबाट सोझै गराइ पालिकाको समपुरक समेत रु ४१०००० भुक्तानी गरेको देखियो। बोलपत्रबाट सम्झौता गरेको निर्माण ब्यावसायीबाट थप २५ प्रतिशत सम्मको परिमाण सम्झौता दरमा र सो भन्दा बढि परिमाण नेगोसेसनबाट कायम दरमा गराउनुपर्नेमा उक्त कार्य अर्को निर्माण ब्यावसायिबाट प्रतिश्प्रधा बेगरको दरमा गराइ बढि ब्ययभार पारेको रु

| कामको बिबरण | ठेक्का परिमाण | ठेक्काको दर | सोझै कार्य परिमाण | सोझै दर | बढि भुक्तानी मु अ कर समेत |
|---|---|---|---|---|---|
| item÷ 1 Clearing and grubbing road land | २००० ब.मि. | १५ | ६८० ब.मि. | ३५ | १५३६८ |
| item ÷ 3 Scarifying the existingroad surface to a depth of 50 mm and disposal | ३६०० ब.मि. | १५ | १०२० ब.मि. | २१ | ६९१५ |
| item÷ 4 compaction of natural sand gravel | ५७७.५ घ.मि. | ११५० | १२२.४० घ.मि. | २६०० | २००५५२ |
| जम्मा | | | | | २२२८३५ |

| | |
|---|---|
| अनियमित भएको | २,२२,८३५ |

१२६ **म्याद थप तथा कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० (१) मा ऐनको दफा ५६ बमोजिमको अबस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाइ खरिद सम्झौताको म्याद सकिनुभन्दा कम्तिमा २१ दिन अगावै निर्धारित अवधिको कार्यसम्पादन जमानत,बिमा र पेश्की सम्बन्धि जमानत तथा संशोधित कार्यतालिका सहित आबश्यक प्रमाण कागजात संलग्न गरी सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिइ अधिकार प्राप्त अधिकारीले म्याद थपको लागि प्राप्त निवेदन उपर जाँचबुझ गरी काबू बाहिरको परिस्थितिको कारणबाट काममा ढिलाई भएको मनासिब कारण देखिएमा बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप सम्बन्धि कारवाही प्रकृया खरिद सम्झौताको अवधि भित्रै टुङ्ग्याउनु पर्ने व्यवस्था छ। ठेक्का नं १३÷२०७९।८० - थपवा वलवान चोक देखि एच गाँउ जोड्ने वाटो कालोपत्रे कार्यको सम्झौता रकम रु १७२३४८२ मा २०८०।०३।१५ भित्र सम्पन्न गर्ने गरी मिति २०७९।११।२८ मा निर्माण ब्याबसायी मान्सि एण्ड पुर्वान्सी कन्ट्रक्सनलाइ कार्यदिश दिएकोमा यस बर्ष गो भौ.४२१ मिति २०८०।३।२१ मा प्रथम विल सम्मको रु ७७७२५६।०० (सम्झौता रकमको ४५.०९ प्रतिशत) को कार्यमुल्याङ्कन गरी भुक्तानी गरेको देखियो । म्याद भित्र कार्य सम्पन्न हुन नसकेकोमा प्रथम पटक निर्माण ब्याबसायिले २०८०।३।१५ मा म्याद थपको निबेदन पेश गरेकोमा सार्वजनिक खरिद नियमावली अनुसार अधिकार प्राप्त अधिकारीबाट नियमानुसार पुर्वनिर्धारित क्षतिपुर्ति असुल गरी म्याद थप तथा कार्यसम्पन्न गर्नुपर्नेमा लेखापरिक्षण अवधि सम्म म्याद थप स्वीकृत नगरी

अधुरो राखेको देखियो । तसर्थ नियमानुसार म्याद सकिएको मितिदेखि सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतका दरले अधिक्तम १० प्रतिशत ले रु १७२३४८ पूर्व निर्धारित क्षतिपूर्ति रकम असुल गरी म्याद थप तथा कार्यसम्पन्न गराउनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७२,३४८ |

१२७ **अनुगमन खर्च** - पालिकाले कुनै पनि भुक्तानी बिद्युतिय प्रणाली मार्फत वा एकाउन्टपेयी चेकबाट भुक्तानी गर्नुपर्ने कानुनी ब्यबस्था भएकोमा लेखापरीक्षणको क्रममा नमुना छनौट गरि परिक्षण गर्दा पालिकाले कामसंग प्रत्यक्ष सम्बन्ध राख्ने व्यक्तिको नाममा सिधै बैंक खातामा भुक्तानी हुनु पर्नेमा सो नगरि एकै व्यक्तिको नाममा भुक्तानी भएको हुदा उक्त अनुगमन गरेको प्रमाण पेश गरी व्यक्तिको नाममा भुक्तानी भएको प्रमाण पेश गर्नुपर्ने रु

| गो भौ नं र मिति | व्यहोरा | भुक्तानी पाउने व्यक्ति | भुक्तानी रकम |
|---|---|---|---|
| ७३५।०८०।।३२३ | अनुगमन खर्च | डोटी नेपाली | २६५००० |
| ७३३।०८०।३।२३ | अनुगमन खर्च | डोटी नेपाली | २८२००० |
| ७३०।०८०।३।२३ | अनुगमन खर्च | डोटी नेपाली | १९१००० |
| ४८१।०८०।२।८ | अनुगमन खर्च | डोटी नेपाली | ४२३२०० |
| ७०७।०८०।३।२१ | पूर्बाधार समितिको बैठक्क | डोटी नेपाली | २०५४५० |
| जम्मा | | | १३६६६५० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,६६,६५० |

१२८ **अनुगमन** (५७७-२०८०-३-५): अर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायीत्व नियमावली २०७७ बमोजिम भुक्तानी दिंदा रित पुगे नपुगेको चेक जाँच गरि भुक्तानी दिने व्यवस्था छ। पालिकाले जिल्ला दररेट र स्वीकृत दर बेगर गाडि प्रयोगको पुष्टी हुने प्रमाण बेगर सवारी भाडामा खर्च लेखेकोमा आगामी दिनमा दररेट स्वीकृत गरी मितव्ययी तवरले खरिद विधि अनुसार भुक्तानी गर्नुपर्दछ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

१२९ **डकुमेन्ट्रि निर्माण** (४९२-२०८०-२-११): स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहले प्रतिफलयुक्त कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै खरिद ऐन २०६३ अनुसार सार्वजनिक निकायले खरिद कार्य गर्दा लागत अनुमान तयार गरी खरिद कार्य गर्नुपर्नु व्यवस्था अनुरुप पालिकाले खर्च गर्नुपर्नेमा बाँकेका प्रथम सहिद बैजनाग थारु नामक डकुमेन्ट्रि तयार गरेको भनी मायारा प्रोडक्सन प्रा ली लाई रु. ४९०००० भुक्तानी दिएकोमा लागत अनुमान तयार नगरि भुक्तानी दिएको कार्यको लागत अनुमान, परामर्सदाताको प्रस्ताव, सम्झौता तथा प्रतिबेदन पेश नभएकोले पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९०,००० |

१३० **व्यक्तिको नाममा भुक्तानी** (५५६-२०८०-२-३२): आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यवस्था छ। पालिकाले कृर्षि शाखा प्रमुख श्री प्रमोद कुमार विश्वकर्मालाई आर्थिक विकास समितिको बैठक भत्ता वापतको रु २४६५० रकम भुत्तानी दिएकोमा लेखापरिक्षण अवधिसम्म पनि बितरण गरेको भर्पाई संलग्न रहेको नदेखिएकोले उक्त रकम अशुल गरी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,६५० |

१३१ **एस डि रिसाईक्लर्स** (६२१-२०८०-३-१०): पालिकाले सरसफाई सम्वन्धि कार्यक्रम संचालन गरेको एस डि रिसाईक्लर्सलाई रु. ६१३३६० भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) सार्वजनिक खरिद ऐन २०६३ को दफा ३१(ख) अनुसार सार्वजनिक निकायले कुनै पनि सेवा परामर्श खरिद गर्दा खरिद गर्नुपर्ने सेवाको प्रकृति, सेवा प्रदान गर्नुपर्ने स्थान, सेवाको कार्यक्षेत्रगत शर्तहरु, सम्पन्न गर्नुपर्न समयावली लगातयका कुराको अध्ययन गरी आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरी सेवा खरिद गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले कुनै पनि अध्ययन नै नगरी साथै उक्त फोहर मैला सम्वन्धि कुनै लागत अनुमान तयार नै नगरी उक्त सेवा प्रदायकले प्रस्ताव गरेको आर्थिक प्रस्तावको आधारमा मासिक ४५१००० प्रति महिनाको दरले २०८०।१।२९ देखि १५ बर्षको लागु हुने गरी सम्झौता गरी रकम भुक्तानी गरेकोमा कति स्थानमा कति परिमाणमा फोहोर उठाएको हो सो को विवरण तयार नगरि भुक्तानी गरेको देखिएकोले खर्च पुष्टी हुने प्रमाण पेश गर्नुपर्ने रु.

ख) आधुनिक रुपमा फोहोरलाई मोहोरमा रुपान्तरण गर्ने अवधारणा विकास भइरहेको अवस्था साथै पालिकाको बजारीकरणको क्षेत्र एकदम सीमित रहेको कारण पालिकालाई बार्षिक ५५ लाख र १५ वर्षको लागि ८ करोड

१२ लाख खर्च हुने कुरा अध्ययन नै नगरी सम्झौता गरेकोमा पालिका यस्तो व्ययभार हुने सम्झौता रद्द गरी पुनः अध्ययन गरी नाफामुलक तवरले फोहोर व्यवस्थापन गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,१३,३६० |

१३२ **न्याय सम्पादन** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार पालिकाको उपप्रमुखको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ । समितिको कार्यमा प्रभावकारिता ल्याउनुपर्ने देखियो ।

| अ.ल्या | यस वर्ष थप | जम्मा | फछ्यौट संख्या | माथिल्लो निकायमा रिफर | मौज्दात |
|---|---|---|---|---|---|
| ६७ | २३६ | ३०३ | १८६ | ० | ११७ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१३३ **कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १६१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित स्थाई, करार र ज्यालादारी गरी १५५ जना पदपूर्ती भएको देखिन्छ। कर्मचारी व्यवस्थापन कार्यलाई दुरुस्त बनाई सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१३४ **क्षेत्रगत बजेटः** पालिकाको कुल बजेट ९१ करोड ८५ लाख ९६ हजार र खर्च ७५ करोड ८३ लाख ७ हजार खर्च भई समग्रमा ८२.५५ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेटको स्थिति निम्नानुसार रहेको छ ।

| क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|
| १ | आर्थिक विकास | ९०३२००००. | ९.८३ |
| २ | सामाजिक विकास | ३६५१०७०००. | ३९.७५ |
| ३ | पूर्वाधार विकास | २८७९३२०८०. | ३१.३४ |

| | | | |
|---|---|---|---|
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २७३३२९२०. | २.९८ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १४७९०४०००. | १६.१ |
| कुल जम्मा | | ९१८५९६०००. | १००. |

उपर्युक्त विवरण अनुसार नगरसभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकासमा ३९.७५ प्रतिशत, पूर्वाधार विकासमा ३१.३४ प्रतिशत, कार्यालय संचालन तथा प्रशासनिकमा १६.१० प्रतिशत, आर्थिक विकास तर्फ ९.८३ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा २.९८ प्रतिशत प्रतिशत मात्र रहेको देखियो । अतः आर्थिक विकास, तथा वित्तिय व्यवस्थापन र सुशासन क्षेत्रमा बजेट विनियोजन गरी सो क्षेत्रमा सुधार गर्नुपर्ने देखियो।

सैद्धान्तिक बेरुजु

१३५ **खर्च प्रगतिः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५(१) मा कार्यक्रम कार्यान्वन गर्ने प्रत्येक कार्यालये अनुसुचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप खर्च गरी आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | खर्च शीर्षक | कुल पूजिगत खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | पुँजिगत | २९८००० | २१८०३ | ६८०८३ | २०८११४ | १०६७२८ |

सैद्धान्तिक बेरुजु

१३६ **योजना र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी

ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । संभव भएसम्म ठूला तथा प्रतिफलयुक्त योजना छनौट गरी संचालन गर्नुपर्दछ ।

| क. सं. | विवरण | योजना संख्या |
|---|---|---|
| १ | १ लाखसम्म | ८ |
| २ | १ लाख देखि ५लाख सम्म | ९६ |
| ३ | ५ लाख देखि २० लाख सम्म | ६१ |
| ५ | २० लाख भन्दा माथीका योजना | ४३ |
| | जम्मा | २०८ |

सैद्धान्तिक बेरुजु

१३७ **आर्थिक सहायता** - पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ । यस वर्ष पालिकाले आर्थिक सहायता शिर्षकमा रु २१ लाख ९४ हजार विनियोजन गरी रु १९ लाख ३ हजार खर्च गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. २ करोड ६५ लाख ८ हजारको ७.१८ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१३८ **खाना तथा विविध खर्च** - खाना तथा विविध खर्चस्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रु ३२ लाख विनियोजन गरी रु. १७ लाख ९२ हजार खर्च लेखेको छ। खाना तथा विविधमा खर्च लेख्दा उक्त खर्चको प्रयोजन खुल्ने गरी गर्नु पर्नेमा अधिकांशमा गरेको देखिएन । पालिकाले आगामी दिनमा यस प्रकारको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३९ **राजस्व अभिलेखः** पालिकाले सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचामा वित्तिय विवरण सम्वन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्वन्धित आय शिर्षक जनाइ कम्प्युटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म ले प फारम नं. २१२ राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र मलेप फा नं २१३ को राजश्व अम्दानी बैंक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी

लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले गर्दा रसिदगत र शीर्षकगत आम्दानी भिडान गर्न सकिएन । अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
| --- |

१४० **आयको अनुमान**

१४०.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १ करोड ९१ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष२०७९।८० मा रु.८९ लाख ७३ हजार प्राप्त गरी प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

| क्र.सं. | राजस्व उपशीर्षक | अनुमानित बजेट | प्राप्त रकम रु. |
| --- | --- | --- | --- |
| १ | ११३१३ एकीकृत सम्पती कर | ६५०००००. | १९७८६७५.९४ |
| २ | ११३१४ भुमिकर/मालपोत | ४५०००००. | ५३१४०९५.१ |
| ३ | ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | २६२०९०००. | २५६२८१८६.३७ |
| ४ | ११३२१ वहाल कर | ५०००००. | १०६५८५९.८८ |
| ५ | ११३२२ वहाल विटौरी कर | ५०००००. | ९८५८१८.३८ |
| ६ | ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | १२८२६७०००. | ६९४२६३१५.९१ |
| ७ | ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ० | २३२५०८१८.७९ |
| ८ | ११४७९ अन्य मनोरञ्जन कर | १०,०००.०० | ० |
| ९ | ११६९१ अन्य कर | २००००००. | १९४०७२६.९६ |
| १० | १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | ० | २२८०६३९.९३ |
| ११ | १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ४५०००००. | ५,०००.०० |
| १२ | १४२२४ परीक्षा शुल्क | ५०००००. | १२८५००. |
| १३ | १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ३००००००. | ५१३७०४६.९२ |

| | | | |
|---|---|---|---|
| १४ | १४२४२ नक्सापास दस्तुर | १४०००००. | ९३४३३७.४ |
| १५ | १४२४३ सिफारिश दस्तुर | ७८७००००. | २२४४३०२. |
| १६ | १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | २५०००००. | १३२१५५०. |
| १७ | १४२६५ अन्य क्षेत्रको आय | ५०००००. | ० |
| १८ | १४३१२ प्रशासनिक दण्ड जरिवाना र जफत | २०,०००.०० | ५०८१५०.४१ |
| १९ | १४५२९ अन्य राजस्व | १२८४००००. | १२७८५६६३. |
| | जम्मा आन्तरिक राजस्व | २०१६१६०००. | १५४९३५६८६.९९ |

पालिकाले १९ वटा विभिन्न शिर्षकमा आय प्राप्त गर्ने लक्ष्य लिएकोमा १७ वटा शिर्षकमा मात्र तोकिए भन्दा न्यून मात्रामा राजश्व संकलन भएको छ भने २ वटा शिर्षकमा राजश्व संकलन भएको देखिएन। पालिकाले आगामी दिनमा बास्तविक रुपमा लागत अनुमान तयार गरी राजश्व संकलन कार्यलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४०.२ **व्यवसाय करः-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष व्यवसाय कर बापत रकम प्राप्त नभएको हुदा पालिकाले क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरी आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीलाई करको दायराभित्र ल्याउनु पर्दछ ।

**मनोरन्जन करः** स्थानीय सरकार संचालन ऐन २०७५को दफा ६४ मा सिनेमा भिडियो हल साँस्कतिक प्रर्दशनहल तथा ऐतिहासिक स्थलको प्रवेश शूल्कमा ५ प्रतिशतका दरले मनोरन्जन कर उठाउन पाउने व्यवस्था रहेको छ । पालिकाले हालसम्म उक्त शिर्षकमा कुनै पनि रकम उठाएको पाइएन। आगामी दिनमा यस कर संकलनमा ध्यान दिनुपर्दछ।

**ईट्टा व्यवसायीः** स्थानीय तहले आफ्नो कार्यक्षेत्रमा रहेका विभिन्न व्यवसायीलाई दर्ता गर्न प्रोत्साहन गरी बार्षिक रुपमा संस्था दर्ता नविकरण गरेरमात्र कार्य गर्ने व्यवस्था गर्नुपर्नेमा पालिका क्षेत्रमा विभिन्न इट्टा व्यवसायीहरु रहेकोमा पालिकामा कुनै पनि इट्टा व्यवसायी दर्ता भएको देखिएन। जनताको जनजीवनमा प्रत्यक्ष असर पार्ने इट्टा व्यवसायीलाई पालिकाले दर्ता गर्न लगाई करको दायरामा ल्याउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४१ **राजस्व दाखिलाः** पालिको बिभिन्न वडाको आम्दानी स्तर एकै प्रकारको नभएकाले प्रत्येक वडाको अवसर र संम्भावित आम्दानीका क्षेत्रको पहिचान गरी वडागत लक्ष्य तोक्ने र सो को अनुगमन गर्ने र लक्ष्य हासिल गर्न प्रोत्साहित गर्ने गरी करको दायरा बढाउन पहल गर्नु पर्दछ ।साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यलय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागिय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ।पालिका वडामा संकलन भएको राजश्व नियमानुसार दाखिला गर्नुपर्नेमा प्रत्येक महिनाको १५ दिन देखि १ महिना पछि संकलित रकमको दाखिला गरेको देखिएको हुदा नियमानुसार समयमै संकलित रकम दाखिला गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४२ **वित्तीय विवरण** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्ने एंव सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्ने व्यवस्था भए बमोजिम आर्थिक कार्य प्रणाली व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४३ **खर्च बिश्लेषण** - पालिकामा यसबर्ष कुल आन्तरिक आयबाट रु. २ करोड ६५ लाख ८ हजार राजस्व बाँडफाँटबाट रु. १२ करोड ९५ लाख ९० हजार र अनुदानबाट रु ५२ करोड ५३ लाख ९३ हजार र अन्य आयबाट रु २ करोड ८४ लाख ४१ हजार समेत रु ७० करोड ९९ लाख ३२ हजार आम्दानी भएकोमा चालु तर्फ रु. ४६ करोड ३ लाख ७० हजार ( ६१ प्रतिशत) र पूँजिगत तर्फ रु २९ करोड ८० लाख ( ३९ प्रतिशत) खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २करोड ६५ लाख ८ हजार (३.५०) प्रतिशत रहेको छ । यसबर्ष प्रशासनिक खर्च वापत रु १९ करोड ४४ लाख ८ हजार खर्च भएको छ जुन आन्तरिक आयको ७ गुणा बढी खर्च हो। पालिकाले चालु खर्चमा मित्वययीता कायम गरि पूँजिगत खर्च बढाउनु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१४४ **करार कर्मचारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखि रु १ करोड ९४ लाख ९ हजार खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ। स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा करार नियुक्ति गरेको छ । पालिकाले विधिपूर्वक स्थाई पदपुर्ति गर्ने तर्फ ध्यान दिनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१४५ **राजस्व परामर्श समितिः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवश्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ। राजश्व परामर्श समितिको बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन । अत नियमानुसार आफ्नो कार्य प्रभावकारी रुपमा पुरा गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१४६ **एकिकृत सम्पति करः** स्थानीय सरकार संचालन ऐन 2074 को दफा अनुसार पालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रुपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । पालिकाले घर जग्गा बहाल कर बापत यस वर्ष कुनै पनि कर संकलन भएको देखिएन। पालिकाले वहाल कर सम्वन्धमा घर सर्वेक्षण (**HOUSEHOLD SURVEY**) गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा सो गरेको पाईएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४७ **स्वीकृत ढाँचा**

१४७.१ स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस नगरपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेता पनि सबै आर्थिक कारोबारलाई समेट्न सकेको देखिएन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

सैद्धान्तिक बेरुजु

१४७.२ प्रस्तुत स्थानीय संचित कोष व्यवस्थापन प्रणालीढाँचाको प्रतिवेदनले यस वर्षको आय रु. ७० करोड ९९ लाख ३३ हजार र गत वर्षको मौज्दात रु. १७ करोड ८८ लाख ८९ हजार समेत जम्मा रु. ८८ करोड ८८ लाख २२ हजार र कुल भुक्तानी रु. ७६ करोड ८९ लाख ९४ हजार देखाई रु. ११ करोड ९८ लाख २८ हजार अन्तिम मौन्दात देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१४७.३ पालिकाले स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA)ले देखाएको आय-व्यय विचको फरक सम्बन्धमा कारण र आधार प्रस्तुत गरी लेखा टिप्पणी सहित खुलासा गरेको छैन ।

सैद्धान्तिक बेरुजु

१४८ **जिम्मेवारी फरक पारेको** - स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार वर्षान्तमा रु. १६ करोड ६३ लाख ७० हजार मौज्दात कायम देखाएकोमा यो बर्षको शुरुमा रु. १७ करोड ८८ लाख ८९ हजार जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. १ करोड २५ लाख १९हजार बढी जिम्मेवारी सरेको देखिन्छ । पालिकाले हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४९ **आन्तरिक नियन्त्रण प्रणाली** - आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• निजामती सेवा ऐन, २०४९को दफा ५क वमोजिम कर्मचारीहरूको कार्य विवरण वनाई लागू गरेको पाईएन ।• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित

कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरे पनि यथासम्भव दाखिला गरेको देखिएन ।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• वडा कार्यालय तथा पालिका अन्तरगत रहेका स्वास्थ्य सांस्था, आयूर्वेद अस्पताल भेटेरिनरी लगायतको शाखामा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइ तथा डोर हाजिरीहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• अधिकांस मर्मतका भुक्तानीहरूमा कार्यालय प्रमुखबाट मर्मत आदेश गराएको पाईएन।

• ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• पालिकाले श्रममूलक तथा वास्तविक अपनत्व हुने आयोजनालाई प्राथमिकता दिएर उपभोक्ता समिति मार्फत गराउनु पर्नेमा जटिल सामाग्रीको आवश्यक पर्ने र जटिल प्रकृतिको संरचनाको निर्माण कार्य गरेको छ।

• भुक्तानी गर्दा सम्बन्धित पार्टीको नाममा भुक्तानी दिनु पर्नेमा सो नगरी कार्यालयको कर्मचारीहरूको नाममा भुक्तानी दिई निजहरू मार्फत भुक्तानी भएको भनि भरपाई पेश भएको।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः योजनामा पालना भएको पाईएन।

• वातावरणको संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१५० **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस त्रैमासिक रुपमा आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५१ **सवारी साधन मर्मत तथा इन्धन** - सवारी साधन मर्मत सावारी सञ्चालन तथा मर्मत कार्यका लागि लगबुक तथा मर्मत अभिलेख कायम गर्नुपर्ने व्यवस्था अनुसार पालिकाले म.ले.प. फारम प्रयोग गरी व्यवस्थापन गर्नुपर्ने सम्वन्धमा निम्न व्यहोरा देखिएका छन् ।

• पालिकाले सवारी साधन मर्मत, ईन्धन खपतको अवस्था जस्त व्यहोरा खुल्नेगरी म.ले.प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राख्नु पर्दछ । पालिकाले यस बर्ष इन्धन कार्यालय प्रयोजन, पदाधिकारी इन्धन तथा अन्य प्रयोजनमा कुल रु ३४ लाख ७१ हजार खर्च लेखेको छ । लेखापरीक्षणको क्रममा परीक्षण गर्दा लगबुक राखेको पाईएन तथा समय क्रम अनुसारको अभिलेख दुरुस्त हुनेगरी अध्यावधिक गरेको पाइएन । सवारी साधनको वास्तविक अवस्था खुल्ने गरी म. ले. प. फाराम ९०५ अध्यावधिक गर्नु पर्दछ ।

• पालिकाले सावारी साधन तथा मेशिनरी मर्मत गर्दा म. ले. प. फाराम ९०६ बमोजिमको मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले सावारी साधन तथा मेशिनरी मर्मतमा यस वर्ष रु. १७ लाख ८६ हजार खर्च गरेको देखिन्छ । सबै किसिमको मर्मतको अवस्था देखिनेगरी मर्मत अभिलेख राखेको छैन। साथै एक लाखभन्दा बढीको मर्मतमा ३ वटा सेवा प्रदायकबाट दर भाउ पत्र माग गरेको छैन । यसवाट यस्ता साधन विस्थापित तथा लिलाम गर्दा साथै वित्तिय विवरणमा वास्तविक मुल्य लेखाङ्कन गर्न समस्या हुने देखिन्छ । यस्तो असर उत्पन्न नहुने गरी सुधार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५२ **भ्रमणकार्य व्यवस्थापन** - भ्रमण खर्च नियमावली, २०६४ मा कर्मचारी भ्रमणको अभिलेख अध्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । यस कार्यको आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरेको छ ।

- भ्रमण खर्च नियमावली, २०६४ मा कार्यालयबाट भ्रमण आदेश लिई भ्रमण गर्ने कर्मचारीका सम्वन्धमा म. ले. प. फारम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि म. ले. प. फारम ९०८ बमोजिम भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष अनुगमन तथा भ्रमण कार्यमा रु. २४ लाख ७० हजार खर्च गरेको देखिन्छ । विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेपनि भ्रमणको यथार्थपरकम अवस्था देखिने गरी भम्रण अभिलेख प्रतिवेदन तयार गरी पेश गरेको देखिएन। पालिकाले भ्रमण अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा औचित्यको आधारमा रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । लेखापरीक्षणको क्रममा दैनिक भ्रमण भत्ताको नमुना छनौट गरि परिक्षण गर्दा पालिकाले कर्मचारीहरुलाई दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा अवस्यकता तथा औचित्यको आधारमा भुक्तानी दिनु पर्नेमा औचित्य पुष्टि हुनेगरि दैनिक भ्रमण भत्ता भुक्तानी गरेको देखिएन। पालिकाले यस तर्फ सुधार गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१५३ **कानुन निर्माण तथा कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १४ ऐन,२ नियमावली, २६कार्यविधि ६ अन्य कानुन समेत ४८ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

सैद्धान्तिक बेरुजु

१५४ **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७३(३) मा आर्थिक वर्षको अन्त्य सम्ममा पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था रहेकोमा देहाय अनुसार म्याद नाघेको पेश्की रु.२ लाख फछ्यौट गर्न बाँकी रहेको छ । नियमानुसार समयमै पेश्की फर्छयौट गर्नुपर्ने म्याद नाघेको पेश्की फर्छयौट नभएको रु.

| सि न | पेश्कीको विवरण | | म्याद नाघेको | फछ्यौंटको अन्तिम म्याद | म्याद ननाघेको |
|---|---|---|---|---|---|
| ३ | विभिन्न प्रकारका महामारीबाट तत्काल राहत औषधी आर्थिक सहयाेग लगायतका अन्य कार्यक्रम तय गरि संचालन गर्ने | प्रमोद कुमार विश्वकर्मा | ६,५००.०० | ०२/१७/२०८० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | विपद व्यवस्थापन अन्तर्गत सबै किसिमका राहत कार्यक्रम | प्रमोद कुमार विश्वकर्मा | ९२००००. | ०२/१७/२०८० | ० |
| ५ | सिकेलसेल रोगको नियन्त्रण तथा निदान सम्बन्धि कार्यक्रम संचालन | लक्ष्मण राज शाही | ० | ०४/०५/२०८० | १०००००. |
| ७ | किसान सूचीकरण कार्यक्रम | प्रमोद कुमार विश्वकर्मा | ० | ०४/२७/२०८० | २५५०००. |
| २ | केन्द्रबाट छनौट भएका नमुना विद्यालयविशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान | एन.एन.कन्ष्ट्रक्सन | १००००००. | ०२/११/२०८० | ० |
| ३ | वडा नं ७ को प्रशासनिक भवन निर्माण - बहुबर्षे | बि.एल.एन. कन्स्ट्रक्सन प्रा. लि. | १८५००००. | ०३/२८/२०८० | ० |
| ५ | बिउ भण्डार गृह निर्माण | साथी सिड कम्पनी प्रा.लि. | ६०००००. | १०/२५/२०७९ | ० |
| ६ | पालिकामा three phase को प्रशारण लाइन बिस्तार | नेपाल विद्युत प्राधिकरण | १८०००००. | १०/२६/२०७९ | ० |
| ७ | पालिका भित्रका बिभिन्न स्थानका अत्याबश्यक ठाउँमा मर्मत संभार तथा निर्माण सम्बन्धि कार्यक्रम संचालन गर्ने | नेपाल विद्युत प्राधिकरण | ४२३८९३. | १०/२६/२०७९ | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | पालिका भित्र आबश्यकता अनुसार कार्यक्रम तय गरि लागु गर्ने | नेपाल विद्युत प्राधिकरण | ३८७८२८. | ०३/०८/२०८० | ० |
| ९ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | प्रभात माध्यमिक विद्यालय | ० | ०४/२१/२०८० | २६०००००. |
| १० | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | प्रभात माध्यमिक विद्यालय | ० | ०४/२१/२०८० | १९०००००. |
| ११ | नमूना विद्यालय विकास कार्यक्रम | प्रभात माध्यमिक विद्यालय | ० | ०४/२४/२०८० | १६५००००. |
| १२ | केन्द्रबाट छनौट भएका नमुना विद्यालयविशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान | प्रभात माध्यमिक विद्यालय | ० | ०४/२४/२०८० | १७७५६८३. |
| १३ | केन्द्रबाट छनौट भएका नमुना विद्यालयविशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान | प्रभात माध्यमिक विद्यालय | ० | ०४/२४/२०८० | ६०००००. |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | केन्द्रबाट छनौट भएका नमुना विद्यालयविशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान | प्रभात माध्यमिक विद्यालय | ० | ०४/२४/२०८० | ३०००००. |
| १५ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ४ कोठे पक्की भवन सूर्योदय मा बि चिसापानी | श्री सूर्योदय मा. बि. बैजनाथ गा. पा. - १ बाँके | ० | ०४/२८/२०८० | ३१५४२३. |
| १ | नया कल्भर्ट देखी पुर्व जाने बाटो ग्राभेल ( मान बहादुर थारुको घर सम्म ) | बाटो निर्माण उपभोक्ता समिति | १०००००. | १२/०१/२०७९ | ० |
| कुल जम्मा | | | ७०८८२२१. | | ९४४६१०६. |
| | | | | पेश्की | ७०,८८,२२१ |

१५५ **राजस्व असुली** - बैजनाथ गाँउपालिकाको आर्थिक ऐन २०७९ को अनुसुचि १० अनुसार ढुङ्गा गिट्टी बालुवा माटो दहत्तर वहत्तर जस्ता सामाग्री चोरी निकासी गरे बापत जरिवाना बापत प्रति ट्याक्टर रु. ५००० का दरले जरिवाना गर्नुपर्ने व्यवस्था रहेकोमा गा पा अध्यक्षको तोक आदेशमा निम्नानुसार मिति मा ९ वटा ट्याक्टर र १ जे सि वि बाट जरिवाना बातप रु. ८५००० संकलन हुनुपर्नेमा तोक आदेश अनुसारले २४००० मात्र संकलन भई तोक आदेश बमोजिम छुट भएको रु ६१००० को व्याज सहित दाखिला गर्नुपर्ने रु

| मिति | सवारी साधन नं | संकलन गर्नुपर्ने राजस्व | तोक आदेशबाट उठेको रकम | बाँकी राजस्व |
|---|---|---|---|---|
| २०८०।२।१ | ६८२१ | ५००० | २००० | ३००० |
| २०८०।२।४ | ६३७६ | ५००० | २००० | ३००० |
| २०८०।३।२१ | ६३७६ | ५००० | २००० | ३००० |
| २०८०।३।१ | ६२२१ | ५००० | १५०० | ३५०० |

| | | | | |
|---|---|---|---|---|
| २०७९।१२।१४ | ११८९ र ३३६४ | १०००० | २००० | ८००० |
| २०७९।१२।८ | २९४९(टिपर) | २०००० | १००० | १९००० |
| २०७९।१२।९ | ६६२५ | ५००० | १५०० | ३५०० |
| २०७९।११।२१ | ५९० | ५००० | १००० | ४००० |
| २०७९।११।१९ | ५८९ | ५००० | १००० | ४००० |
| २०७९।११।१६ | जे सि वि | २०००० | १०००० | १०००० |
| जम्मा | | | | ६१००० |
| | | | | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६७,१०० |

१५६ **बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ । योजना छनौट एवं सञ्चालन गर्दा संघीय सरकार, प्रदेश सरकार अन्तर्गतका निकायबाट सञ्चालित योजना र पालिकाबाट सञ्चालित योजनाबीच दोहोरोपना हुन नदिन आवश्यक समन्वय सहयोगको प्रणाली स्थापित गरी कार्य गर्नुपर्नेमा सो भए गरेको देखिएन । यस वर्ष नगरसभाबाट स्वीकृत भई बजेट विनियोजन भएका कतिपय योजनामा प्रदेश तथा केन्द्रीय वजेटवाट र कतिपय कार्यक्रममा पालिकावाट समेत थप बजेट छुट्याएको देखिएबाट योजनामा बजेट दोहोरो परेको अवस्था छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहोरो रुपमा सञ्चालन नगरी बजेट एकै ठाउँबाट सञ्चालन गर्ने व्यवस्थाको लागि विगतको समेत अभिलेख अद्यावधिक हुन जरुरी देखिएको छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान: बैजनाथ गाउँपालिका, बाँके , बैजनाथ गाउँपालिका , बाँके

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | धर्मराज न्यौपाने | २०८०-१-१ | २०८०-६-१५ |
| कार्यालय प्रमुख | धर्मराज न्यौपाने | २०७९-१२-३० | २०८०-६-१५ |
| कार्यालय प्रमुख | राजेश कुमार यादव | २०८०-९-१९ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | गंगाराम सापकोटा | २०७९-५-२४ | २०७९-११-१५ |
| लेखा प्रमुख | पुर्ण प्रसाद जैसी | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५,२२३,१६७ | ६०,९९५,४७७ | २८,०४४,६९६ | ० | ० | ७,०८८,२२१ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १०१,३५१,५६१ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | २४,६६९ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १०१,३२६,८९२ |

## आर्थिक कारोबारको स्थिति

**अनुसूची - १**

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १७८८८९२०९.१३ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४८६६६०९०३.७८ | **चालु खर्च** | ४६०३६९७४६.६१ |
| **प्रदेश सरकारबाट अनुदान** | ३८७३२३०५ | **पूँजीगत खर्च** | २९८०००५२४ |
| **राजश्व बाँडफाँट** | १२९५९०४९७.३३ | **वित्तीय/अन्य व्यवस्था** | २५९४४८४१०.५ |
| **आन्तरिक आय** | २६५०८१८९.६६ | | |
| **अन्य आय** | २७७२६५९१८.५८ | | |
| **कुल आय** | ९५८७५७८१४.३५ | **कुल खर्च** | १०१७८१८६८१.११ |
| **बाँकी मौज्दात** | | ११९८२८३४२.३७ | |